# बुद्धको जीवनोपयोगी शिक्षाहरु - एक विवेचना



मूल लेखक:
क्षु अश्वघोष महास्थविर
अग्गमहासद्धम्म जोतिकधज

सम्पादन:
बासुदेव देशार 'कोविद'

Downloaded from http://dhamma.digital

# बुद्धको जीवनोपयोगी शिक्षाहरु
## एक विवेचना



मूल लेखक
**भिक्षु अश्वघोष महास्थविर**
"अग्गमहासद्धम्म जोतिकधज"
ध्यानकुटी विहार, बनेपा

Dhamma.Digital

सम्पादन
**बासुदेव देशार 'कोविद'**

प्रकाशक
दुर्गादास रंजित
टेकु, मचली, काठमाडौं
फोनः २५२३४४

Downloaded from http://dhamma.digital

प्रकाशक:

**दुर्गादास रंजित**

टेकु, मचली, काठमाडौं

फोन: २५२३४४

| | | |
|---|---|---|
| बुद्ध सम्वत | : | २५४६ |
| नेपाल सम्वत | : | ११२३ |
| ईस्वी सम्वत | : | २००२ |
| विक्रम सम्वत | : | २०५२ |

Dhamma.Digital

**प्रथम संस्करण: २००० प्रति**

मुद्रक:

**युनिभर्सल प्रिन्ट कन्सर्न,**

छत्रपाटी, काठमाडौं

फोन: २५४६८१

Downloaded from http://dhamma.digital

# मेरो केही विचार



चापागाउँमा एक नवोदित युवा बौद्ध बासुदेव देशारले पहिले-पहिले मैले लेखिराखेका सत्रवटा पुस्तकहरु पढ्नु भयो र उहाँलाई रुची लागेका लेखहरु संकलन गर्नुभएको रहेछ । उहाँको विचार अनुसार पस्तुत लेखहरु ज्ञानवर्द्धक र चेतना जागृत हुने खालका छन् । उहाँलाई रुची लागेका लेखहरु मलाई पनि मन परेको छ । लेखहरु संकलन गरेर पुस्तकको रुपमा फेरी छापेर प्रचार गर्ने उहाँको विचार प्रेरणादायक छ, सराहनीय छ भन्नुपर्दा अत्युक्ति हुँदैन होला । लेखहरु सम्पादन गर्नुभएकोमा बासुदेव देशारलाई धेरै धन्यवाद दिन चाहन्छु ।

साथै सो पुस्तकको प्रकाशन गर्ने महत्वपूर्ण अभिभारा बहन गर्नुहुने श्री दुर्गादास रंजित अर्को धन्यवादका पात्र हुनुहुन्छ, जुन कार्यबिना पुस्तक प्रकाशन हुने थिएन । म उहाँको र परिवारको सु-स्वास्थ्य र दिर्घायुको कामना पनि गर्न चाहन्छु ।

**भिक्षु अश्वघोष महास्थविर**
ध्यानकुटी विहार, बनेपा
२०५९/८/२९



Downloaded from http://dhamma.digital

# मन्तव्य



अग्ग महासद्धम्म जोतिकधज पूज्य अश्वघोष महास्थविर भन्तेले लेख्नु भएको विभिन्न १७ वटा पुस्तकहरुबाट घतलाग्दा र समाजमा चेतना मूलक रचनाहरु संकलन गरी पुन : पुस्तकको रुपमा हाम्रो सामु राखी दिनुभयो श्री वासुदेव देसारज्यूले । उक्त रचनाहरु निःसन्देह रोचक र प्रेरणायुक्त छन् । नेपाल बौद्ध परियत्ति शिक्षाको कोविद तह सम्म पनि अध्ययन गरेर वर्माको इन्टरनेशनल थेरवाद यूनिभर्सिटिमा समेट डिप्लोमा गर्नु भएका श्री देसारज्यूले आफुले जाने सुनेका कुरा आफुमा मात्र सीमीत नराखी समाज सामु दर्शाउनु भयो । उहाँको यस कार्यलाई समाज सेवा नै मान्नु पर्छ । उहाँको समाज सेवा तब पूर्ण हुन्छ जव यस पुस्तक समाजमा रहेका व्यक्तिहरुले अध्ययन गर्छ र मनन गर्छ । त्यस पश्चात व्यवहारमा प्रयोग गर्छ । जस्ले प्रयोग गर्छ स्वतः फल पाउनु हुनेछ साथै श्री देसार पनि सफल हुनु हुनेछ यही आशा राखी श्री देशारज्यूले अझ पनि धेरै धेरै पुस्तकहरु हाम्रा सामु राख्दै जान सकोस् भनी शुभेच्छा प्रकट गर्दछु ! साथै लेखकको प्रयासलाई साकार रुप दिन पुस्तक प्रकाशन जस्तो महत्वपुर्ण अभिभारा बहन गरीदिनुहुने श्री दुर्गादास रंजितज्यूलाई धन्यवाद दिन चाहन्छु ।

*अ. आणवती*
संस्थापिका
भास्सरा मा. विद्यालय
पुर्ण चण्डी गाः बहाल
२०५९ मंसिर २९ गते



Downloaded from http://dhamma.digital

# हार्दिक कामना



पूज्य अश्वघोष भन्तेद्वारा लेख्नु भएको लेखहरुलाई श्री बासुदेव देशारले संकलन गर्नुभएको रहेछ। प्रश्तुत लेखहरु अध्ययन गर्दा हाम्रो दैनिक जीवनमा बुद्धले दिनु भएको शिक्षा कतिसम्मको महत्वपुर्ण छ भन्ने कुरा प्रष्ट हुन्छ।

यसरी लेखहरु संकलन गर्नु भई एउटै पुस्तकको रुपमा प्रकाशन गर्नु भएकोले पाठकवर्गहरुलाई पनि अध्ययन गर्न सजिलो हुनुको साथै बुद्धको शिक्षा प्रचार हुनुमा पनि धेरै मद्दत पुगेको छ। वासुदेव देसारज्यूले संकलन गर्नु भई एउटै पुस्तकको रुपमा आकार दिन खोज्नु भएकोमा उहाँलाई हार्दिक शुभकामना तथा साधुवाद र यस पुस्तकको सम्पुर्ण आर्थिक भार व्यहोरी लेखकको हौसला बढाई दिनु भएकोमा प्रकाशक श्री दुर्गादास रंजितज्यूलाइ हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु। साथै भविष्यमा पनि श्री देशारज्यूले यसरी नै प्रगति गर्न सकोस् र श्री दुर्गादास रंजितज्यूले अझ बढी पुस्तक प्रकाशन गर्न सकोस् भनी कामना गर्दछु।

**धम्मवती कुसुम गुरुमाँ**
**धर्मकीर्ति बसुन्धरा बिहार, महाराजगञ्ज**
**२०५९-८-३०**



Downloaded from http://dhamma.digital

# शुभकामना



अखिल नेपाल भिक्षु महासंघका धर्मानुशासक श्रद्धेय अग्गमहासद्धम्मजोतिकधज भदन्त अश्वघोष महास्थविरज्यू बुद्ध धर्म र दर्शनमा उपलब्ध गहन शिक्षा तथा उपदेशहरुलाई दैनिक संसारका व्यवहारिक जीवन र समाजबाट घतलाग्दा उपमाहरु र उदाहरणहरु दिई सर्वसाधारण जनताको हृदय स्पर्श हुने किसिमका प्रसंगहरुलाई शसक्त रुपमा प्रस्तुत गर्दै सबैले बुझ्ने छोटो, मिठो आकर्षक शैलीमा बौद्ध रचनाहरु लेख्ने विधामा सिद्धहस्त हुनुहुन्छ भन्ने तथ्यमा कसैको पनि दुई मत हुने छैन । नेपाल भाषा र नेपाली भाषाको बौद्ध वाङमयमा उहाँ भन्तेको आफ्नै किसिमको अलग्ग र अद्वितिय स्थान रहिआएको कुरा सबैलाई विदीत भएकै कुरा हो । भदन्त अश्वघोष महास्थविरज्यूद्धारा विभिन्न समयमा लेख्नु भएका १७ वटा विभिन्न पुस्तकहरुलाई अध्ययन गरी आफूलाई घत लाग्दा र रुचिकर लागेका १७ वटा भिन्न भिन्न रचनाहरुलाई संकलन गरी ललितपुर चापागाउँ निवासी सद्धर्म प्रेमी उत्साही युवा बौद्ध उपासक श्री वासुदेव देशारज्यूले यो संगालोलाई तयार गर्नु भएको छ । बुद्ध धर्मको महान भण्डारको रुपमा रहेको म्यानमार देशमा गई श्री देशारज्यूले आफैले पनि भिक्षु जीवन व्यतीत गर्नु भई बुद्धधर्मको शिक्षामा डिप्लोमाको उपाधि हासिल गर्नु भएको रहेछ। बुद्ध धर्मको परियति शिक्षाको प्रचार प्रसारको माध्यमबाट आम जन जीवनमा सुख शान्तिको ज्योति फिजाउन सकिने अपेक्षामा उहाँ परियति शिक्षाको विकास र विस्तारमा आफ्नै किसिमले दत्तचित भई लाग्नु भएको देखिन्छ ।



Downloaded from http://dhamma.digital

विभिन्न बौद्ध रचनाहरुको संगालोलाई एउटा अलग्ग मै पुस्तकाकार दिने प्रयासमा लाग्नु भएका यस पुस्तकका सम्पादकज्यूको मन मस्तिककमा मानव जीवनोपयोगी शुद्ध बुद्ध धर्मका सरल र सरस शिक्षाको सार, अर्थ र मर्मलाई बहुजन हिताय र बहुजन सुखायको बुद्धोपदेशित मार्ग अनुरुप सर्वसाधारण जनता सम्म सशक्त रुपमा पुऱ्याउने सदाकाक्षां प्रवल रुपमा जाग्रत रहेको छ भन्ने तथ्यलाई यस पुस्तकको स्वरुपबाट प्रष्ट्याइ रहेको देखिन्छ। सम्पादकज्यूको यो प्रयास यसै अर्थमा सह्रानिय छ, प्रशंनीय छ । प्रस्तुत पुस्तकका सम्पादक श्री वासुदेव देशारज्यू "परियति ज्योति" नामक त्रैमासिक पत्रिका र "ज्योति उदय" नामक बार्षिक पत्रिकाका पनि सम्पादक हुनुहुंदोरहेछ । बुद्ध भूमि नेपालमा ग्रामीण क्षेत्रसम्ममा पनि सद्धर्मको प्रचार प्रसार गर्ने सेवा कार्यमा उहाँले देखाउनु भएको उत्साह र लगनशीलता निश्चय पनि अनुकरणीय मान्नु पर्छ ।

सद्धर्म प्रेमी श्रदालु बौद्ध उपासक श्री देशारज्यूको आग्रहमा यस पुस्तकको लागि शुभ-मंगल कामनाका दुई शब्दहरु व्यक्त गर्न पाउँदा मलाई पनि हर्ष र सन्तोष लागेको छ । मानव जीवनमा अनन्त हित सुख कल्याण र परम सुख शान्तिको लागि सद्धर्म सेवाको उहाँको उत्साहपुर्ण प्रयासको उत्तरोत्तर सफलताका लागि म हार्दिक शुभकामना व्यक्त गर्दछु ।

चिरं तिट्ठतु बुद्ध शासना !

शुभेच्छुक

**आर. बि. बन्ध**

प्युखा टोल वडा नं. २४

काठमाण्डौं ।

मिति :– २०५९ मंसिर २९ गते आइतवार ।



Downloaded from http://dhamma.digital

# मेरो कामना



श्रद्धेय भिक्षु अवघोष महास्थविरज्यू बुद्ध धर्मको ज्ञान हासिल गर्ने क्षेत्रमा मेरो मार्ग दर्शक हुनुहुन्छ । उहाँबाट मैले नयाँ दृष्टिकोण, नयाँ धारणाको साथै विश्लेषणात्मक रुपमा बुद्ध धर्मको अध्ययन गर्ने आँखा पाएको छु । स्वतन्त्र रुपमा चिन्तन गरी बुद्ध धर्म अध्ययन गर्ने प्रेरणा पाएको छु । बुद्धको प्रयोगात्मक शिक्षा बारेमा नेपाल भाषामा लेखिएको जिवनको पहिलो लेख उहाँद्वारा सम्पादित नेपाली बौद्ध परिषद बुलेटिनमा छापिएको थियो । आज उहाँद्वारा नै लिखित विभिन्न नेपाली भाषाका पुस्तक-पुस्तीकाहरु अध्ययन गरी त्यस मध्येबाट १७ वटा लेखहरु संकलन गरी सम्पादन गरीएको यस पुस्तकमा दुईशब्द लेख्न पाउनु मेरो लागी अहोभाग्यको कुरा हो । भिक्षु अश्वघोषका लेखहरु भाषा सरल हुन्छन्, नयाँ दृष्टिकोण र नयाँ व्याख्या समेटिएका हुन्छन्, समाजलाई नयाँ मार्ग दिने खालका हुन्छन् । यस पुस्तकमा संग्रहित लेखहरु पनि यहि चरित्रका छन् । एउटै बसाईमा पढ्न सकिने छोटो साईजका यी लेखहरुमा विचार, व्याख्या र बुद्ध कालीन घटना, कथाका उदाहरणहरुको संयोजन मिलाईएको प्रशंसनीय छ । यो पुस्तक उपत्यका बाहिरका नेवार भाषा नबुझ्ने युवा पाठकहरुको लागि बढी उपयोगी हुने देखेको छु ।



Downloaded from http://dhamma.digital

"बुद्ध धर्म र उहाँको धर्म" पुस्तकका लेखक तथा "ज्योति-उदय" पत्रिकाका सम्पादक भाई श्री वासुदेव देशारको यो प्रयास सराहनीय छ। श्री वासुदेव देशार परियत्ति शिक्षाबाट हुर्केको,म्यानमारको बौद्ध शिक्षाबाट दीक्षीत, लगनशील, अध्ययन शील र लेखन कार्यमा रुची भएको युवा व्यक्तित्व हुनुहुन्छ । वहाँको प्रतिभालाई फलाउन समाजसेवी श्री दुर्गादास रंजितज्यूले प्रकाशनको अभिभारा लिई प्रेरित गर्नु भएकोमा म अति हर्षित छु ।श्री वासुदेव देसारज्यूले संख्यामा भन्दा गुणस्तरीय पुस्तक प्रकाशनमा अझ बढी योगदान दिदै जान सकोस्, यस्ता कुशल कार्यमा निरन्तरता दिइरहन सकोस यही मेरो हार्दीक कामना । अस्तु !

*भवतु सब्ब मंगलं !*

**शाक्य सुटेम**
**निर्देशक**
**सर्वोदय ज्योति अभियान**
**हखा: ललितपुर**
**२०५९ मंसिर २९**



Downloaded from http://dhamma.digital

# शुभकामना



यस थापागाउँ गा. वि. स. वडा नं. ३ निवासी बौद्ध धर्मका अनुयायी श्री वासुदेव देशार ज्यूले अ. ने. भि. महासंघका धर्मानुशासक श्रद्धेय भन्ते अश्वघोष महास्थविरबाट लिखित विभिन्न बौद्ध दर्शनका पुस्तकहरुको गहन अध्ययन गरी ती पुस्तकबाट बौद्ध धर्म प्रचार प्रसार गर्न अति सान्दर्भिक लेखहरुको संगालोको रुपमा पुस्तक तयार गर्नु भएकोमा म अति खुशी छु।

श्री बासुदेव देशारले ज्योतिदय संघ ज्योतिविहारबाट प्रकाशन हुँदै आएको "ज्योति उदय" बार्षिक पत्रिका तथा "परियति ज्योति" पत्रिकाको सम्पादक भइ पत्रिका प्रकाशनमा आफ्नो महत्वपुर्ण भूमिका समेटी आउनु भएको छ।

आजको विश्वमा बढ्दै गएको हिंसा, हत्या, तथा अनैतिक कार्यको केही हदसम्म भएपनि कम गर्नको लागि यस पुस्तकले सहयोग गर्ने विश्वास गर्दै श्री बासुदेव देशारबाट बौद्ध धर्म सम्बन्धि लेख, रचना तथा पुस्तकहरु प्रकाशन गर्दै जान सकोस् भनि शुभकामना व्यक्त गर्दछु। साथै लेखकको यस दोस्रो प्रयासलाई पनि समाजसेवी श्री दुर्गादास रंजितज्यूले प्रकाशन गरिदिनु भएकोमा म उहाँलाई धेरै धन्यवाद दिन चाहन्छु।

दिल देशार
प्राविधिक अधिकृत
संसद सचिवालय
२०५९–८–२८



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

आज विश्व अशान्तले ग्रस्त छ। प्रायः सबै देशमा हत्या, हिंसा, लुटमार, चोरी, डकैती, व्यभिचार, भ्रष्टाचार, घूसखोरी आदि अनेकन रोगहरु महामारीको रुपमा व्याप्त छ। यस्तो जटिल र असहज परिस्थितिमा साधारण र मध्यमवर्गिय परिवारका मानिसहरु मुश्कीलले आफ्नो जीवन यापन गरिरहेका छन् भने अर्कातिर हिजोसम्म एकछाक खान नपाएका सीमित व्यक्तिहरु आज तिनै गरिब जनताहरुले पसिना चुहाई कमाएको धन-सम्पत्ति माथि रजाईं गरिरहेका छन् र अनेकन दुःख दिई भ्रष्टाचार गरी युरोपीयन शैलीको जीवन यापन गरिरहेका छन्।

यी सब दृष्टान्तको ज्वलन्त उदाहरणहरु हाम्रो देशमा हाल विद्यमान छन्। शायद, सब पीडित नेपालीहरुले यसको अनुभव गरेकै हुनुपर्छ। आज सब नेपालीहरु शान्तिको आशामा छन्, शान्तिको लागि नारा र जुलुसहरु गर्दैछन। यो साह्रै विडम्बनाको कुरा हो, हामी नेपालीहरुको लागि। विश्वका शान्तिका अग्रदूत गौतम बुद्धको पावन जन्मभूमिमा आज ती निर्दोष नेपालीहरु सडकमा भुस्याहा कुकुर सरह बेवारिस अवस्थामा मरिरहेका छन्। एक अर्का माथि नेपालीहरुकै ज्यान लिइरहेका छन। यो मार्ने अनि मारिने क्रम कहिलेसम्म जारीरहने हो र यसको अन्त कहिले हुने हो त्यसको निर्क्यौल भइसकेको छैन। जसले गर्दा अहिंसाका प्रवर्तक बुद्धको आँखा



Downloaded from http://dhamma.digital

रमाइरहेका छन् । मलाई लाग्छ, यो सब हुनुको कारण यो देशमा ठूल्ठूला नेता कहलाएकाहरुले बुद्ध र बुद्धका शान्तिका सन्देशहरुलाई नचिन्नुले हो र चिन्ने सामर्थ्य नहुनाले हो । शायद ! ती देश चलाउने नेताहरुले यदि केही मात्रामा भए पनि बुद्धका उपदेशहरुलाई ठम्याइ खाली भाषण छाँड्नेमा मात्र सीमित नभई स्वयं आफूले व्यवहारमा प्रयोग गरेको भए आजको विद्यमान परिस्थिति आउने थिएन होला । म आशा गर्दछु, अब छिट्टै हाम्रो देशमा शान्तिको पुर्नबहालि हुनेछ र सबै नेपालीले शान्तिपूर्वक जीवन यापन गर्न सकिने छ । साथै यस पुस्तक आम नेपालीमा शान्तिको प्रचार गर्न मद्दत मिल्नेछ भन्ने विश्वास लिएको छु ।

प्रकाशक

दुर्गा रञ्जित

टेकु, मचली, काठमाडौं

२९ मंसिर २०५९

फोन नं. : २५२३४४

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# मेरो भनाई



मलाई संझना छ, म गत २०५८ बैशाख ५ गते मैले दुई बर्ष अगाडी लेखेको 'बुद्ध र उहाँको धर्म' पुस्तकका प्रकाशक भई दिई मलाई हौसला प्रदान गर्नुहुने समाजसेवी, धार्मिक चिन्तक, निस्वार्थी एवं त्यागी राजनैतिक कार्यकर्ता श्री दुर्गादास रंजितज्यूलाई भेट्न गएको थिएँ । सो अवसरमा उहाँले श्रद्धेय पूज्य भन्ते अश्वघोष महास्थविरज्यूबाट नेपाली भाषामा लिखित पुस्तकहरुको सारा नेपालीले बुझ्न सकिने सरल र सरस भाषामा भएकोले ती पुस्तकहरुको राम्ररी अध्ययन गरी त्यसबाट राम्रा र ज्ञानबर्द्धक लेखहरु संकलन गरेर एउटा छुट्टै पुस्तकाकारको रुप दिन सके अझ राम्रो हुन्छ र त्यसको प्रकाशक वहाँ आफै हुन इच्छुक भएको कुरा गर्नु भएकोले मैले यसको लागि म प्रयास गर्दछु भन्दा उहाँले सहर्ष स्वीकार्नु भयो । साथै यस कार्यको लागि म श्रद्धेय पूज्य भन्ते अश्वघोष कहाँ गएर प्रार्थना गर्दा उहाँले पनि सहर्ष अनुमति दिनुभयो ।

प्रायः धेरै बौद्ध कार्यक्रमहरुमा, समारोहहरुमा उपासक-उपासिकाहरुको बिचमा छलफल हुँदा र साथीहरु बिचमा कुरा हुँदा एउटै स्वर गुञ्जिने गर्छ कि श्रद्धेय भन्ते अश्वघोष महास्थविरज्यूबाट लिखित संपूर्ण पूस्तकहरु अत्यन्त समसामयीक, व्यावहारीक, अनेकौं उदाहरण र उपमायुक्त अनि जीवनोपयोगी छन् । बुझ्न सरल छ, साधारण र सबैले झट्ट बुझीने पाराले लेखिएका हुन्छन् । केवल बौद्ध समुदायमा मात्र होइन कि अन्य सम्प्रदाय विशेषका मानिसहरुबाट पनि यस्तै प्रतिक्रियाहरु सुन्नमा पाइन्छ । शायद ! उहाँका पुस्तकहरुको अध्ययन गर्ने, विभिन्न पत्र-पत्रिका मार्फत् उहाँका लेख, रचनाहरु अध्ययन गर्ने सबै पाठकहरुले यस्तो अनुभव गरेकै हुनुपर्छ ।

यीनै कुराहरुलाई हृदयङ्गम गरिदिनु हुने प्रकाशक श्री दुर्गादास रंजीतज्यूको सदइच्छा एवं आकांक्षा अनुरुप मैले यो सातौ



Downloaded from http://dhamma.digital

प्रयास गरेको छु। आशा छ, यस पुस्तकको माध्यमबाट बुद्ध धर्म र बुद्धका शिक्षाहरुको बारेमा अभिरुची राख्नुहुने पाठकहरुको जीवन व्यवहारमा सहयोग गर्नेछ।

यस पुस्तक सम्पादन गर्नमा सहर्ष अनुमति दिनुभई, आफ्नो अमूल्य समय दिई 'मेरो केही विचार' लेखी दिनु भएकोमा श्रद्धेय पूज्य भन्ते अश्वघोष महास्थविरज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। त्यस्तै आफ्नो अमूल्य समय निकाली 'मन्तव्य' लेखीदिनु हुने श्रद्धेय गुरुमा ञाणवत्ती, 'हार्दिक कामना' लेखिदिनु हुने श्रद्धेय गुरुमाँ कुसुम, 'शुभकामना' लेखिदिनुहुने बौद्ध बिद्वान श्री आर .बि. बन्ध, 'मेरो कामना' लेखिदिनु हुने शाक्य सुरेन सर, 'शुभकामना'लेखिदिनुहुने दिल देशारलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

त्यस्तै मेरो यो दोस्रो प्रयासको लागि यस पुस्तकको रुपरेखा तयार गर्ने कार्य र प्रकाशन जस्तो गहन एवं कठीन जिम्मेवारी बहन गरिदिनुहुने काठमाडौं, टेकुका आदरणीय श्री दुर्गादास रंजीतज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु र म उहाँ र उहाँको परिवारको सु-स्वास्थ्य र दिर्घायुको लागि कामना गर्न चाहन्छु। साथै आगामी दिनमा पनि यस्तै प्रकारको सहयोगको अपेक्षा पनि राख्दछु।

अन्तमा, यस पुस्तकको सम्पूर्ण रुपमा कम्प्यूटर डिजाइन गरिदिनु भएकोमा **द यल डेस्कटप**, लगनखेललाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै यस पुस्तकलाई आकर्षक र सुन्दर स्वरुपमा प्रकाशित गरिदिनु भएकोमा **युनिभर्सल प्रिन्टिङ कन्सर्न**, क्षेत्रपातिका श्री राजेश मानन्धरलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

**बासुदेव देशार**
चापागाउँ-३, ललितपुर, काठमाडौं, नेपाल
फोन नं. ५७०९९२, ५७१३७५
E-mail: bashu_dev@yahoo.com.au
२०५९/९/१



Downloaded from http://dhamma.digital

१. धर्म भनेको के हो ? — १
२. ब्रम्हा को हो चिनौं — ५
३. किताब पढेर मात्रै विद्वान भइन्न — ८
४. रोग हुन र निको हुनुमा मन नै मुख्य हो — १२
५. नारीको यो पक्षतिर पनि ध्यान दिने कि ? — १७
६. प्रजातन्त्रसँग अर्थको घनिष्ट सम्बन्ध छ — २२
७. मार्ग प्रदर्शक-बुद्ध — २७
८. कुरो नातानादको होइन योग्यता र विश्वासको हो — ३४
९. मैत्री-मित्रता — ३८
१०. बुद्ध-शिक्षामा आत्मालोचना — ४३
११. मानिसको आचरण उन्नति र पतनको कारण — ४८
१२. बुद्धको अनात्मवाद - एक दृष्टि — ५२
१३. बुद्ध धर्म र युवावर्ग — ६१
१४. भिक्षु-जीवन सजिलो छैन — ६६
१५. गौतम बुद्धको सांस्कृतिक क्रान्ति — ७५
१६. दिवंगतहरुको नाउँमा गरिने पुण्य कर्म — ७९
१७. निन्दाबाट बच्ने कोही छैन — ८४

Downloaded from http://dhamma.digital

# चतु आर्यसत्य

चतु आर्यसत्य संसारको वास्तविक चार सत्यहरुको समूह हो । ती हुन (क) दु:ख आर्यसत्य (ख) दु:ख समुदय (दु:खको कारण) आर्यसत्य (ग) दु:ख निरोध (नाश गर्ने) आर्यसत्य (घ) दु:ख निरोध गामिनी प्रतिपदा (दु:ख अन्त गर्ने) आर्यसत्य हुन ।

जन्मनु, बृद्ध हुनु, रोगी हुनु, मर्नु, चिन्तित भै शोक हुनु, अप्रिय संयोग, प्रिय वियोग भई इच्छाएको प्राप्त नहुनु दु:ख हो । संक्षेपमा भंन्ने हो भने पंचस्कन्ध (रुप, वेदना, संज्ञा,संस्कार र विज्ञान ) नै दु:ख आर्यसत्य हो । दु:खको कारण तृष्णा हो । जस्तो पंचइन्द्रियबाट आशक्त वा द्वेष भावबाट हुने काम तृष्णा र फेरि-फेरि जन्म लिनुपर्ने विश्वासले हुने भव तृष्णा र फेरि-फेरि जन्म लिनु नपर्ने अनि मरि सकेपछि असल खराब कामको परिणाम भोग्नु नपर्ने भएकोले एकै जन्ममा बढी आनन्द प्राप्त गर्ने नास्तिक विचारधाराले ल्याएको विभवतृष्णा नै दु:ख समुदय (दु:खको कारण) आर्यसत्य हो ।

तृष्णालाई नाश गर्ने , त्यागने, अनाशक्त हुने नै दु:ख निरोध आर्यसत्य हो भने तृष्णाबाट मुक्त हुन प्रयोग गरिने आर्यअष्टाङ्गिक मार्ग दु:ख निरोधगामिनी आर्यसत्य हो । यी चार दु:ख सत्यलाई बुद्ध-धर्मले जनसमक्ष छर्लङ्ग पारी दिएको छ । यही नै बुद्ध धर्मको मूल विशेषता पनि हो ।

## मध्यम मार्ग

बुद्ध धर्मको अर्को मुख्य विशेषता मध्यममार्ग हो । बुद्ध धर्ममा ज्ञान प्राप्त गरी सफल जीवन यापन गर्न र धार्मिक बन्नको निम्ति धेरै आशक्तिपन पनि होईन, धेरै खुकुलोपन पनि नभई मध्यम मार्ग नपनाई तृष्णाबाट मुक्त अवस्था निर्वाण साक्षात्कार गर्ने मार्ग देखाई दिएको छ । यिनै मार्गलाई अपनाए मात्र जीवनको हरेक क्षेत्रमा राजनैतिक, सामाजिक, धार्मिक हरेक क्षेत्रमा सफलता प्राप्त गर्न सकिन्छ ।

**प्रस्तुति प्रकाशक**

Downloaded from http://dhamma.digital

# धर्म भनेको के हो ?

प्रचीनकालदेखी आजसम्म धर्म भन्दा पुण्य, धुप चढाई मुर्ति अगाडि हात जोडि पुजा गर्नेलाई मात्र ठान्दछ । कर्तव्य पालन गर्न अर्थात् आफूले गर्नु पर्ने काम यथासमयमा गर्न कसैको ध्यानै पुग्दैन । कसैले ठान्दछ नियम पालन गरे अथवा शील प्रार्थना गरे पुग्छ । त्यस्ता मानिस यति धर्म हुन्छन् भन्ने ठान्दछन् । भिक्षुहरुको नेतृत्वमा आयोजना हुने बौद्ध समारोहमा पंचशील प्रार्थनाबाट कार्यक्रम शुरु हुने गर्छ । पंचशील वा पाँच नैतिक नियमहरुमा निम्न लिखित कुराहरु पर्दछन्:-

(१) हिंसा नगर्नु

(२) अरुले नदिएको नलिनु, चोरी नगर्नु

(३) बलात्कार, भ्रष्टाचार र व्यभिचार नगर्नु,

(४) झुठो नबोल्नु र

(५) रक्सी, जाँड, आदी मादक पदार्थ सेवन नगर्नु

उपर्युक्त पंचशील प्रार्थना मात्र गरीन्छ कि पालन पनि गरिन्छ । त्यो कुरा आफुलाई मात्र थाहा हुन्छ । तर पंचशील प्रार्थना गर्ने त दस्तुर जस्तो भएछ । नियम त पालन गर्नुपर्छ भनिन्छ, तर शील प्रार्थना गर्ने त्यसको पालन नगर्नेलाई के गर्ने ?

Downloaded from http://dhamma.digital

बौद्धहरुले बुद्ध पुर्णिमा (बुद्ध जयन्ती) को सुखद अवसरमा बुद्धको शिक्षा अध्ययन र पालन गर्ने तिर ध्यान दिएको देखिंदैन। बुद्धमूर्ति खतमा राखी बाजा गाजाका साथ शोभायात्रा गर्नमा आजका धर्मावलम्वीहरु व्यस्त रहन्छन्। बाजागाजा बिना जात्राको शोभा नै हुँदैन।

एक जना बौद्ध नेताले ज्यापू समाजमा बाजा गाजा सहित बुद्ध जयन्तिको जात्रामा भाग लिनको लागि अनुरोध गर्न गएका रहेछन्। ज्यापू समाजले भनेछ। तपाईहरुको पंचशील नियममा रक्सी, जाँड खानु हुँदैन भनेर लेखिएको छ भनेर प्रचार प्रसार भइरहेको छ। हामी त जाँड र रक्सी नपिइकन बाजा बजाउन सक्दैनौं। त्यसैले हामी त्यसमा भाग लिन आउन सक्दैनौं।

बौद्ध नेताले भनेछन् -- होइन होइन ! पंचशील प्रार्थना गर्नु प्रचार प्रसार गर्नु सैद्धान्तिक कुरा र दस्तुर मात्र हो। रक्सी अलि अलि खाएर आए पनि हुन्छ। धेरै खानु त हुँदैन।

त्यो घटनाले के स्पस्ट हुन्छ भने बुद्ध पुर्णिमा उत्सव वा बुद्ध जयन्ती मनाउनु औपचारिकता वा दस्तुर मात्र भयो। कर्तव्य पालन गर्न र व्यवहार राम्रो पार्न तिर ध्यान दिन छोडिएको छ। बरु खुशीको कुरा यही छ की ज्यापु गुठीमा बेहोश हुने गरी रक्सी पिइदैन रे !

कसै कसैले त नियम पालन मात्र गरे धर्म लाग्छ किन भने नियम पालन गरेको खण्डमा अरुलाई अहित हुने काम हुँदैन। नियम पालन गरेर मानिस धर्मात्मा

Downloaded from http://dhamma.digital

बन्न पुग्दछ।तर बुद्धको विचार र शिक्षा अनुसार नियम पालन गरेर मात्र वा ज्ञान भएर मात्र पुग्दैन। आफूले गर्नु पर्ने काम गर्न र कर्तव्य पालन गर्नु आवश्यक छ। उदाहरणका लागि एकजना नियम उल्लंघन नगर्ने बुद्धकालीन भिक्षुको एउटा घटना प्रस्तुत गर्न चाहन्छु।

एकजना भिक्षु थियो नियम पालनामा खुव सतर्क भइरहन्थ्यो। कुनै हालतमा नियम उल्लंघन गर्नु हुँदैन भनेर सतर्क भइरहन्थ्यो। तर उसको कर्तव्य पालन गर्ने तिर ध्यानै जाँदैन थियो। उसको कोठाबाट खात र बिछ्यौना बाहिर कौशीमा राखेर घाम ताप्ने बानी थियो। तर बाहिर जाँदा खेरी बिछ्यौना आदी कोठा भित्र राखेर जाने बानि थिएन। पानि पर्दा ओछ्यान बिछ्यौना भिज्ने गर्दथ्यो। अनि अरु भिक्षुहरु भन्दथे - "आबुसो! (साथी!) तिम्रो कस्तो बानि? बिछ्यौना आदी बाहिर ल्याउछौ, भित्र राख्न सक्दैनौ, यसरी त कर्तव्य पालन भएन नि!"

अनि नियममा ध्यान दिइरहने भिक्षुले भने किन? मैले पाप गरेको छैन, नियम उल्लंघन गरेंको छैन। धेरै पटक भने पनि त्यो भिक्षु को अटेरी पन हराएन। अनि भिक्षुहरुले गौतम बुद्ध कहाँ उनका बारेमा उजुरी गर्न गए गौतम बुद्धले ती अटेरी भिक्षुलाई बोलाएर सोध्नुभयो -- "के साँच्चै हो कोठा भित्रबाट सामान आदी बाहिर ल्याएर फेरी भित्र राख्दैनौ रे?"

त्यो भिक्षुको उत्तर थियो -- "हो, तर मैले पाप गरेको छैन, र नियम पनि उल्लंघन गरेको छैन। मैले



Downloaded from http://dhamma.digital

अरुलाई दुःख दिने काम पनि गरेको छैम ।" भिक्षुले आफ्नो जिद्दी स्वभाव प्रकट गरे ।

भगवान बुद्धले भन्नु भयो -- "तिमीले सैद्धान्तिक नियम मात्र पालना गरेका छौ । तर व्यवहारिक कर्तव्य पालन गर्ने कुरामा ध्यान दिएनौ नि ! कोठा भित्रबाट विछ्यौमा आदी बाहिर त्यसै राख्दा खेरी अरुलाई अप्ठ्यारो पऱ्यो र पानी पर्दा ओछ्यान भिज्यो । आपत्ति भयो नि ! नियम मात्र गरेर पुग्दैन । शारिरीक परिश्रम गर्नु पर्छ र कर्तव्य पालन गर्नु पर्छ, अनि मात्र धर्म हुन्छ, बुझ्यौ ?"

त्यस पछि त्यो भिक्षुले आफ्नो गल्ती महसुस गरेर कर्तव्य पालन नै धर्म रहेछ भन्ने कुरा उनले बुझे उनले अबदेखि आफूले गर्नु पर्ने कर्तव्य पालन नै धर्म रहेछ भन्ने कुरा बुझे । उनले अब देखि आफूले गर्नु पर्ने कर्तव्य यथासमयमा गर्नेतिर तत्पर हुन्छु भन्ने प्रतीज्ञा बुद्धको अगाडि नै गरे । त्यसपछि उनी व्यवहारमा पनि कर्तव्य पालन गर्दै जीवन दुःखबाट मुक्त भए । यस घटनाबाट स्पष्ट हुन्छ, बुद्धको शिक्षा अनुसार मन चोखो र नियत राम्रो पारेर कर्तव्य गर्नु नै धर्म हो । बाहिर धुप, दीप बाली पुजा अर्चना गर्नु मात्र सही धर्म होइन ।

***

*"बुद्धको शिक्षानुसार आर्थिक असन्तुलन र असमानतामा पनि समाज पतनको लक्षण र कारण हो ।"*

प्रस्तुति- प्रकाशक



Downloaded from http://dhamma.digital

# ब्रम्हा को हो चिनौं

सर्वश्रेष्ठ, सर्वोत्तम, चारवटा मुख भएको ब्रम्हा हो भनी केही मानिसहरु विश्वास गर्दछन् । बौद्ध साहित्यहरुमा पनि यत्रतत्र ब्रम्हालाई मान्यता दिइएको छैन । बुद्ध वचन अनुसार जस्मा चतुब्रम्हा विहार (अर्थात् चार वटा गुण धर्महरु मैत्री, करुणा, मुदिता र उपेक्षा) भाव रहन्छ । उही ब्रम्हा कहलिन्छ । त्यस्तै ब्रम्हाले बुद्धलाई भेट्न आएको कथाहरु पनि थुप्रै छन् ।

ब्रम्हा भनेको कुनै खास व्यक्ति नभै मानव नै साँचो अर्थमा ब्रम्हा हुन भन्ने कुरा संयुक्त निकायमा उल्लेखित भएको पाइन्छ । तल प्रस्तुत घटनाले मानव नै ब्रम्हा हुन भन्ने कुरालाई चरितार्थ गर्दछ ।

जुनबेला श्रावस्ती - जेतवनाराममा बुद्ध हुनुहुन्थ्यो त्यतिबेला एक ब्राम्हणीको ब्रम्हादेव नामक छोरा भिक्षु हुन आए । उनी भिक्षु भइसकेपछि एकान्त प्रेमी बनी आत्मशुद्धी गर्ने तर्फ बढी दिलचस्पी दिँदै गए । चरित्र निर्माणार्थ कलुषित भावना हटाउँदै कुलत - प्रवृतिहरुबाट समेत टाढिदै गए । आफूले आफैलाई शुद्धि गर्दै, दोष गल्तीलाई महशुस गरी शुद्ध ब्रम्हाचार्य (पवित्र आचरण) पालना गर्दै दु:खको मूल जरो तृष्णालाई छेदन गरी अरहत्व प्राप्त गरे । राग, द्वेष, मोह नष्ट गरी निर्मल निक्लेषि बन्न पुगे ।

एक दिन अरहत्व प्राप्त ब्रम्हदेव आफ्नी आमा कहाँ भिक्षा गए । आमा चाहीले आफ्नै छोरा आएता पनि कुनै



Downloaded from http://dhamma.digital

मानसत्कार नगरी नै बसे। उनी ब्रम्हाको परम भक्ति उपासिका थिइन्। सदा झैं ब्रम्हाको नाम जपेर पूजा पाठ गर्न मै ब्यस्त रहे।

"कस्ति बुढी आइमाई ! - आफ्नै सुपुत्र यथार्थमा ब्रम्हा भै सके उसलाई वास्ता छैन, अदृश्यमान ब्रम्हत्व प्राप्त गर्न यिनी यज्ञयागादि गरी रहिन्। यिनी त नराम्रो बाटोमा पो गइरहेछिन्" सहम्पति ब्रम्हाले चिन्तन गर्न थाले। यसरी चिन्तन गरिसकेपछि स्वयं सहम्पति ब्रम्हा बुढी आमाकहाँ पुगी यसरी सम्झाए - "भो उपासिका माता ! अदृष्ट, आँखाले नभ्याउने ब्रम्हाको मात्र चिन्तन गरेर के पाउनु हुन्छ ? यहाँको अन्ध भक्ति, अन्ध श्रद्धायुक्त यज्ञयागादि ब्रम्हा कहाँ पुग्ने कुरा त भ्रम हो, ब्रम्हाले स्वीकार्दैन। हेर्नुहोस्, ब्रम्हालोकमा यसरी पुगिदैन। यहाँ त अनावश्यक अन्ध भक्ति र श्रद्धामा फँसिरहनु भएको छ। यहाँको आफ्नै सुपुत्र ब्रम्हदेवभिक्षु आश्रवक्षय भइ सुमार्गमा लागि सकेको छ, उनी अहिले सांसारिक बन्धनबाट मुक्त रहेको ब्रम्हा पथमा (महोत्तम मार्ग) पुगी सकेको छ। अहिले उनी ब्रम्हागुणहरु जस्तै मैत्री (अद्वेष), करुणा (दया), मुदिता (कुशल कार्इमा रमाउने भाव) र उपेक्षा (दुःख सुख सबैमा तटस्थ हुनु) ले परिपुर्ण र शुद्ध ब्रम्हाचारी भइ यतिखेर भिक्षाटनमा आइरहेको छ। उनले अवलम्बन गरेकै मार्गतिर लाग्नु धेरै सुखकर र फाइदा जनक हुन्छ। अब आइन्दा यज्ञ आदि गर्न छोडि दिनुस्।"

यसरी सहम्पत्ति ब्रम्हाको श्री मुखबाट कुरा सुनिसकेपछि ती ब्रम्हाणीको हृदय परिवर्तन भयो। उनमा



Downloaded from http://dhamma.digital

छोरोको नाम र गुण संग ठीक मेल खाएको देखेर मनमा फूल फूल्यो आफ्नो छोरा पनि ब्रम्हाकै स्वरुप भएको कुरा जानी स्वयं आफू पनि बुद्धको शरणमा गए, त्रिरत्नको शरणमा गए । मिथ्यादृष्टिलाई पूर्णरुपमा त्यागी सम्यक् दृष्टितिर लागिन् ।

यसर्थमा ब्रम्हा भन्ने अलग्ग कोही पनि छैन । बुद्धले प्रत्यक्ष रुपमा ब्रम्हा नै छैन भने तापनि हामीले वर्तमानमा देखिने ब्रम्हालाई मान्नु र स्वयं मानवमा ब्रम्हा हुन सक्नु क्षमता अर्न्तनिहित रहेको छ भनी उपर्युक्त बौद्ध ग्रन्थमा उल्लेखित घटनाले चरितार्थ गरेको कुरालाई हृदयङ्गम गर्नु पर्दछ ।

❁❁❁

*वर्तमान राजनीतिक खेलप्रति जनता जुन रूपमा उदासीन देखिएका छन्; त्यसले विगत १२ बर्ष मुलुक संचालन गर्नेले के भएछ र के गरिएछ भनेर सोच्नुपर्ने देखाउँछ ।*

प्रस्तुति- प्रकाशक

*जिन्दगी बितिरहेको छ, आयु थोरै छ: बुढ्याइँबाट बच्ने कुनै उपाय छैन । मृत्युको यस भयलाई देखि शान्तिप्रेमीहरूले सांसारिक भोगलाई त्यागी दिनुपर्छ । मनको सबै मैला फ्याँकि यसलाई परिशुद्ध गर्न सक्नुपर्दछ ।*

प्रस्तुति- प्रकाशक



Downloaded from http://dhamma.digital

# किताब पढेर मात्रै विद्धान भइन्न

साधारण रुपमा पढे लेखेकालाई विद्धान र शिक्षित भन्ने चलन छ । तर बुद्धको शिक्षा अनुसार जसको सद्व्यवहार, दिलै देखि आफ्नो कर्तव्य सम्झी काम गर्ने र सेवा भाव रहेको व्यक्तिलाई मात्र विद्धान र शिक्षित भनिन्छ ।

तर आजभोलि शिक्षा हासील गरेर विद्धान बन्छन् र मालिक बन्न खोज्छन् । सेवक बन्न तयार हुँदैनन् । बुद्धको शिक्षा अनुसार पहिले सेवक बन्नु, पछि मेवा खाने । मेवा खानको लागि सेवा नगर्नु । वास्तवमा पढेलेखे अनुसार सेवक बनेर ज्ञानी हुनुपर्छ । अनि मात्र ज्ञानी हुन सम्भव हुन्छ । यो कुरा बुझ्नको लागि बुद्धकालीन घटनात्मक कथा प्रस्तुत गर्छु ।

खुज्जुत्तरा घोषक श्रेष्ठकी छोरी थिइन् । कालान्तरमा ती श्यामावती महारानीकी दासी हुन पुगीन् । तिनले काम गर्ने बेला कर्तव्य सम्झी दिलै देखी श्रद्धापूर्वक सेवा गर्ने गर्थिन् । तसर्थ खुज्जुत्तरालाई महारानीले विश्वास गर्थिन र मन पराउथिन् । महारानीलाई जुहीको फूल खुब मन पर्थ्यो । दिनदिनै फूल किन्न तत्कालीन पैसा ८ कार्षापण सुनको सिक्का खुज्जुत्तरालाई दिने गर्थे । खुज्जुत्तराले चार रुपैयाको मात्र फूल किनेर ल्याउथिन् । चार रुपैया आफ्नो खल्तीमा राख्थिन् । एकदिन सुमन मालीले यथा श्रद्धा भोजन,



Downloaded from http://dhamma.digital

दान, सत्कार सम्मान गरेपछि गौतम बुद्धले उपदेश दिंदै भन्नु भयो – "कुनै पनि व्यक्तिले यस्तो काम गर्नु भएन, जसले गर्दा सधैं डराउँदै बस्नु पर्ला, पछि पछुताउनु पर्ला, आचरण व्यवहार राम्रो भए सधैं अरुको विश्वास पात्र बन्न सकिन्छ । विश्वासघातको काम गर्नाले जीवनसुखी हुन सक्दैन ।" नेवारीमा एउटा उक्ति छ – "लुँ लनेगु सच्छिको, मनु लनेगु छको" अर्थात् मान्छे तौलने एकचोटी सुन तौलने सय चोटी ।

आजभोलि त यो उक्ति राजनिती क्षेत्रमा लागू हुँदैन जस्तो छ । संसदमा अविश्वास र विश्वासको प्रस्ताव आउँदाखेरी विश्वासघात हुने गर्छ । फेरी सरकार ढाल्ने काम गर्ने बेला बितेको समयमा विश्वासघात गरेको बिर्से क्षमादान दिने चलन चल्ती भइरहेको छ ।

अँ लेखिरहेको बुद्धकालीन कुरा तर होश चिप्लेर गएकोले वर्तमान संसदको घटना सम्झना आयो । कस्तो होश गुमेको !

भगवान बुद्धले उपदेश दिंदै अगाडि भन्नुभयो – "राम्रो नराम्रो काम बुझ्नको लागि दृष्टि ठीक र सोझो हुनु पर्छ । हृदय पवित्र हुनु पर्छ । विश्वास पात्र बनेर बाँच्न सके मर्ने बेला आनन्दसाथ मर्न पाइन्छ । एकदिन त मर्नु पर्ने हुन्छ ।"

खुज्जुत्तराले खूब ध्यान दिएर सूनिरहिन् र विचार गरिन् – "बुद्धले मलाई नै ताकेर उपदेश दिनुभएको जस्तो



Downloaded from http://dhamma.digital

छ। मैले महारानीको आठ रुपैयाँमा चार रुपैयाँ नाफा खाएको थाहा पाइयो जस्तो लाग्छ। मैले महारानीलाई विश्वासघात गरें। यो नाफा खाने काम गरिरहेकोले सधैं डराउँदै दिन काट्छु। महारानीले थाहा पाएको खण्डमा मलाई बाँकी राख्दैनन्। यो मेरो व्यवहार त राम्रो भएन, एक दिन त सबै छाडेर मर्नु पर्दो रहेछ। मैले दिनका दिन ४ रुपैयाँ नाफा खाइरहेको बानी छाड्न सकिन भने मर्ने बेलामा पनि सम्झि रहन्छु। तसर्थ यो नराम्रो बानी आजदेखी नगर्ने र बुद्धको शिक्षा अनुसार इमान्दारी बनेर महारानीको सेवा गर्ने सम्यक संकल्प आयो।"

खुज्जुत्तरा खुरुक्क उठेर फूल किन्न गइन्। उसले आठै रुपैयाँको फूल किनेर महारानीलाई दिइन्। महारानीले धेरै फूल देखेर सोधिन् – "खुज्जुत्तरा आज यति फूल कहाँबाट आयो ?" फूल धेरै देखेर महारानी खुशी भइन्।

खुज्जुत्तराले भनिन् – "हजुर, तपाइले नै दिनु भएको पैसा हो।" महारानी – "मैले त दिएको थिएन नि ?"

खुज्जुत्तरा – "महारानी, क्षमा माग्दछु।, तपाइले दिनु भएको आठ रुपैयाँमा चार रुपैयाँको मात्र फूल किनेर ल्याएको थिएँ। आधा मैले लिने गर्थे। त्यही बचेको पैसाको फूल किनेर ल्याएको हुँ। मैले अपराध गरें हजुर।"

खुज्जुत्तराको सत्यवादिताबाट महारानी प्रभावित भइन्। खूब खुशी भएर भनिन् –"खुज्जुत्तरा ! तिम्रो अपराधलाई क्षमा भयो। तर तिम्रो हृदय कसरी परिवर्तन भयो



Downloaded from http://dhamma.digital

र आफ्नो गल्ती महसुस भयो ?"

खुज्जुत्तराले बुद्धबाट शिक्षा लिएर हृदय परिवर्तन भएको कुरा सुनाइन् । पछि महारानीले विचार गर्न थालिन् यस्ती अनपढ, अक्षर नजानेकी दासीले भगवान बुद्धको उपदेश सुनेर बोध भइन् र बुझेर व्यवहारमा उतारिन् भने यो त ठूलो कुरा हो । बुद्धको शिक्षा कति कल्याणकारी रहेछ अहो । बुद्धको उपदेश खुज्जुत्तराबाट सुनेर भाग्यमानी बनौं र जीवन सुखमय बनाऔं । महारानीले खुशी खुशी हुँदै भनिन् – "खुज्जुत्तरा ! तिमी आजदेखि दासित्वबाट मुक्त भएर दरवारको परिवारको सदस्य भयौ । तिमी दिनका दिन भगवान बुद्धकहाँ ज्ञानको उपदेश सुनेर हामीलाई पनि सुनाउनु आउनु ।" त्यो दिन देखी दासी महारानीहरुको गुरु बनिन् । खुज्जुत्तराले ज्ञान बाहिरबाट प्राप्त गरिन् र भित्रैबाट बुझेर ज्ञानी भइन् ।

*जनताले आफूले तिरेको कर र त्यो कर कहाँ खर्च भयो भन्ने कुराको आवश्यक जानकारी पाउनुपर्ने पनि अधिकार छ नेपालको आर्थिक स्थिति हाल सन्तोषजनक छैन ।*

प्रस्तुति- प्रकाशक

*बुद्ध धर्म सिंगै आध्यात्मिकवाद पनि होइन, भौतिकवाद पनि होइन । यी दुई बिच परस्पर घनिष्ट सम्बन्ध छ, तर त्यो जीवन आर्थिक व्यवस्थामा निर्भर छ ।*

प्रस्तुति- प्रकाशक



Downloaded from http://dhamma.digital

# रोग हुन र निको हुनमा मन नै मुख्य हो ।

बुद्धको अनुभव र भनाइअनुसार मन नै मुख्य कुरा हो किन कि जुनसुकै अवस्था या कुरा पहिले मनमा उत्पन्न हुन्छ । मन शुद्ध भइ चिन्ताबाट मुक्त भएमा निरोगी जीवन बिताउन सकिन्छ ।

संसारमा जति पनि रोगहरु छन्, ती मध्ये नब्बे प्रतिशत रोगहरु मनबाट हुने कुरा वर्तमान वैद्य (डाक्टर) हरुले स्वीकार गरेका छन् । विशेषरुपले रक्त चाप ( Blood Pressure) र मधुमेह (Diabetes) रोगहरु मनको पीरबाट नै हुन्छन् ।

शारीरिक रोगलाई निको पार्न औषधी छ । तर मानसिक रोगको लागि औषधी छैन । मानसिक रोगलाई निको पार्न सक्ने एउटै कुरा मनले नै हो । एकजना युरोपीयन महाशयलाई पेटको रोगले सतायो । धेरै डाक्टरहरुबाट जाँच गराए । डाक्टरहरुको कुराले सन्तोष नभई अरु पनि वैद्यकहाँ गए । एकजना डाक्टरले उसको रोगलाई चिनेर "औषधी" दिए । त्यो एकै मात्राको औषधीले उसको रोग निको भयो । त्यो कस्तो औषधी ? अरु केही होइन अलिकति रंग मिसाएको चिसो पानी मात्र हो । उसलाई भएको रोग मानसिक रोग थियो । मतलब मनले नै जन्माएको रोग थियो । मनले नै विचार गरेर निको पारिदियो ।

विश्व प्रसिद्ध एक प्रमुख धनीको रुपमा मानिएको अमेरिकन जोन रक् फेलर एक प्रशिद्ध महाजन हो । उसको



Downloaded from http://dhamma.digital

दिनको आम्दानी पाँच लाख हुन्छ। यति विशाल धन भएको धनीको मन बिग्रेकोले अथवा चित्त असन्तोष भएकोले उस माथि विपत्ति आइपऱ्यो। उसले एकदिन धेरै मालसामान माथि राखेर एउटा जहाज समुद्र मार्गबाट विदेशमा पठाइदिए।

त्यो जहाज समुद्रको बिचमा पुग्नासाथ ठूलो तूफानमा फस्यो। तर जहाजलाई केही नोक्सान भएको थिएन। जहाजलाई क्षति भयो कि भनी उनी चिन्ताग्रस्त भए। आत्तिन लागे। त्यही चिन्ता र पीरले अपूर्व रोगले सतायो। खान मन लागेन। निद्रा लागेन। उसको टाउको सम्पूर्ण पाकेर झर्न थाल्यो। अनि उसले घोषणा गरे - "यदि कुनै वैद्यले मेरो घरमा काम गर्ने नोकरले खाने खानाको आधा जति पनि खाने रुचि बढाउन सक्यो भने मेरो सारा सम्पत्तिको आधा भाग उसलाई दिनेछु।"

त्यसताका रक् फेलर महाशय ५३ वर्षको थियो। भाग्यवश उसकहाँ मनोवैज्ञानिक वैद्य एकजना आइपुगे।

वैद्यले उसको रोग शारीरिक नभई मानसिक भनी थाहापाई उचित उपदेश दिनुभयो। उपदेश अनुसार आचरण गरी ५३ वर्षमा मर्न लागेको मान्छेको आयु बढेर ६८ वर्षसम्म बाँचे। अनुभवी मनोवैज्ञानिक डाक्टरले दिएको अर्ति के थियो ? त्यो जान्नु लायक छ।

अतीतं नानु सोचन्ति -नप्प जप्पन्ति अनागतं।
पच्चुप्पन्नेन यापेन्ति -तेन वण्णो पसीदति॥

अर्थात बितिसकेको कुरामा शोक नगर्नु। भविष्यको



Downloaded from http://dhamma.digital

लागि आशा गर्नु । वर्तमान अवस्थामा सन्तुष्ट भइ प्रसन्नता पूर्वक जीवित हुनु उत्तम , अनि सुख पाउँछ । स्मरण रहोस् यो बुद्ध बचन हो ।

हामी सबै प्रसन्न भई जीवित हुन चाहन्छौं । तर चाहे बमोजिम सुख पाईदैन । त्यसको मुख्य कारण दुइटा छन् ।

१) अतीत बारे शोक गर्नु र

२) भविष्यको बारे चिन्तन गर्नु ।

कुनै कुनै व्यक्ति अतीतको चिन्ता र शोक गर्छन त अरु भविष्यको बारेमा प्रार्थना गर्दै समय बिताउँछन् । तर वर्तमान अवस्थालाई बुझ्ने थोरै मात्र छन् । बुद्धको भनाई अनुसार वर्तमान अवस्थालाई बुझेर राम्रो पार्नु नै जाति छ । बेस हुन्छ ।

हामी सबैबाट गल्ती हुन सक्छ । त्यो भइसकेको गल्तीमा पश्चाताप गर्नु त्यसको उपचार होइन । सन्तापले हाम्रो अमूल्य समय बरबाद मात्र हुन जान्छ । त्यति मात्र नभइ चित्तलाई पीडा र कष्ट पनि पुऱ्याउँछ । गर्नु पर्ने उपाय त फेरी त्यस्तो खालको गल्ती न दोहऱ्याउनु नै हो ।

भविष्यको बारेमा आशा गर्नु त्यति हानीकारक नभएता पनि त्यसैको भरोसामा बस्नु व्यर्थ हो । भविष्यको विश्वास लिन सकिदैन । वर्तमान अवस्था राम्रो भएको खण्डमा भविष्य उज्वल हुने अवश्यम्भावी छ ।

वर्तमान प्रति भने हामीले अवश्य विश्वास लिन सक्छौं । आफ्नो हातमा भएको अवस्था यही वर्तमान नै हो ।



Downloaded from http://dhamma.digital

अतः वर्तमान अवस्थामा राम्रोसँग जीवन बिताउन सके अतीत पनि राम्रो छ। किन कि वर्तमान अवस्था नै भोलि पर्सि अतीत हुन जान्छ। त्यस्तै वर्तमान् राम्रो भयो भने भविष्य पनि राम्रो अवश्य हुन्छ। किन कि भविष्यको कारण वर्तमान नै हो। कुनै कारणवश वर्तमान खराब भयो भने अतीत र अनागत दुवैको अवस्था अवश्य नराम्रो हुनेछ।

पश्चाताप र आकांक्षाले गर्दा चित्तलाई पीडा हुन्छ। वैद्यहरुको विश्वास अनुसार यस्तो किसिमको चिन्ता र पीर नै मानसिक रोगको कारण हो। चित्त खराब भयो भने त्यसबाट शरीरको रक्त खराब हुन्छ। अनि अपवित्र रक्तबाट सारा शरीरलाई बिषालु बनाइदिन्छ। यसरी विषको फैलावटबाट निरोगी पनि रोगको शिकार हुन जान्छ। रोगीको अवस्था त झन खराब हुन सक्छ।

बिरामीलाई जति औषधीको खाँचो छ, त्यति नै चित्तलाई प्रीति र आनन्द पनि आवश्यक छ। चित्त प्रसन्न भएका शरीरको रगत पनि शुद्ध हुन्छ। अनि मुखमा तेज आउँछ। फलस्वरुप शरीरबाट रोग भागेर जान्छ।

बर्माको घटना हो। अतीतका बर्माका बौद्ध राजालाई एउटा असह्य रोगले सतायो। वैद्यहरुले आशा छाडिदिए। धार्मिक विश्वास अनुसार अन्तिम अवस्थामा भिक्षुहरुलाई निमन्त्रण दिएर परित्राण पाठ गर्नको निमित्त अनुरोध गरे। परित्राण सूत्र पाठ पछि एकजना महास्थविर भिक्षुले केही शब्द भन्नुभयो - "महाराज, धेरै चिन्ता र काममा व्यस्त हुनु भएको तपाईलाई आराम लिन मौका मिलेको छ। यो अनित्य संसार



Downloaded from http://dhamma.digital

हो । वर्तमान समयलाई सदुपयोग गर्नुहोला । राज्यको बारेमा चिन्ता नगर्नु होला । दरबारको चिन्ता पनि नलिनु होला । त्रिरत्नको गुण स्मरण र करुणामा मैत्रीपूर्वक समय बिताउनु होला । प्रसन्न भई बस्नुहोला ।" राजाले त्यसै अनुसार समयलाई सदुपयोग गरी काम गर्नुभयो । आश्चर्य के रहेछ भने राजाको अनुहारमा प्रकाश र उज्यालो हुन थाल्यो । राजाको हँसिलो मुख देखेर वैद्यहरुले फेरी औषधी दिन थाले । केही दिन भित्र राजाले पूर्ण स्वास्थ्य लाभ गरे ।

यी घटनाहरुबाट यही स्पष्ट हुन आउँछ कि बिरामीहरु सधै प्रसन्न मुद्रामा बस्नु लाभदायक छ । यस्तै स्वास्थ्य लाभार्थ काम लाग्ने केही घटनात्मक कुराहरु प्रस्तुत गर्नु उपयोगी होला भन्ने ठान्दछु ।

श्रीलंकामा एउटा अमूल्य उक्तिको प्रचलन छ "न रिसाउनु, रिसायो भने छिटै बुढो हुन्छ ।" कुनै व्यक्तिलाई रिस आयो भने उसको शरीरको गतिविधि नै बदलिन्छ । आँखा रातो हुन्छ । मुख कालो हुन्छ । शरीर काम्न थाल्छ । यसको कारण चित्त र शरीरको रगतको बीच धेरै सम्बन्ध छ । रिस आउना साथै चित्त कलुषित हुन्छ । अनि रगत अपवित्र हुन्छ । अनि सारा शरीरको अंग प्रत्यंग समेत खराब पारी रोगको घर बन्न पुग्छ ।

*जन्मले नै कोही सूद्र हुँदैन: जन्मले नै कोही ब्राह्मण हुँदैन ।*

*कर्मले नै सुद्र हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ ।*

**प्रस्तुति- प्रकाशक**



Downloaded from http://dhamma.digital

## नारीको यो पक्षतिर पनि ध्यान दिने की !

नारी दिवसको उपलक्ष्यमा निस्कन लागेको आस्था पत्रिकामा नारी प्रति बुद्धको दृष्टिबारे केही कुरा लेख्न पाउँदा औधि खुशी लागेको छ। हामी कहाँ मात्र होइन, विश्वमा नै महिला दिवस, वाल दिवस, शहीद दिवस, सफाइ दिवस र मानव अधिकार दिवस मनाउने गरिन्छ। तर त्यसको परिणाम भने त्यति संतोष जनक पाइएको छैन । नारी दिवस औपचारिकतामा मात्र सिमित हुने गरेको छ । धेरै जसो एसियाली मुलुकहरुमा नारीलाई पुरुष समान अधिकार प्राप्त भएको छैन । अरु देशको त के कुरा, हामै नेपालमा पनि छोराले पाउने सम्पतिको अधिकारबाट छोरीलाई बञ्चित गरिएको छ। त्यसबारे राम्रो ऐन र कानून नै बनेको छैन। म राष्ट्रिय सभामा छँदा तत्कालीन सत्तारुढ पार्टी नेपाली काँग्रेसकी एक साँसद चेतकुमारी दाहालले नारीलाई पुरुष समान पैतृक सम्पति दिइनु पर्छ भनी विधेयक ल्याउनु भएको थियो। तर पछि त्यो विधेयक फिर्ता लिन लगाइयो। यसरी प्रजातन्त्र पछि मानव अधिकारको आवाज उठाउने काँग्रेस सरकारले नारीको समान अधिकार, सम्बन्धि विधेयक पास हुनै दिएन।

हिन्दु राज्य र हिन्दु संस्कृतिमा पनि नारिलाई पुरुष सरह अधिकार छैन। नारीले वेद पढ्न मनाही छ। धर्मगुरु शंकराचार्यले त नारीलाई नरकको द्वारसम्म पनि भन्न पछि परेका छैनन् । बौद्ध जातक ग्रन्थमा पनि नारीप्रतिको राम्रो धारणा उल्लेख भएको पाइदैन। किन भने



Downloaded from http://dhamma.digital

बौद्ध जातक पनि ब्राम्हण आचार्य भिक्षुहरुले नै लेखेका ग्रन्थहरु हुन् ।

अब भगवान बुद्धको नारीप्रति कस्तो दृष्टि रहेछ भन्ने विषयमा केही चर्चा गरौं । एक दिन प्रशेनजित कोशल राजा गौतम बुद्ध समक्ष गई बुद्धलाई अभिवादन गरेर धर्म सम्बन्धि छलफल गर्दै बसेका थिए ।

त्यसै बखत राजदरवारबाट एक राजपुरुष आई प्रशेनजित कोशल राजाको कानमा बडामहारानी मल्लिका देवीले छोरी जन्माएको कुरा सुटुक्क भने । यो कुरा सुनी प्रशेनजित कोशल राजाको मन खिन्न भयो र उनले मुख अँध्यारो पारे, टाउको पनि बिस्तारै झुक्यो ।

यसरी अचानक राजाको मन खिन्न भएको देखेर बुद्धले सोध्नु भयो -"महाराज, दरवारबाट के खबर आयो, जसले गर्दा महाराजको मुख अँध्यारो भयो र मन दु:खी हुन पुग्यो ?"

कोशल राजाको जवाफ थियो -"भगवान, मल्लिका देवीले पुत्र जन्माउँछन् भन्ने आशा र भरोसा लिएको थिएँ । तर छोरी जन्माइन् भन्ने खबर आयो ।"

यो कुरा सुनीसकेपछी भगवान बुद्धले भन्नुभयो-

इत्थीपि हि एकच्चिया, सेट्या पोस जनाधिप ।
मेधावी शीलवती, सस्सु देवा पतिब्बता ॥
त तस्सा यो जायति पोसो, सुरो होति विसम्पति ।
ताविसा सुभागिया पुत्तो रज्जम्पि अनुसासतीति ॥

अर्थात् जनाधिपति ! कुनै कुनै स्त्री बुद्धिमान, शीलवती,



Downloaded from http://dhamma.digital

सासु  ससुरालाई देवता समान मानी पतिव्रता भई पुरुषभन्दा पनि श्रेष्ठ हुन सक्छे । त्यसकारण आफ्नी छोरीलाई राम्रो शिक्षा दिई पोषण गर्नुस् र आवश्यक तालिम दिनुस् । त्यस्ती नारीको कोखबाट जुन सन्तान जन्मिन्छ, उ सुरविर तथा दिशा प्रमुख ( राज्य प्रमुख) हुन सक्छ । त्यस्ती सौभाग्यवतीको कोखबाट जन्मेको बालकले राज्यमा शासन पनि गर्न सक्छ ।

भगवान बुद्धले २५०० बर्ष पहिले व्यक्त गर्नु भएको कुरा आज साकार भएको छ । स्त्रीबाट जन्मेको सन्तानले मात्र होइन, स्त्री आफू स्वयंले पनि राज्य चलाउन सक्षम भएका छन् । उदाहरणार्थ, संसारमा सबैभन्दा पहिले श्रीलंकामा श्रीमाओ बण्डारनायक प्रधानमन्त्री बनिन्  । त्यसपछि भार तमा इन्दिरा गान्धी, इजरायलमा ....इंग्लैण्डमा मार्गरिटथ्याचर पाकिस्तानमा बेनजीर भुट्टो आदी प्रधानमन्त्री बने । हाल चन्द्रीका कुमार तुङ्गा राष्ट्रपति पदमा रहि संसारको इतिहासमा एक नौलो आयाम थपेको कुरा हाम्रा सामु उपस्थित छ ।

फिलिपिन्समा पनि श्रीमती कोराजोन अक्वीनोले राष्ट्रपतिको रुपमा शासन चलाईन् भने बेलायतमा महारानी एलिजाबेथले शासन चलाई रहेकी छिन् । त्यस मुलुकमा महिला मन्त्रिहरु त कति छन कति । त्यस्तै इण्डोनेशीयाको राष्ट्रपतिमा सुकार्नो पुत्री हाल छन् । त्यस्तै हाम्रो नेपालमा पनि शैलजा आचार्य र साहना प्रधान जस्ता नारीहरुले पनि मन्त्री पद सम्हाली कार्य संचालन गरिसकेका छन् । प्रधान मन्त्री बन्न परेपनि बन्न तयार भएका नारीहरु हाम्रो नेपालमा हालसालै पनि विद्यमान छन् ।



Downloaded from http://dhamma.digital

भगवान बुद्धले भन्नु भएको थियो, पुरुषको लागि विश्वासी साथी आफ्नी पत्नी हो । "भरिया (भार्या) परमा सखा ।"

अर्थात् स्वास्नी परम मित्र हुन् । छोरा छोरीको लागि आफ्नो घरमा आमा नै साथी हुन् । (माता मित्तं सके घरे)

एकदिन एक जना ठूला विद्वानले गौतम बुद्धसँग सोधे "किंसु भण्डानं उत्तमं"

अर्थात संसारमा ठूलो बस्तु के हो ? बुद्धको उत्तर थियो "यत्थि भण्डानं उत्तमं" अर्थात् स्त्री नै सबै भन्दा उत्तम बस्तु हो ।

बुद्धको यो उत्तर सुनेर त्यो जिज्ञासुपुरुष जिल्ल पऱ्यो । उसले बुद्धले सदाचारी हुनुलाई नै उत्तम भन्नुहुन्छ भन्ठानेको रहेछ ।तर उहाँबाट एकदम साँसारीक र व्यवहारिक उत्तर पाएकोले उ सारै खुशी भयो ।

भगवान बुद्धले भिक्षु संघ र भिक्षुणी संघ खडा गरी नारीलाई समान अधिकार प्रदान गर्नुभयो । बुद्धले भिक्षु, भिक्षुणी, उपासक र उपासिका भनी चार परिषद बनाउनु भयो । अर्को भाषामा भन्नु पर्दा बौद्ध समाजरुपी रथमा चार पांग्रा भिक्षु, भिक्षुणी, उपासक, उपासीका बनाउनु भयो । पछि आएर बौद्ध आचार्यहरुमा ब्राम्हाण संस्कार मिश्रण भएर भिक्षुणी संघ अनुत्साहित भयो । यो दुःखको कुरो थियो ।

अब धेरै जसो नारीहरु जागृत अवस्थामा छन् ।त्यसैले स्वार्थी विचारधारा भएका पुरुष वर्गले धेरै दिन शोषण गर्न नपाइने लक्षण देखा परेको छ । तर यस लक्षणलाई साकार



Downloaded from http://dhamma.digital

गर्न नारी वर्ग पनि रुढीवाढी हुनु भएन । सबैमा जागृति आउनुपर्‍यो ।

जानी राख्नु पर्ने कुरा हो बर्मा (म्यानमार)का मानिसहरु विवाह पछि प्रार्थना गर्छन्, सबैभन्दा पहिले छोरी पाउँ भनेर । यसरी छोरी जन्मियोस् भनी प्रार्थना गर्नुको मुख्य तात्पर्य बर्मामा छोराहरु विवाह पछि धेरै जसो घर ज्वाई बस्न जाने प्रचलन रहेछ । कुनै प्रकारको भेदभाव छैन बर्मामा ।स्त्री पुरुष समान छन् । तर दुःख लाग्दो कुरो हो, त्यस्तो मुलुकमा प्रधान मन्त्री बन्ने योग्यता भएकी आङ् सान सुकीलाई घरै नजर बन्द गरी राखिएकोमा हालै मात्र मुक्त गरिएको छ । तापनि पूर्ण रुपमा स्वतन्त्रता भने दिएको छैन ।

*गरिबी र दरिद्रतानै अपराध, भ्रष्टाचारको मूल कारण हो ।*

प्रस्तुति- प्रकाशक

*"विदेशीले फ्याँकेको चाराबाट देश विकास हुँदैन, मगन्तेले देश विकास गर्न सक्दैन ।"*

प्रस्तुति- प्रकाशक

*"प्रजातन्त्र खाने, लाउने, सुत्ने कुरा होईन र अहिले देखिएका समस्या प्रजातन्त्रले ल्याएको नभै व्यक्ति वा पार्टीले ल्याएको हो ।"*

प्रस्तुति- प्रकाशक



Downloaded from http://dhamma.digital

# प्रजातन्त्रसँग अर्थको घनिष्ट सम्बन्ध छ

आजको विश्वमा लडाइ, झगडा, कलह भइरहनुको मुख्य कारण नै आर्थिक तृष्णा र अहंकार तथा विलासितामय जीवन हो भन्न सकिन्छ। आर्थिक असमानताले गर्दा धनी र गरीब वर्गको सिर्जना भयो। आधारभूत आवश्यकताको पूर्ति भयो भने अर्थात आर्थिक समस्या हल भयो भने अशान्ति कलह, घूसखोर , कमिशनखोरहरु होला जस्तो लाग्दैन। आज संसारमा अशान्ति र तनाव बढिरहनाको मुख्य कारण धनीवर्ग र गरीबवर्ग बीच देखापरेका असमानताले उब्जिएको असन्तुलित जीवनस्तर हो। धनी र गरिब दुइ वर्ग रहुन्जेलसम्म शान्ति स्थापना हुन सम्भव छैन।

गौतम बुद्धले भन्नु भएको छ - धनी वर्ग र गरीब वर्ग दुवैले निर्वाण सुख पाउन गाह्रो छ, किनभने धनी वर्गलाई विलासितामय अर्थात सुख सुविधायुक्त जीवन प्रिय हुन्छ र मानिस त्यसैमा आसक्त भइरहन्छ। पैसाद्वारा पैसा तान्नुमा व्यस्त भइरहन्छ। जति भएपनि नपुग्ने तृष्णाबाट मुक्त हुन सक्दैन। पैसा कमाउनु र घर बनाउनु तृष्णा होइन। तर आवश्यकता भन्दा बढि पैसा कमाउनु र रातारात करोडपति बन्ने इच्छा राख्नु तृष्णा हो र कमाएको धन सदुपयोग नगर्नु तृष्णा हो। पैसा धेरै भएकोले पीर र चिन्ता भइरहन्छ। गौतम बुद्धले भन्नु भएको थियो-सदुपयोग भएन भने त्यो धन सरकारले जफत गर्न सक्दछ, चोरले चोरेर लान



Downloaded from http://dhamma.digital

सक्छ, आगो लागी नष्ट हुन सक्छ र बाढीले बगाउन सक्छ। यो धनी वर्गको विषयलाई छाडी अब गरीब वर्गतिर पनि एकपटक विचार गरौं।

"सिघच्छा परमा रोगा" अर्थात भोक लाग्नु जस्तो ठूलो रोग अर्को छैन। गौतम बुद्धले यस्तो आज्ञा गर्नु भएको आफ्नो अनुभवले र प्राणी मात्रलाई आहार (खाना) नभै नहुने भएर होला। यो कुराले भन स्पष्ट थाहा हुन्छ। "सब्बे सत्ता आहारट्ठितिका" संसारको प्रमुख प्रश्न के हो ? भन्ने सोधाईको प्रत्युत्तर दिनु हुँदै बुद्धले भन्नु भएको थियो- "सबै प्राणीहरु आहारमा निर्भर छन्।" भोकाएको मानिसलाई धर्म र संस्कृतिसँग कुनै मतलब हुँदैन। शरीर बलियो नभई चिन्तन शक्ति बलियो हुँदैन। भोकाएको मानिसले जे पनि अपराध गर्न सक्छ। संस्कृतमा एउटा उक्ति पनि छ -"बुभूक्षित: किम न करोति पापम्र" अर्थात भोको मानिसले के मात्र पाप नगर्ला। अर्थात जब मानिस दरिद्र हुन्छ। तब उसलाई खाने र पिउने वस्तुको अभाव हुन्छ। अनि त्यसले चोर्ने काम गर्न थाल्छ, डाँकाजनी, घूस र बेइमानी काम गरेर पनि आफ्नो जीविका चलाउन खोज्दछ। गरीबी र दरिद्रता नै अपराध र भ्रष्टाचारको मूल कारण हो भनेर दीघनिकाय चक्कवत्ति सिहंनाद सूत्रमा राम्रो सँग देखाइएको छ। उदाहरणको लागि यहाँ संक्षिप्त रुपमा प्रस्तुत गर्न लागिएको छ।

गौतम बुद्ध मगधको मातुला भन्ने गाउँमा बस्नु भएको बेला वहाँले भिक्षुहरुलाई संबोधन गरेर धार्मिक राजा "दल्हनेमी" को कथा सुनाउनु भएको थियो। ती राजा धेरै



Downloaded from http://dhamma.digital

प्रभावशाली थिए । उनले आफू बुढो हुने वित्तिकै आफ्ना छोरा युवराजको राज्याभिषेक गरे । उनीहरुको सात पुस्ता सम्म धार्मिक रुपले (जनमुखी भएर) नै राज्य चलाएको कारणले जनता सुखी र आनन्दित थिए । तर आठौं चक्रवर्ती राजाले स्वेच्छाचारी भएर राज्य राम्ररी संचालन गरेन । स्वार्थी भई आफ्नै बुद्धिले तानाशाही शासन चलाउन थाल्यो । राजर्षिकहाँ गई चक्रवर्ती व्रत पनि सुनेन । उसले प्रजाहरुको आर्थिक अवस्था सुधार गर्न असमर्थ भयो । यसले गर्दा दरिद्रताको कोप झन-झन् बृद्धि हुन थाल्यो । दरिद्रताको कारणले चोरी, डकैती, हत्या आदि पापाचार बढ्न थाल्यो । (दीघ निकाय चक्कवत्ति सिहंनाद सूत्र) ।

आर्थिक उन्नति मानिसहरुको (प्रजातन्त्रको) हित, सुख र समृद्धिको लीग आवश्यक छ भनी बुद्धले भन्नु भएको छ - दण्ड दिएर मात्र चोर डाँकुको नियन्त्रण हुन सक्दैन । यस्ता अपराध हुन नदिनको लागि त मानिसहरुको जीविकोपार्जनको इलमको बन्दोवस्त गरिदिनु आवश्यक छ भनी दीर्घनिकाय कूटदन्त सूत्रमा राम्रो सँग व्याख्या गरिएको छ ।

गौतम बुद्ध एक दिन मगधमा घुम्न जानु भएको बेलामा एउटा आँपको बगैंचामा बस्नु भयो । त्यस बखत त्यहाँ "कूटदन्त" नाउँ गरेका एकजना विद्वान ब्राह्मणले महायज्ञ गर्ने भनी प्रतिज्ञा गरिराखेका थिए । गौतम बुद्धले यस्ता सम्पदाको बारेमा राम्रोसँग जान्नु हुन्छ भन्ने कुरा कूटदन्तले सुनिराखेका थिए । त्यसैले उनले बुद्धकहाँ गई प्रार्थना गरे- "तीन प्रकारको महायज्ञ स्पष्ट बुझ्न सक्नेगरी आज्ञा होस् ।"



Downloaded from http://dhamma.digital

गौतम बुद्धले यज्ञ होम विधिको व्याख्या गर्दै ब्राह्मणलाई आज्ञा गर्नुभयो - " उहिले महाविजित भन्ने राजाको पनि यज्ञ गर्ने ईच्छा भई आफ्ना पुरोहित ब्राह्मण कहाँ गएर प्रार्थना गरे । म चारैदिशामा पनि विजय प्राप्त गरेर अधिपति भइसकें । म सँग असँख्य धन सम्पत्ति छ । अब मलाई हित सुख हुने र राज्य समृद्धिशाली गर्नलाई कुन प्रकार को यज्ञ गर्नु पर्ला ? आज्ञा होस । अनि विजित राजालाई सो पुरोहित ब्राह्मणले भन्नु भयो - "महाराज ! सरकारको राज्यमा चोर र डाँकाहरुले सर्वसाधारण जनतालाई ज्यादै नै सताइ दुःख दिइरहेका छन् । बाटोमा एक्लै हिड्नु हुँदैन । लुटपाट भैरहेछ । सुरक्षा छैन । यत्रो जनताको हाहाकार भइ रोग, पीडा र अनेक भयले त्राही त्राही भइरहेको बेलामा धेरै धन खर्च गरी यज्ञ गर्नु धर्म होइन, अधर्म हो । पुण्य होइन पाप हो । शायद महाराजालाई यस्तो पनि मनमा पर्न सक्ला - 'मैले यी बदमाश चोर र डाँकाहरु समातेर सास्ति दिउँला, देशबाट निकाला गरुँला मारेर पठाउँला र कठोर दण्ड भोग गराई कारावास राखी उपद्रव नहुने व्यवस्था मिलाउँला आदि ।' तर महाराज, यसरी दण्ड आदि दिएर चोर, डाँका आदि बदमासहरुलाई नष्ट गर्न सकिन्न । साँच्चै नै देशबाट चोर लुटेराहरु निमिट्यान्न पारी शान्ति स्थापना गर्ने हो भने आर्थिक अवस्था राम्रो पार्नु पर्छ । "त्यो कसरी ?"

'महाराज ! कुनै व्यक्तिले सरकारको राज्यमा खेती गर्ने इच्छा गरे भने त्यस व्यक्तिलाई तपाइले खेतीको सामान र वीउ विजन आदि दिएर सहायता गर्नु पर्दछ । कुनै व्यक्तिले



Downloaded from http://dhamma.digital

व्यापार गर्ने इच्छा गरेमा त्यसलाई सरकारले पूंजी दिनु पर्छ। त्यस्तै कसैले राजदरबारमा जागिर खान चाहेमा त्यसलाई भत्तासहित तलब दिनु पर्छ । यस प्रकार ती मानिसहरु आ-आफ्ना काममा लाग्छन् अनि राजाको देशमा कसैले पनि दुःख दिने छैन। सबैले काम पाएमा आ-आफ्नो काममा संलग्न भई नराम्रो काम तिर चिन्तन गर्ने फुर्सद नै हुँदैन - इच्छा गरेमा त्यसलाई सरकाले पूंजी दिनु पर्छ । त्यस्तै कसैले राजदरबारमा जागिर खान चाहेमा त्यसलाई भत्तासहित तलब दिनुपर्छ। यस प्रकार ती मानिसहरु आ-आफ्ना काममा लाग्छन् अनि राजाको देशमा कसैले पनि दुःख दिने छैन । सबैले काम पाएमा आ-आफ्नो काममा संलग्न भई नराम्रो काम तिर चिन्तन गर्ने फुर्सद नै हुँदैन । अनि तपाईको राज्य झन समृद्धिशाली हुनेछ र सबैले सुखपूर्वक जीविका गरेर बस्नेछन् ।

राजा विजितले पुरोहित ब्राहम्णलाई हुन्छ, हवस् भनी गएर आफ्नो राज्यमा ज-जसले खेती गर्न उत्साही छन् उनीहरुलाई आवश्यक कृषि औजार र बिउ बिजन दिए । जसले व्यापार गर्ने इच्छा प्रकट गर उनीहरुलाई पूंजी दिए । जे-जसले जागिर खाने इच्छा प्रकट गरे उनीहरुलाई भत्ता सहित उचित तलब उपलब्ध गराइ दिए । यसरी सबैलाई कामको व्यवस्था मिलाई दिएकोले देशमा कहिं कतै पनि अशान्ति भएन । कसैले कसैलाई सताएन र सबै आ-आफ्ना काममा तल्लीन देखिए। सबैले आफ्नो बाल बच्चासँग नाचेर निश्चिन्त भई जीविका चलाए । यस्तो शासन व्यवस्था भए हामी कहाँ पनि शान्ति व्यवस्था देख्न पाइएला कि !



Downloaded from http://dhamma.digital

# मार्ग प्रदर्शक बुद्ध

भगवान बुद्ध मार्गदर्शक मात्र हुनुहुन्छ । एकदिन भगवान बुद्धकहाँ ठूला विद्वानहरु आएका थिए । उनीहरुले भगवान बुद्धसँग प्रश्न गरेका थिए । -'तपाईको धेरै शिष्य भिक्षुहरु छन् । शिष्यहरुमा, भिक्षुहरुमा धेरै जसो अनुशासित, आचरण राम्रो भएका पनि छन् । कुनै कुनै भिक्षुहरु अनुशासनहीन, आचरणहीन, बेढंग आचरणका पनि छन् । किन यस्तो भएको हो ? सबैलाई किन तपाईले तालिम दिनुभएन ? अनुशासित बनाउनु भएन ?'

भगवान बुद्धले भन्नुभयो - "मेरो काम बाटो देखाउनु मात्र हो, राम्रो शिक्षा दिने मात्र हो । उनीहरुले राम्रोसँग, ध्यान दिएर, शिक्षा हासिल गरेर, आचरण गर्नु नगर्नु उनीहरुकै हातमा छ । शुद्ध हुनु र अशुद्ध हुनु आफ्नै हातमा छ । कसैले कसैलाई शुद्ध गर्न जिम्मा लिन सक्दैन ।" भगवान बुद्धले उनीहरुसित सोध्नुभयो "तपाईहरु कहाँबाट आउनुभएको ?"

"राजगृहबाट हामीहरु आएका हौं ।" "तपाईसित कसैकसैले राजगृह जाने बाटो सोधेका छन ?" "छ, थुप्रै मानिसहरुले राजगृह जाने बाटो सोधेका छन् ।" के त ती सोध्नेहरु सबै राजगृहमा पुग्छन् त ? ' "त्यो त हामीहरुले देखाएका बाटोअनुसार गएमा पुग्छ । हामीले देखाएको बाटोअनुसार गएन भने पुग्दैन । अन्तै पुग्छ ।"

"त्यस्तै महानुभावहरु ! मैले पनि निर्वाण जाने, दुःखबाट मुक्त हुने बाटो देखाइदिएको छुँ । मैले देखाएको



Downloaded from http://dhamma.digital

बाटोमा हिंडेको खण्डमा उनीहरु दुःखबाट मुक्त हुन्छन्, निर्वाण पथमा पुग्दछन् । जस जसले मैले देखाएको बाटोअनुसार, मैले दिएको उपदेशअनुसार आचरण गर्दैन उनीहरु त्यहाँ पुग्दैनन् । अनुशासित हुँदैनन्, रहन-सहन आचरण राम्रो हुँदैन भने यसमा मेरो दोष छैन । उनीहरुकै दोष हो ।"

शुद्ध हुने र अशुद्ध हुने आफ्नै मनको कुरा हो । आफ्नै हातको खेल हो । मन, दिलैदेखि आफैले नै महशुस गरेर शिक्षा हासिल गरेको खण्डमा, शिक्षा हासिल गरेअनुसार आचरण गरेको खण्डमा उनीहरु शिक्षित हुन्छन् । अनुशासित हुन सक्छन् । अन्यथा हुन सक्दैन ।

यस कुराले के थाहा हुन्छ भने भगवान बुद्ध मार्गप्रदर्शक मात्र हुनुहुन्छ । उहाँले बाटो देखाउनुहुन्छ । त्यो बाटोमा जानु नजानु उनीहरुको खुशी हो । यो सान्है राम्रो काम हो । भगवान बुद्धको शिक्षा राम्ररी ध्यान दिएर अध्ययन गरेको खण्डमा हामीलाई ज्ञानलाभ हुन्छ । अन्यथा ज्ञानलाभ हुँदैन ।

यसै प्रसंगमा म अर्को कथा उल्लेख गर्न चाहन्छु । कमहास्थविरको दुईजना नवयुवक शिष्य भिक्षुहरु छन् । उनीहरु बाल्यकालदेखि नै अति नै मिलनसार, नङ्ग र मासुजस्तै घनिष्ठ सम्बन्ध भएको साथीहरु थिए । दुबैले समय समयमा भगवान बुद्धले कथा भन्नुभएको ठाउँमा जाने गर्दथे । दुबै जनाले कुरा गरे - "हामी पनि भिक्षु बन्न जाऔं । अनि राम्रोसँग धर्माचरण गर्न सकिन्छ । हामी गृहस्थाश्रममा बसेर भगवान बुद्धको धर्म आचरण गर्नु सजिलो



Downloaded from http://dhamma.digital

छैन । जाउँ हामी दुवै भिक्षु बन्न ।"

भिक्षु बन्न जाँदा भगवान बुद्धले महाकाश्यप महास्थविरलाई जिम्मा दिनुभयो, उहाँले जिम्मा लिनुभएर प्रव्रजित गुर्नभयो । उहाँका चेलाहरु बने । उनीहरु पहिला अति नै मिल्ने साथीहरु प्रव्रजित भएर चीवर धारण गरेपछि विचारमा भेद आउन थाल्यो, स्वभाव पनि फरक हुन थाल्यो । एकजना खुब अल्छी बन्न पुग्यो भने अर्को अप्रमादी (होशियार) भएर खुब सजग, सतर्क भएर आफूले गर्नुपर्ने काम समय मै गरिहाल्ने बानी बसाल्यो ।

महाकाश्यप महास्थविरलाई बिहान नुहाउनको लागि पानी तताएर दिनुपर्दोरहेछ । एकजनाले पानी तताएर दिने गर्छ । रातदिन उसले आफूले गर्ने काम समय मै गर्न थाल्यो । अर्को चाहिं मेरो साथीले गरिहाल्छ मैले किन गर्ने भनेर अल्छी भएर चुपचाप बस्न थाल्यो । फेरी आफूले काम नगरिकन नै जश पाउने इच्छा गर्दथ्यो । पहिलो शिष्यले बिहान उठेर पानी तताईसकेपछि दोश्रो शिष्य महाकाश्यप कहाँ गएर 'भन्ते, पानी ताती सक्यो नुहाउन आउनोस्,' भनेर भन्थ्यो ।

यसरी आफूले काम नगरे तापनि आफूनै नै गरेझै गरी जश पाउने कोशिस गर्ने बानी कसंरी बिग्रियो ? हुन त मैले गरे पनि उसले गऱ्यो भनेर भन्दा खास केही फरक त पर्दैन । तर उसको बानी भने दिनका दिन बिग्रदै गइरहेछ । यो राम्रो शील आचरण होइन । यसले उसको चित्त झन झन अशुद्ध हुँदै जान्छ । दुःखमुक्त हुन सक्दैन । त्यसैले उसलाई



Downloaded from http://dhamma.digital

सुधार्नुपर्छ भनेर पहिलो शिष्यले आफ्नो अल्छी साथीलाई 'साथी हामी दुईजना बाल्यकालदेखि मिलेको , एउटै विचार धाराका थियौं । अहिले भिक्षु बनेपछि, विचारधारा फरक भयो नि ! तिमीले आफूले काम नगरिकन म आफैले गरेझै गरी जश लिन खोज्छौ । यो त धर्माचरण भएन । धर्मानुकूल भएन । यो राम्रो काम होइन । यसले चित्त शुद्ध हुँदैन । त्यसैले आचरण राम्रो हुनुपर्‍यो । आफूले पनि गर्नुपर्ने कर्तव्य पालन गर्नुपर्‍यो अनि मात्र आध्यात्मिक उन्नति हुन सक्छ । नत्र त हुँदैन । यस्तो ठग्ने काम गर्नु भएन । मिल्दैन यो पहेँलो वस्त्रमा' भनेर सम्झाउन थाल्यो ।

तर उसले साथीको कुरा सुनेर शिक्षा लिएन । उ अटेरी नै बन्यो । सधैं आफ्नो साथीले गरेको कामलाई आफैले गरेझैं भन्ने बानी छुटाएन । जश लिने इच्छा छुटाएन ।

अर्को साथीको भने अल्छी साथीलाई जसरी भए पनि सुधार्नुपर्‍यो भन्ने विचारले एकदिन पानी तताउँदा कम पानी राखेर पानी ततायो । पानी छिट्टै तात्न थाले । दोश्रोले हेरिरह्यो- ' अब पानी तातियो, म गुरुकहाँ गएर भनिदिन्छु' भनेर भन्न गयो । 'भो गुरु ! पानी ताती सक्यो, नुहाउन आउनोस् ।'

महाकाश्यप भन्ते नुहाउन तयार हुनुभएर जानुहुँदाखेरि पानी अलिकता मात्रै देख्नुभयो । महाकाश्यपले दोश्रो शिष्यलाई बोलाएर 'तिमीले पानी ताती सक्यो भनेको होइन' भनी सोध्नुभयो । शिष्य आएर हेर्दछ त पानी अलिकता मात्र छ । 'त्यसले मलाई ठगेछ, अलिकता मात्र पानी तताएछ' भनी



Downloaded from http://dhamma.digital

भन्दा महाकाश्यप भन्तेले सोध्नुभयो - 'के तिमीले पानी तताएको होइनौ नी त ? 'होइन उसले तताएको ।' 'त्यसो भए आफैले पानी नतताइकन, नजानिकन, म कहाँ आएर किन भन्न आएको ?' अर्को शिष्यलाई बोलाउनुभएर सोध्नुभयो-'यो के भएको ?'

'हो, भन्ते ! पहिला हामी दुईजना खुब मिलेको साथी, बिचारधारा मिलेको । तर प्रव्रजित भएर पहेंलो लुगा लाएपछि उसको विचारधारा फरक भयो । आचरण फरक भयो । आफूले काम नगरिकन, जश पाउने मात्र काम गर्छ । काम केही पनि गर्दैन, अल्छी बनेर बस्छ । मैले धेरैपल्ट सम्झाउने कोशिस गरें । तर उ अटेरी भएर बस्यो । मेरो साथीको व्यवहार, स्वभाव सुधार्नुपऱ्यो भनेर मैले उसलाई शिक्षा दिनको लागि यस्तो काम गरेको हुँ' भनेर भन्यो ।

अनि महाकाश्यप महास्थविरले त्यो अल्छी भिक्षुलाई भन्नुभयो - ' यो त धेरै नराम्रो कुरा सुन्नुपऱ्यो नि । पहेंलो लुगा लगाएर यस्तो नभएको, नमिलेको काम गर्नु भएन । यो शोभा दिदैन । अरुले गरेका काम आफूले गरेको झैं गर्ने । काम नगरिकन जश पाउने इच्छा गर्ने । यो ठीक काम होइन, राम्रो स्वभाव होइन । यसलाई सुधार्नुपर्छ ।'

त्यो भिक्षु यति सुनेर साह्रै रिसायो । 'उसको कारणले मलाई गाली दिनुभयो' भनी विचार गऱ्यो । शिक्षा लिएन । मेरो आचरण नराम्रो भएकोले मलाई गुरुजीले अर्ति दिनु भएको, गाली गर्नुभएको भनेर विचार गरेन, महशूस गरेन । रिसाएर भोलिपल्ट भिक्षाटनमा जानुपर्नेमा उ



Downloaded from http://dhamma.digital

भिक्षाटनमा गएन ।

उ एक्लै महाकाश्यप भन्तेको दाताको घरमा गएर झूठो कुरा बोल्यो-' मेरो गुरुजी अलिक सञ्चो हुनुहुन्न । अलिक पच्न सक्ने मीठो , नरम खानालिन पठाउनुभएको, त्यसैले उहाँको लागि खाना दिनोस्' भनेर मागेर, पछि आफूले नै खायो । भोलिपल्ट महाकाश्यप भन्ते दाताको घरमा जानुभयो। दाताहरु, उपासक उपासिकाहरुले सोधे - 'तपाईलाई सञ्चो छैन भनेको, अहिले ठीक हुनुभयो ? किन ? के भएको छ र मलाई ' भनी सोध्नुभयो। 'हिजो तपाईको शिष्य आएर तपाई सञ्चो हुनुहुन्न, अलिक नरम, मीठो खाना मगाउनुभएको छ भनेर भन्दा हामीले मीठो-मीठो खाना पचाउन सकिने खाना तयार गरी पठाइदिएका थियौं ।'

यति सुन्नुभएर महाकाश्यप भन्ते चुप लाग्नुभयो । 'यो मेरो चेलाले नराम्रो काम गऱ्यो भनी त्यस भिक्षुलाई बोलाउनुभएर भन्नुभयो - "हे, तिमीले यो के गरेको ? धेरै नै नसुहाउने काम गऱ्यौं नि ! म सञ्चै थिएँ। सञ्चो छैन भनेर मेरो दाताकहाँ गएर भन्यौ । खाना पनि मीठो-मीठो, नरम खालको , खान ल्याएर आफैले खायौ। यो त धेरै नराम्रो काम भयो नि ! जानाजान झूठो कुरा बोल्यौं ।"

यति सुनेर उ झन रिसायो। भोलिपल्ट महाकाश्यप भन्ते र साथी भिक्षु भिक्षाटनको लागि जानुभयो । उसलाई भन्दा 'म भिक्षाटनको लागि नजाने' भनेर चुपचाप बस्यो ।

महाकाश्यप भन्ते र पहिलो शिष्य भिक्षु भिक्षाटन जान लाग्नुभयो । महाकाश्यप भन्तेले अल्छी भिक्षुलाई पनि



Downloaded from http://dhamma.digital

भिक्षाटन जानको लागि भन्नुभयो तर उ मानेन । उहाँहरु जानुभएपछि त्यस अल्छी भिक्षुले बदलालिन कुटीमा आगो लगाएर भाग्यो । महाकाश्यप भन्तेहरु भिक्षाटनबाट फर्केर आउँदा कुटीहरु सबै खरानी भइसकेको थियो । उहाँलाई संवेग उत्पन्न भयो । यो खबर भगवान बुद्धकहाँ पुऱ्याउनुभयो । तव भगवान बुद्धले भन्नुभयो - 'आफूभन्दा ज्ञानी, गुणी साथी छ भने सँगै बस्नु ठीक छ । आफूसमान पाएसम्म पनि बस्न ठीक छ । तर आफूभन्दा हीन, अज्ञानी साथी पाएमा बस्न ठीक छैन, मूर्खहरुसँग बस्नुभन्दा एक्लै बस्नु ठीक छ ।' संसार को स्वभाव विचित्रको छ । मूर्खलाई सम्झाउन गाऱ्हो हुन्छ ।

भगवान बुद्धले धम्मपदमा पनि भन्नुभएको छ - **न परेसं विलोमानी नपरेसं कताकतं, अत्तनोव अवेक्खेय्य कतानी अकतानी च** । अर्थात् अर्काको दोष, त्रुटीहरु खोजिहिंड्नु भन्दा आफूले के गरेको छ के गरेको छैन भनी जान्नु वेश हुन्छ ।

यस उपदेश र घटनाक्रमले के शिक्षा दिन्छ भने मानिस हेरी, परिस्थिति हेरी व्यवहार गर्नसक्नुपर्छ । किनकी अन्यत्र स्थानमा र घटनामा आफूसँग बस्नेहरुसँग मैत्रीभावले बस्नुपर्छ भन्नुभएको छ भने यहाँ मूर्खसंगत गर्नुभन्दा एक्लै बस्नु वेश भन्नुभयो । किनकी मूर्खलाई सम्झाउनु बुझाउनु गर्न गाऱ्होहुन्छ र उसँग मैत्रीभाव गरेर बस्न पनि सकिदैंन । त्यसैले हामीले बुझ्नुपर्छ कि सम्झिनेलाई सम्झाउनुपर्छ, दण्डदिनुपर्नेलाई दण्ड दिनुपर्छ । अर्थात् मानिसको व्यवहार अनुसार व्यवहार गर्न पनि जान्नुपर्छ ।



Downloaded from http://dhamma.digital

# कुरो नातावादको होइन योग्यता र विश्वासको हो

यस कथाको मूल सार पदवी मांगेर लिने होइन अर्थात् पदलोलुप बन्न हुँदैन । अर्को कुरा कर्तव्य परायण बन्नु नै धर्म हो । तेश्रो महत्वपूर्ण योग्यताको कुरा हो नातावादको होइन ।

कर्तव्य र अधिकार यी दुईवटा कुरा मानव समाजको दुइटा पाँग्रा भनुँ या सिक्काको दुइटा पाटा हुन् । यी दुईको नङ र मासु जस्तै समाजसित घनिष्ट सम्बन्ध छ । सबैलाई अधिकार पनि चाहिन्छ तर कर्तव्य पालना नगरीकन अधिकारको मात्र माग गरिरहनु उचित हुँदैन । हुनत कर्तव्य पालन गर्नलाई अधिकार पनि नभै हुँदैन । पहिलेदेखि कर्तव्य पालन गरिरहेका व्यक्तिहरुको मूल्यांकन गर्न सक्ने मानिसहरु कमै पाइन्छ । धेरै जसो ठाउँमा कर्तव्य पालन गर्नुपर्छ मात्र भनिन्छ, तर अधिकार दिईंदैन ।

बुद्धको शिक्षा अनुसार अधिकार विना कर्तव्य पालन गर्न नसक्ने अवस्था पनि हुन्छ । त्यसैले पहिले नै अधिकार प्राप्त गर्ने कुरो पनि आउँछ । उदाहरणको लागि एउटा घटना प्रस्तुत गर्छु ।

बुद्ध ५५ बर्ष पुगेपछि उहाँलाई शरीर कमजोर भएको महशुस भयो । सिद्धार्थ हुँदा देखि जति खान चाहिन्थ्यो त्यत्ति नखाइकन तपस्या गरेकोले उहाँको जिउ कमजोर भएको देखिन्छ । उहाँलाई स्थायी सेवक अथवा निजी सचिवको आवश्यक भएको कुरो निस्क्यो । बुद्धका ८० प्रमुख शिष्य



Downloaded from http://dhamma.digital

भिक्षुहरुले उहाँका सेवक बन्न इच्छा प्रकट गरे । तर बुद्धले स्वीकार्नु भएन । त्यसबखत आनन्द भिक्षु एक जना मात्र चुप लागेर बसिरहे । अरु भिक्षुहरुले आनन्दलाई भने "किन आनन्द बुद्धको सेवक अर्थात निजी सचिव बन्न इच्छा छैन ?"

आनन्द भिक्षुले भने "भगवान बुद्धले मलाई देख्नुहुन्न र ?"

"ममा योग्यता छ भने स्वयं बुद्धले सेवक बन्न भन्नुहुन्थ्यो । फेरि मागेर लिने पदवी के महत्व छ र ?"

अनि केही समयपछि भगवान बुद्धले नै भन्नुभयो "आनन्द ! तिमी मेरो सेवक या निजी सचिव बन ।"

त्यसपछि आनन्दले भने "म सेवक त बन्छु तर मलाई मन नपर्ने ४ र मन पर्ने ४ शर्त र अधिकार पाएको खण्डमा मात्र सेवक बन्छु ।"

बुद्धले सोध्नु भयो- तिम्रो शर्त के हो ? अधिकार के हो ?

भिक्षु आनन्दले पहिले आफूले मन नपर्ने ४ कुरा अगाडि राख्दै भने-

१) तपाईलाई प्राप्त हुने राम्रो चीवर (वस्त्र) मलाई दिनुहुँदैन ।

२) तपाईलाई प्राप्त हुने मीठो खाने कुरा मलाई दिनु हुँदैन ।

३) तपाई सुत्ने कोठामा मलाई सुताउन हुँदैन ।

४) तपाईलाई व्यक्तिगत रुपमा आएको निमन्त्रणामा मलाई लानुहुँदैन ।

बुद्धले सोध्नुभयो - ठीक छ यी चार कुरा तिमीलाई मन नपर्ने भयो । मन पर्ने चार कुराहरु के नि ?

आनन्द भिक्षुले फेरि भने-



Downloaded from http://dhamma.digital

१) मैले स्वीकारेको निमन्त्रणामा भोजनको लागि तपाई जानुपर्छ ।

२) टाढा-टाढाबाट तपाईंको दर्शनार्थ आउने उपासक-उपासिकाहरूलाई जुनबेला भए पनि लिएर आउने मौका पाउनु पर्छ ।

३) जुन बेला भए पनि मलाई शंका भएको कुरा सोध्ने मौका पाउनु पर्छ ।

४) मेरो अनुपस्थितिमा जहाँ पनि जुन उपदेश दिनुभएको छ, त्यो यथावत मलाई भनिदिनु पर्छ ।

भगवान बुद्धले सोध्नुभयो- "आनन्द ! किन यो अधिकार मागेको ?"

भिक्षु आनन्दले स्पष्टीकरण दिँदै भने "भगवान ! यदि तपाईलाई प्राप्त भएको राम्रो लुगा, खाने कुरा र तपाईंको कोठामा सुतेको खण्डमा र तपाईसँगै निमन्त्रणामा गएको खण्डमा अरुले राम्रो लुगा, खान, आरामसँग सुत्न र बुद्धसँगै निमन्त्रणामा गएर सुविधा लिन पाए कसले बुद्धको सेवा नगर्ला भनेर भन्न थाल्नेछन् । अर्को कुरा यदि मैले स्वीकारेको निमन्त्रणामा तपाई जानुभएन भने- आनन्द बुद्धको निजी सचिव भएको के मतलब बुद्धलाई भोजनको लागि लिएर आउन सकेन त्यसलाई त्यति पनि अधिकार छैन भन्न थाल्नेछन् ।

त्यस्तै तपाईको दर्शनार्थ टाढाबाट आउनेहरुलाई अविलम्ब तपाईकहाँ लिएर आउने अधिकार पाउनुपर्छ नत्र भने अनेकौं अपवाद आउँछ ।

धर्मसम्बन्धी अनेक प्रश्न गर्ने गर्छन् । त्यसको



Downloaded from http://dhamma.digital

सन्तोषजनक उत्तर दिन सकिन भने यो पनि शर्मको कुरो हुन्छ।

भविष्यमा मसँग प्रश्न गर्न सक्छन्- यो सूत्र, यो श्लोक, यो कथा बुद्धले कहाँ भन्नुभएको ? त्यसबखत मैले भन्न सक्नुपर्छ। अन्यथा म अपवादबाट बच्न सक्दिन।"

त्यसपछि भगवान बुद्धले भन्नुभयो- "तिम्रो अधिकारको माग ठीक छ, म सन्तुष्ट छु। आजदेखि तिमी मेरो स्थायी सेवक (निजी सचिव) भयौ" भनी पदवी दिनुभयो।

भिक्षुहरुमा कानेखुशी चल्यो-बुद्ध पनि नातावादमा पर्नुहुँदो रहेछ। आफ्नै काकाको छोरा भाई पर्ने आनन्दलाई निजी सचिव पदवी दिनुभयो।

अनि बुद्धले भिक्षुहरुलाई जम्मा गरेर भन्नुभयो **"न भिक्खवे मुखं ओलोकेत्वा दम्मि"** अर्थात हे भिक्षुहरु ! मुख हेरेर मैले पदवी दिएको होइन। योग्यताको र विश्वासको कुरा हो। हे भिक्षुहरु, आनन्दमा ती योग्यताहरु छन् जुन योग्यताको अभाव अरुमा छ। ती योग्यताहरु हुन्- (१) बहुस्सुतो (धेरै विद्वान) (२) सतिमतो (जागरुक र स्मृतिवान) (३) गतिमतो (गतिशील) (४) धितिमतो (धैर्यवान) (५) उपट्ठाको (कर्तव्य परायण सेवक)।

भिक्षु आनन्दले पदवी पाएपछि निर्वाण र अरहत्व पाउने आशालाई त्यागी दिए र बुद्धको सेवा नै परम धर्म ठानी सेवारत भए। २० बर्षसम्म गतिशील भई कर्तव्य परायण भए। यस कथाको मूल सार पदवी मागेर लिने होइन अर्थात पदलोलुप बन्नुहुँदैन। अर्को कुरा कर्तव्यपरायण बन्नु नै धर्म हो। तेश्रो महत्वपूर्ण कुरो योग्यताको कुरा हो। नातावादको कुरो होइन। ●●●



Downloaded from http://dhamma.digital

# मैत्री मित्रता

आज भोलीको अशान्त वातावरण र परस्पर द्वेशले भरिएको समाजलाई बुद्धको मैत्री सन्देश धेरै काम लाग्छ । शान्ति स्थापना गर्नको लागि मैत्री वा मित्रता र भातृत्वको भावना अत्यावश्यक छ । यसको साथै करुणा, मुदिता (प्रसन्नता), उपेक्षा (तथस्थता, मध्यस्थता) पनि त्यतिकै आवश्यक छ । यी गुण धर्महरु नभएमा एकता कायम हुन सक्दैन । एकताको (मेल मिलाप गरि बस्ने) वानी भएन भने उन्नतीको बाटो सम्भव छैन । अनि मनमा सुख शान्ति पनि प्राप्त हुँदैन । त्यसैले शान्ति प्रिय, उन्नतिशील र विकासको मार्गमा जान रुचाउने वर्गले तथा सुख मन पराउने मानिसले यो ४ वटा गुणधर्महरु आ-आफ्नो मनमा समावेश गर्ने कोशिस गर्नु पऱ्यो ।

मैत्री भनेको संस्कृत शब्द हो । यसलाई पालि भाषाबाट मेत्ता भनिन्छ । यसको अर्थ विशुद्धि मार्गमा बुद्धघोषाचार्यले दिनु भएको अनुसार यसरी रहेको छ "मेज्जतीति मेत्ता, सिनिटहतीति अत्थो" जुन कार्यले कडा चित्तलाई नरम पारिदिन्छ । त्यस धर्म कार्यलाई मैत्री भनिन्छ । स्नेह वा प्रेम भनेको दुइ प्रकारका छन् :- तृष्णा प्रेम (स्नेह) र मैत्री प्रेम । यिनीहरु मध्ये तृष्णा प्रेम मोहयुक्तको लोभ, धर्म वा स्वभाव हो । त्यसैले मोहले छोपी मायामा परी विछोड भएर बस्न नसक्ने स्वार्थयुक्त प्रेमलाई तृष्णा प्रेम भनिन्छ । यो अकुशल धर्म भएको कारणले पछि शोक र पीर हुने कार्य



Downloaded from http://dhamma.digital

हो । मैत्री प्रेम द्वेषको विरुद्ध प्रज्ञाले अगाडि सारेको अलोभ सहगत धर्म हो ।त्यसैले आफुलाई पनि अरुलाई पनि अहिलेलाई पनि, पछि सम्म पनि हित र असल हुने धर्म मैत्री प्रेम वा स्नेह भनी बुझ्न सक्नु पर्छ । यो एक शुद्ध मनको अवस्था वा कुशल धर्म भएकोले जहिले पनि सन्तोष र सुखको लागि हेतु बन्ने धर्म हो ।

मैत्री चित्त अपनाउनको लागि अर्काको गुणमात्र खोज्न जान्नु पर्छ, अनि मात्र मैत्री चित्त बलियो हुनेछ । दोषमात्र खोज्ने बानी गऱ्यो भने द्वेष भाव बढेर मैत्री विग्रदै जानेछ ।

**"करुणुपाय कोसल्ल परिग्गहितो लोक्कस्स हित सुख संहारो अत्थतो अब्यापादो मेत्ता पारमिता"**

अर्थात् चरियापिटक अर्थकथामा बोधिसत्वले निभाउनु पर्ने मैत्री चित्त पारमिता लक्षण यसरी बताइएको छ । करुणापूर्वक उपाय कौशल्यले युक्त भइ जनताहरुलाई हित सुख हुने कार्य गर्ने अद्वेष वा बदला लिने भावना नगर्नु नै मैत्री पारमी हो ।

यसमा ध्यान पुऱ्याउनु पर्ने एक कुरो छ । राग वा लोभ पनि मैत्रीको नकाव लगाएर आउने एक प्रकारको क्लेशको चाकु देखाएर झिंगा मार्ने जस्तो कामलाई मैत्री भन्न सकिदैन । मैत्री चित्त राखी उपकार गरे जस्तो बहाना मात्र गरेर अर्को तर्फबाट ठग्ने र आफ्नो अधिनमा राखी शोषण गर्न खोज्ने कार्य शुद्ध मैत्री हुन सक्दैन । त्यसैले राग चित्त र मैत्रीलाई छुट्टाछुट्टै रुपमा चिनेर यथार्थ रुपले बुझ्न नसके सम्म



Downloaded from http://dhamma.digital

हामीमा यस्तो शुद्ध गुण समावेश हुन सक्दैन । यसरी ज्ञानले देख्न नसके सम्म धेरै जसोले आफूमा लुकेर बसेका राग वा तृष्णालाई नै मैत्री चित्त थानेर भुल्न सक्छन्, भ्रममा पर्न सक्छ । माथि उल्लेख भए जस्तै तृष्णा वा स्नेह प्रेममा परिवर्तन हुन सक्छ । उदाहरणको लागि राम्ररी लुगा लगाउन दिइराखेको सुकिलो पोषिलो रहर लाग्दो बच्चा देख्ने वित्तिकै धेरै जसो मानिसलाई त्यो बच्चालाई बोक्न मन लाग्ने हुन्छ, त्यो बच्चासंग कुराकानी गर्न मन लाग्ने हुन्छ, केही खाने कुरो दिन मन लाग्ने हुन्छ । तर मैलो र घिन लाग्दो फोहोर लुगा लगाइराखेको फोहरी बच्चा देख्ने वितिकै त्यो बच्चा तर्फ यसो पनि हेर्न मन नलाग्ने हुन्छ । त्यो बच्चा नजिक आउँदा पनि गाली गर्दै धपाएर पठाइन्छ । धनी व्यक्तिहरुको राम्रा र रहरलाग्दो बच्चा र नराम्रो बच्चाहरु दुईजना मध्ये गरिब व्यक्तिको बच्चा प्रति बढि मैत्री राख्न आवश्यक छ । दुःखी बच्चा प्रति करुणा राख्न सक्नु पर्छ । राम्रो र धनी बच्चा प्रति मैत्री गर्ने र गरीब दुःखी र नराम्रो बच्चा प्रति (मैत्री र माया नगर्ने) शुद्ध मैत्री भाव होइन । यसलाई तृष्णा प्रेम वा राग सहितको प्रेम भनिन्छ । श्रीमती, छोरा र छोरी प्रति, श्रीमान्, राम्रा कोही व्यक्तिहरु वा प्राणीहरु प्रति माया लाग्ने स्वभाव सबै राग हो । सत्य मैत्रीले त राम्रो–नराम्रो, धनी गरीब, विद्वान र अशिक्षित भनी भेदभाव राख्दैन । आफुलाई दुःख मन नपरे जस्तै, आफु दुःख देखेर डराएर जस्तै र सुख मन परे जस्तै, संसारमा रहेका सबै प्राणिहरुलाई पनि दुःख मन पर्दैन दुःख देखेर सबै डराउँछन् ।



Downloaded from http://dhamma.digital

सबैलाई सुख नै मन पर्छ। अरुलाई पनि दुःख नहोस्, सुख होस भन्ने इच्छा गर्ने स्वभाव भएको व्यक्तिले मैत्रीपूर्वक काम गर्छ। मैत्रीपूर्वक नै कुरा गर्छ। जे काम गरे पनि अरुलाई दुःख नहोस्, सुखि होस् भन्ने कामना गर्दछ। आफूले गरिदिएको उपकारको बदला केही फाइदा लिने आशा राख्दैन। कर्तव्य सम्झेर काम गरिदिन्छ। तर तृष्णा प्रेम गर्ने बानी पऱ्यो भने पछि शोक र पीर हुने गर्छ। यसले खिचिलो अवस्थालाई श्रृजना गरिदिन्छ।

आफुलाई मनपर्ने व्यक्तिहरुलाई आफूले चिन्ने व्यक्तिहरुलाई र मध्यस्थ व्यक्तिहरुलाई मैत्री राख्न सजिलो छ। तर आफुलाई मन नपर्ने व्यक्तिहरु र शत्रुहरु प्रति मैत्री राख्न सजिलो छैन। मन नपर्ने व्यक्तिहरुलाई मैत्री राख्दा क्षान्ति गुणलाई स्मरण गर्दै सहन सक्नु पर्दछ। मैत्री बल हुनु नै क्षान्ति भएर हो। क्षान्ति साथी नभइकन मैत्री पूर्वक कुनै काम पनि गर्न सकिदैन।

मैत्री धर्म प्रचार गर्दै यसलाई अभ्यास र पालना गर्नु नै विश्व शान्तिको लागि एक मूल मन्त्र हो। संसारका धेरै जसो व्यक्तिहरुमा यो मैत्री धर्म वा नरम हृदय, करुणाले भरिएको हृदय भएमा मात्र परस्पर सहयोग र सहानुभूति हुनेछ। अनि मात्र समान रुपले आर्थिक उन्नति हुन सक्नेछ। मैत्री चित्त भएन भने मानिसहरुको जीवन आनन्दमय हुन नसकी जीवन एक बोझको रुपमा अनुभव हुनेछ। नरमाइलो हुनेछ। मन नपर्ने व्यक्तिहरुको अधीनमा बस्नु पर्दा र आफूसंग मेल नखाने व्यक्तिहरुसंग जीवन विताउनु पर्ने



Downloaded from http://dhamma.digital

पनि ठूलो दुःख हो भनी बुद्धले सारनाथमा सबभन्दा पहिला उपदेश दिनु हुँदा भन्नु भएको हो । "अप्पियेहि सम्पयोगो दुक्खो" अप्रिय व्यक्तिसंग जीवन बिताउनु पनि दुःख नै हो । मैत्री चित्त नभएको व्यक्तिले अरुलाई दुःख मात्र दिने योजना बनाइ रहन्छ । उपकार कार्य गरेपनि अरुहरुको जीवनमा बोझ पर्ने गरी उपकार गर्छ । सारा अशान्ति र कलहको बीउ नै अमैत्री चित्त हो । अमैत्री व्यवहारले गरेर आजभोली जन जीवनमा सुरक्षा भनेको नै छैन । भय र त्रासले कोही मुक्त छैनन् । मानिसहरुले आफ्नो जीविकाको लागि रात दिन नभनी रगत र पसिना बगाई कमाएको सम्पत्तिको सुरक्षा सम्म पनि गर्न सकिरहेका छैनन् वा सुरक्षित भएको छैन । कहिं टाढा गएर कमाउन जाने साहस सम्म पनि छैन वा सुरक्षित भएको छैन । मानिसहरुको अमैत्री व्यवहारले गर्दा सुरक्षा भनेको नै छैन । सबै व्यक्तिसंग मैत्री (राम्रो व्यवहार) चित्त भएमा, अदालत, चौकी, सिपाही आदीको जरुरत नै हुने थिएन । परस्पर मैत्री भाव नभएको कारणले कतिपय व्यक्तिहरुले आफ्नो रगत पसिनाको कमाई धेरै जसोले नचाहिंदो क्षेत्रहरुमा खर्च गरी खेर फालिरहेको हुन्छ ।

❁❁❁

*"त्यागको भावनाको अभाव भएको कारणबाट नै अहिलेको राजनीतिक विकृति पन्पिएको हो । अहिले हामी कोही पनि लोभ र पापबाट मुक्त छैनौं ।"*

प्रस्तुति- प्रकाशक



Downloaded from http://dhamma.digital

# बुद्ध -शिक्षामा आत्मालोचना

भनिन्छ-"विद्या हीनं पशु ।" अत: शिक्षा जीवनको यौटा अभिन्न अङ्ग हो , जसबिना मानिस शिक्षित, सभ्य र सु-संस्कृत हुन सक्दैन । शिक्षा कुनै पनि राष्ट्रको मेरुदण्ड हो। कुनै पनि देशमा सुधार, विकास र शान्तिको स्थापना गर्न सर्वप्रथम त्यहाँ शिक्षित र सभ्य नागरिकको निर्माण हुनु अत्यावश्यक कुरा हो । परदोष मात्रै देख्नु, अर्काको निन्दा चर्चा मात्रै गर्नु शिक्षितपनाको लक्षण होइन । त्यसैगरी आफ्नो दोष- गल्ती नेदेख्नु धेरै खराब प्रवृत्ति हो । हुन त समाजमा मानिसहरु आफ्नो टाउकामा गोरु चढेको देख्न सक्दैन तर अर्काको टाउकोमा जुम्रा हिडेको समेत देख्न सामर्थ्यवान हुन्छन् । शिक्षितपनाको अभावले गर्दा नै अर्काको दोष मात्र खोजी आलोचना र भए नभएको लान्छना गरी हिड्ने गर्छन् । त्यसैले बुद्ध भन्नुहुन्छ - "अर्काले के गऱ्यो के गरेन त्यसमा ध्यान नदिई आफूले के गर्दैछु भन्ने तर्फ ध्यान केन्द्रित गर्न सकेमा कलह बढ्दैन, शान्त हुन्छ ।"

यहाँ जसले जे भने पनि; जे जस्तो गरेपनि वास्ता नगरी नतमस्तक रहनु भनेको होइन । आफ्ना छोरा-छोरीहरुद्वारा हुने गल्तीहरुलाई आमा-बाबुले सुधारार्थ ओवाद दिनु, गल्ती पुन: नदोहोरियोस् भनी दण्ड दिनु न्यायोचित मात्र नभएर गरीनु पर्ने कर्तव्य पनि हो । त्यस्तै विद्यार्थीवर्गलाई अनुशासित तुल्याउन सक्नु तमाम शिक्षकवर्गको जिम्मेवारी हो । यसरी नै नातावादको बहाना नगरी नै आफ्नै हितैषी



Downloaded from http://dhamma.digital

मित्रले गर्ने गल्तीहरुलाई पनि औंल्याउने गुर्नपर्छ ता कि साथी सप्रिन सकोस् । यसो गर्नु कुनै पनि मित्रको लागि हितचिन्तक सावित भइदिन्छ । तर भए- नभएको दोषारोपण गरी व्यक्तिगत चरित्रमा समेत आँच आउने तवरले आलोचना गर्नु उचित छैन । कसैको चरित्र हनन गर्ने नियत राखी सच्चा आलोचकले आलोचना नै गर्दैन । अर्काको जीवनमा खेलवाड गर्ने, आँच आउने गरी आलोचना गर्नु शिक्षतपना होइन न कि यो कुनै सुधारक शिक्षा नै हुनसक्छ । विचारणीय कुरा त कुनै पनि आलोचना रचनात्मक हुनु जरुरी छ न कि विध्वंसात्मक ।

अन्य धर्म- शास्त्रहरुमा र बुद्धको शिक्षामा यौटा ठूलो अन्तर देखिने कुरा हो- आत्मालोचना । जो कसैले आफ्नो आलोचना गर्ने वित्तिकै आफ्नो केही गल्ती खराबी छ कि भनी सोच - विचार गरी यदि कमजोरी भेट्टाएमा त्यसलाई भूल स्वीकार गर्नु नै आत्मालोचना हो । हामी आफ्नो भूल- गल्तीलाई मुक्तकण्ठदेखि स्वीकार गर्न सकेमा शान्ति स्थापना हुन्छ; कलह,आपसी मनमुताव सेलाउने हुन्छ । कसैले आफ्नो गल्ती स्वीकार गरी क्षमायाचना गर्नु पनि एक किसिमको औषधी जस्तै आदर्श शिक्षा हो । जो घमण्डी अहङ्कारी हुन्छ, कहिल्यै कतैपनि आफ्नो गल्ती स्वीकार गर्न तयार हुँदैन र क्षमायाचना गर्ने त कता हो कता । यस कुरालाई स्पष्ट पार्न बुद्धकालीन घटना प्रस्तुत गर्नु धेरै प्रासङ्गिक देखिन्छ ।

महाकश्यप (अग्र धुतङ्गधारी) भिक्षु, बुद्धका महाश्रावक शिष्यहरुमध्ये एक प्रमुख भिक्षु हो । वहाँका साथमा दुई जना शिष्यहरु रहन्थे । जसमध्ये एकजना गर्नुपर्ने कार्य



Downloaded from http://dhamma.digital

ठीक-ठीक समयमा कसैले नभन्दै गर्ने कर्तव्य - निष्ठावान थिए त अर्को चहिं अल्छी; आफूले कुनै काम नगरिकनै अरुले गरेको काम जस लिन सिपालु र चाप्लुसी प्रवृतिका थिए। त्यो ज्ञानी शिष्यले आफ्नो मित्रलाई सुधार गर्न बारम्बार कुबानी हटाउन र क्रियाशील हुन आग्रह गर्दै रहे। तर उसले कानमा तेल हालेर बसे, सुधिने तर्फ ध्यानै दिएन। यसरी एकदिन ज्ञानी शिष्यले आफ्नो गुरु महाकाश्यप समक्ष साथीको दुर्गुण सम्पूर्ण उदाङ्ग पारिदिए।

अल्छी अर्काले गरेको कार्यलाई पनि मैले गरेको भन्ने शिष्यलाई महाकाश्यपले आफूकहाँ बोलाउनु भई भन्नुभयो "तिम्रो प्रवृत्ति कार्य त गेरुवावस्त्र (चीवर) लाई अलिकति पनि सुहाउँदैन। आफू अल्छी भएर पनि अरुले गरेको कार्यलाई मैले गरेको हुँ भनी भन्ने बानी राम्रो होइन।" आखिर लुच्चा खराब प्रवृत्तिको शिष्य न हो, गुरुको आदर्शपूर्ण नैतिक अनुशासनलाई सत्य हो भनी आत्मालोचना गर्दै गरेन, मै ठीक छू भनी बसे। परिणामतः अमृतलाई पनि विषको रुपमा देख्ने त्यो शिष्यले अन्तमा कुटी (विहार) नै जलाएर त्यहाबाट भागेको भागेकै गरे।

कुनै पनि बेला गुरु अथवा हितैषीहरुले ओवाद दिंदा आफ्नो भूल स्वीकार नगर्नाले, आत्मालोचना नगर्नाले अशान्ति पैदा हुन्छ ; अप्रिय घटना घट्न जान्छ। भूललाई स्वीकारी क्षमायाचना गर्न सकेमा शान्ति भई नै रहन्छ, अप्रिय घटना घट्नै पाउँदैन भन्ने कुरा उपर्युक्त बुद्धकालीन घटनाले स्पष्ट हुन्छ।



Downloaded from http://dhamma.digital

गौतम बुद्धले कुनैबेला एकठाउँमा भन्नुभएको थियो "विरोधी; आलोचकहरु नै नभएको भए शायद म बुद्ध नै हुँदैनथें होला" विरोध र आलोचनाको अभावमा मानिस स्वेच्छाचारी बन्नपुग्छ ; मनोमानी गर्ने प्रवृत्ति वृद्धि हुन्छ । कुनै पनि काम - कुराको विरोध वा आलोचना हुनु अति जरुरी भए अनुसार आलोचना विध्वंसात्मक नभई रचनात्मक हुनु पनि जरुरी नै छ । बुद्ध भन्नुहुन्छ- "विरोधीहरु हुनाले सदा झै सतर्कताकासाथ बस्न बाध्य भएँ ; अनि मन बलियो हुँदै आयो र मनको वशमा पछि-पछि लागें । मनलाई आफ्नो काबूमा राख्ने सामर्थ्य प्राप्त हुँदा नै मनको क्लेश क्षय गर्न सकें; ज्ञानलाभ भयो, बोध भएँ र संसारको यथार्थ तत्व अवबोध गरी बुद्ध भएँ ।"

एकदिन भगवान बुद्धले आफ्ना शिष्य भिक्षुहरु एकै ठाउँमा भेला गराई सोध्नुभयो- "हे भिक्षुहरु ! मेरा बचन र शरीरले कुनै यस्तो गल्ती भएको छ, जसरी तिमीहरुलाई अप्ठ्यारो स्थितिमा बस्न बाध्य तुल्याएको छ ? मेरो स्वचरित्र बारे तिमीहरुको केही गुनासो त छैन ?"

प्रत्युत्तर दिनु हुँदै भगवान बुद्धका प्रमुख शिष्य अग्रमहाश्रावक सारिपुत्र महास्थविरले भन्नुभयो- "जति बेला तपाईले बुद्धगयामा पिपलको रुखमुनि ध्यान बसी बुद्धत्व लाभ गर्नुभयो, त्यसै बेलादेखि नै तपाईको मन, बचन र शरीर शङ्ख जस्तै सफा देखिन्छ, शुद्ध र अति पवित्र नै छन् । अतः हे सुगत ! तपाईको चरित्रबाट किञ्चित मात्रामा पनि शङ्काभाव छैन; आलोचनाबाट तपाई शून्य रहनु भएको छ ।"



Downloaded from http://dhamma.digital

बुद्ध जस्ता महापुरुषले पनि आफ्नो केही गल्ती भएको छ कि भनी प्रश्न गर्नु यो सानोतिनो शिक्षा होइन। आजको विश्वमा राष्ट्र-राष्ट्र बीच भइराखेको युद्ध, अशान्ति मूलतः आत्मालोचनाको कमीले नै हो। अर्थात आफ्नो दोष चाहिँ ढाकछोप गर्ने तर अर्काको सानोतिनो गल्तीलाई पनि बारबार कोटयाई त्यसैलाई मुद्दा चलाउनु।

भगवान बुद्धले भिक्षुहरुलाई १५ दिनको एक पटक (पूर्णिमा र औंसी ) सबै एकै ठाउँमा भेला भई एक आपसमा आत्मालोचना गर्नुपर्छ भनी नियम - कानून बनाउनु भएको थियो। नियम भनेकै विनय हो। विनयको भाषामा आत्मालोचना भनेको आपत्तिदेशना गर्नुलाई भनिन्छ। तर अपशोचको कुरा ! त्यो विनय- नियम आज पुस्तकमै कालाक्षरको रुपमा सिद्धान्तमै सीमित भएर थोपारिएर रहेका छन, व्यवहारमा बिलाइसक्यो। त्यसकारण निश्कर्षतः शान्ति प्रेमीहरु अर्काको आलोचना गर्नुभन्दा अहिले आफूमा पनि दुर्गुण; गल्ती र दोष छ छैन एकचोटी गहिरो मन दिई; चिन्तन-मनन गरी आत्मालोचना गर्नु धेरै राम्रो कुरा हो; यसो गर्दा तत्काल प्रभावकारी परिणत हुनु, धेरै हदसम्म सफल हुने पनि देखिन्छ। तसर्थ स्वतः आत्मालोचनाले सबैको भलो नै हुन्छ; चारैतिर शान्तिको उल्लासपूर्ण वातावरण नै श्रृजना हुन्छ।

*सँधैको अनिश्चित, व्यवसाय र रोजगारीको अभावले खान नपाएको यथार्थ र आर्थिक दुरावस्थाको कारण आङ ढाक्ने क्षमता नभएको अवस्थामा प्रजातन्त्रको दुहाई निरर्थक हुन्छ।*

**प्रस्तुति- प्रकाशक**



Downloaded from http://dhamma.digital

# मानिसको आचरण उन्नति र पतनको कारण

मानिसको जीवनको सुखमय र शिक्षित हुन शिक्षा अर्थात अध्ययन नभै नहुने हुन्छ। शिक्षा भनेको पढेर ज्ञानी हुने औषधि र उपाय हो। तर, पढेर मात्रै ज्ञानी र शिक्षित हुने भन्ने चाहिं पक्कै होइन। ज्ञान बाहिर बाट आउँछ, ज्ञानी भित्रबाट हुन्छ। पढेर र सुनेर आफ्नै मनले वा ज्ञानले सम्झी यो राम्रो, यो नराम्रो हो भनी बुझी महसुस गरी सतर्क हुनसके मात्र शिक्षित र ज्ञानी हुन सकिन्छ।

आमाबाबुले आफ्ना छोराछोरीलाई स्कूलमा पढ्न पठाउनुको दुईटा कारण छन् -पढेर आफ्नो बच्चा ठूलो मानिस बनोस् र ज्ञानी पनि होस्। शिक्षा भनेको स्कूलमा पढेर मात्र प्राप्त हुने कुरा होइन। सज्जनहरुको संगत र राम्रो कुरा सुनेर पनि शिक्षा लिन सकिन्छ। तर डाडुले दिनका दिन तरकारी चलाए पनि तिहुनको स्वाद थाहा नपाए जस्तो संगत गरेर मात्र कहाँ शिक्षा पाइन्छ र ? चालनीबुद्धि मानिस कहिल्यै पनि शिक्षित हुनसक्दैन। चालनीले राम्रो जति फाली दिन्छ, नराम्रो मात्र स्वीकार गर्छ, जम्मा गर्ने गर्छ। नाङ्लो बुद्धि मानिस शिक्षित र ज्ञानी हुनसक्छ। नाङ्लाले काम नलाग्नेलाई बाहिर फालिन्छ र काम लाग्ने मात्र बचाउने, जम्मा गर्ने काम गर्छ। आजभोलि त चालनीबुद्धि भएका मानिसहरुको संख्या बढी देखिन्छ तर नाङ्लो बुद्धि र विवेकबुद्धि भएका मानिसहरुको संख्यामा ह्रास भइरहेको देखिन्छ।



Downloaded from http://dhamma.digital

स्कूलमा गएर नपढी देश-विदेशको भ्रमण गरेर पनि शिक्षा लिन सकिन्छ, ज्ञानगुण हासिल गर्न सकिन्छ। नाँच या नाटक हेरेर पनि शिक्षा लिन सकिन्छ, सिनेमा र टी.भी हेरेर पनि शिक्षा लिन सकिन्छ। तर, राम्रो मात्र नाङ्गलोले जम्मा गरे जस्तै राम्रो काम टिपेर लिन सक्नुपर्छ। तर आजभोलि त सिनेमा हेरेर चरित्र भ्रष्ट हुने कुरा मात्र सिक्ने र प्रेरणा लिनेहरु बढी देखिन्छन्।

बुद्ध धर्मअनुसार पढेरलेखेर विद्वान भएकोलाई मात्र शिक्षित भनिदैन। साँच्चै नै विद्वान र सभ्य त्यसलाई भनिन्छ, जो पढेलेखे अनुसार सदाचरी हुन्छ ,आमाबुबा, जेठा तथा गुरुजनहरुको सम्मान गर्न जानेको छ, घमण्डी हुँदैन, अनपढ र गरीबहरुलाई हेला गर्दैन। अशिक्षितहरुलाई तालिम दिन सजिलो छैन। तर, मनोवैज्ञानिक तरिकाबाट सम्झाई-बुझाई शिक्षा दिनसके तालिम हुन्छ, पढेलेखेका विद्वानहरुले राम्रो विकासको काम गर्नेप्रति ईर्ष्या र डाह गर्दैनन्। 'एकतामा अनेकता' ल्याउँदैनन्। आफूलाई पनि अरुलाई पनि हित र भलो हुने उपकार हुने काम गर्छन्। यस्ता गुणभएका व्यक्ति शिक्षित र विद्वान भनिन्छन्।

आजभोलि अपवादस्वरुप मानिसहरु आई.ए.,बी.ए आदि पास भएपछि घर-गृहस्थीको काम गर्न मन पराउँदैनन्। तरकारी आदि किन्न बजार जाऊ भन्दाखेरि पढेर परीक्षा पास गरेको पसल गएर किनमेल गर्नलाई होइन। तरकारी किन्न जाने काम त अक्षर पढ्न नजान्नेहरुको काम हो, नोकरको काम हो भन्ने सुनिन्छ। पढेपछि सेवक बन्ने होइन, मालिक



Downloaded from http://dhamma.digital

बन्न खोज्ने दास प्रवृत्ति कहाँबाट आएको ? यो शिक्षानीति नै "घ्योबुद्धि" दासबुद्धिको हो कि ! केही पढेलेखेका छोरा-छोरीबाट घरका कामकाज नहुने भएपछि केहीले भन्न थालेका छन्,"आजभोलि अनपढ छोरी-बुहारी र छोरी नै ठीक" छोराहरुलाई पढाउन पनि नमिल्ने भएको छ। पढेलेखेकाहरुले बूढाबूढी आमाबुबाहरुको वास्ता गर्दैनन् भन्न थालेका छन्।

पाली साहित्यको पराभव सूत्र अनुसार बुद्धले भन्नुभएको छ -"सुविजानो भवं होति सुविजाने पराभवो" अर्थात् - पढेलेखेको मान्छे उत्थान पनि हुन्छ, पढेलेखेको मान्छे पतन पनि हुन्छ। कुनै कुनै पुस्तकमा यसरी अर्थ लेखिएको पाइन्छ - उन्नति र पतन हुने उसको आचरण अनुसार हो।

साधारण समाजको व्यवहारतिर दृष्टि राख्दा के देख्न पाइन्छ भने पढेलेखेर मात्र मानिस शिक्षित हुँदैन, ठूलो मानिस बन्दैन। शिक्षित वर्गले नै ठूला ठूला गल्ती र अपराध गरिरहेको पाइन्छ। पढेलेखेका शिक्षित व्यक्तिहरुले (भिक्षुहरुले) पनि भन्नेलाई भन्ने देऊ भनी बस्दछन्। लाज, शर्म र भयहीन भएका छन्। मानिसको व्यवहारले नै उसको शिक्षितपन र विद्वता चिन्न सकिन्छ। कामले मानिस उच्च र नीच हुन्छ भनेर बुद्धले भन्नुभएको प्रमाण वसल सूत्रमा छ। " न जच्चा वसलो न जच्चा होति ब्राह्मणो" अर्थात् जन्मले कोही पनि नीच र ब्राह्मण हुँदैन। "कामना वसलो होति कम्माना होति ब्राह्मणो" - अर्थात् कामले नीच र ब्राह्मण हुन्छ।

पढेलेखे अनुसार इमानदारीपन र अलि निःस्वार्थी



Downloaded from http://dhamma.digital

हुनसके राम्रो हुने अझ आफ्ना कमजोरी र गल्ती महसुस गरेर आत्मालोचना गर्नसके 'सुनमाथि सुगन्ध' थपिने हुन्छ। शिक्षाको महत्व पनि बढ्छ। देशको संस्कृति र सभ्यता पनि सुरक्षित हुन्छ। पुरानो कला, वस्तु र रीतिस्थितिको रक्षा गर्नु मात्रलाई संस्कृति भनिदैन। मानिसको सभ्य जीवनसित संस्कृतिको घनिष्ट संम्बन्ध छ। संस्कृतिको रक्षाको लागि आर्थिक जीवनमा पनि सुधार आउनुपर्छ। जति भए पनि नपुग्ने तृष्णाको जालमा फस्नेले पनि संस्कृतिको रक्षा गर्न सक्दैन। भोकाएको मानिसबाट पनि संस्कृतिका रक्षा हुन सक्दैन। हाल फोहरी काठमाडौं देखेर विदेशीहरु नेपालमा संस्कृति नै छैन भन्छन्। नेपालीहरु साह्रै अशिक्षित वर्गमा समावेश भएका छन्। यद्यपि नेपाललाई प्राकृतिक सौन्दर्य र धार्मिक परम्पराले धनी बनाएको छ। बुद्धको जन्मभूमि र सगरमाथाले नेपालको शीर जति ठाडो भएको छ, उत्तिकै फोहरको पहाडले नेपाल धेरै तल खसेको छ। अतः नेपालमा कस्तो प्रकारको शिक्षा दिइन्छ ? भन्ने प्रश्न खडा भएको छ।

*"आर्थिक व्यवस्था नसुध्रिएमा धर्म, प्रजातन्त्र, संस्कृति, भाषा र इतिहासको अस्तित्व रहँदैन। प्रजातन्त्रको सारतत्व फुटेर बस्नुमा होइन, मिलेर काम गर्नुमा छ। भोकाएका मानिसलाई धर्म र संस्कृतिसंग कुनै मतलब हुँदैन।"*

प्रस्तुति- प्रकाशक



Downloaded from http://dhamma.digital

# बुद्धको अनात्मवाद - एक दृष्टि

आत्मावाद र अनात्मावाद गम्भीर र विवादास्पद विषय हो । म यस विषयको विवादमा अल्भिरहने पक्षमा छैन । तर यो एउटा अध्ययनको विषय चाँहि पक्कै भएको हुनाले यही विषयमा मैले यो लेख लेख्न लागिरहेको छु । बुद्धको अनात्मावाद बारे मैले जाने बुझे अनुसारको धारणा मात्र पोख्न चाहेको छु। यसैले यो ठीक पनि हुन सक्छ। बेठीक पनि हुन सक्छ । ठीक छ वा छैन आ - आफ्नो दृष्टिमा भर पर्छ ।

भगवान बुद्धले कसैलाई दु:खबाट मुक्त गरिदिने जिम्मा लिनुहुन्नथ्यो । उहाँ भन्नुहुन्थ्यो -- "मैले तिमीहरुलाई दु:खबाट मुक्त हुने बाटो मात्र देखाउन सक्छु अर्थात् निर्वाण प्राप्त गर्ने तरिका मात्र बताउन सक्छु । मैले देखाएको त्यस बाटोमा तिमीहरु हिड्न सक्यौ भने र मैले देखाएका तरिका अपनायौ भने मात्र तिमीहरु दु:खबाट मुक्त निर्वाण अवस्था प्राप्त गर्नेछौ । मैले कसैको हात समातेर त्यहाँ सम्म लान सक्दिन । सुद्धि असुद्धि पच्चत्तं नाञ्ञमञ्ञं विसोधये, "कसैले कसैलाई पनि शुद्ध गर्न सक्दैन । शुद्ध र अशुद्ध हुने आ-आफ्नो हातमा नै छ ।" तर एक चोटी भिक्षुहरुमा अहंकार भावना बढ्दै गएको देखेर बुद्धले फेरी भन्नु भयो -"हे भिक्षुहरु ! तिमीहरुले अहंकार एउटा नाश गर्न सकेको खण्डमा मैले तिमीहरुलाई दु:खबाट मुक्त गरी निर्वाण पुऱ्याउने जिम्मा लिन सक्छु ।"



Downloaded from http://dhamma.digital

त्यसैले मैले बुझे अनुसार अहंकारलाई दमन गर्नु र नाश गर्नु नै अनात्मवाद हो । आज संसारमा जति पनि अशान्ति मच्चिरहेका छन्, शोषण नीति चलिरहेका छन्, ती सबैको कारण धेरै जसो मानिसहरुमा अहंकार भावना विद्यमान रहेकोले गर्दा नै हो । गौतम बुद्ध भन्नु हुन्छ -- "धन मद, यौवन मद, रुप मद, बल सम्पन्न हुनु, विद्वान हुनु, अरुले गर्न नसक्ने दुर्लभ कार्यहरु गर्न सक्नु, वक्ता बन्न सक्नु, पुरुषार्थ देखाउन सक्नु आदि यी सबै अहंकार बढ्नुको मुख्य कारणहरु हुन् । अर्थात् जड हुन् । नेतृत्वको लागि झगडा हुने, खेलकुदमा विजयी बन्ने आदी सबै अधिकांश आत्मवादी हुन् र अहंकारीपनाका कारणहरु हुन् । यिनीहरुबाट नै झै झगडा शुरु हुने गर्दछ ।

यही अहंकार भावनाको सिलसिला बद्ध भई यहाँ बुद्धकालीन एउटा घटना प्रस्तुत गर्न चाहन्छु । एक समय बुद्ध समक्ष भद्दिय शाक्य राजा, अनुरुद्ध, आनन्द, भगु, किम्भिल तथा देवदत्त आदि ६ जवान शाक्य राजकुमारहरु भिक्षु बन्नको लागि आइपुगे । उनीहरुको साथमा उपालि नाम गरेको एक जना हजाम सेवक पनि थिए । सबैले आ-आफ्नो गहना फुकाली उपाली सेवकलाई जिम्मा लगाई उसलाई घर फर्कन आदेश दिए । गहनाको पोको बोकी जाँदै गरेको उपालिलाई एक अज्ञात भयले सतायो "बाटोमा आफू एक्लैलाई डाँकाहरुले मारेर गहनाको पोको लुटेर जाने हो की, फेरी यी शाक्य राजकुमारहरु किन त्यागी बन्न पुगेका होलान् । यसमा केही रहस्य लुकेको हुनु पर्छ । मलाई चाहिँदैन यो गहनाको पोको । "



Downloaded from http://dhamma.digital

यति विचार गरी उसले जंगल मैं एउटा रुखमा त्यस गहनाको पोको भुण्ड्याएर त्यसमा "जसले लिए पनि हुन्छ " भनेर लेखि त्यसै छाडेर बुद्ध समक्ष आइपुगे । उसलाई देखी शाक्यहरु अचम्म मानी सोधे - " किन फर्केर आएको?" उत्तर थियो "म पनि भिक्षु बन्ने ।" यो सुनी शाक्य राजकुमारहरुले भने "भो गुरु ! कृपा गरी हामी सबैलाई भिक्षु बनाई दिनुस् ।"

गौतम बुद्धले सोध्नु भयो "लौ त, पहिले को भिक्षु बन्ने?" शाक्यहरुले भने "हामी शाक्यहरु अभिमानी र अहंकारी छौं ।त्यसैले यो हजाम उपालीलाई पहिला भिक्षु बनाई दिनु भए राम्रो हुनेछ ।" -बुद्धले भन्नु भयो "तिमीहरु सबैले उसलाई टाउको भुकाइ वन्दना (अभिवादन) गर्नुपर्ला नि ।" "उनीहरुले पनि दृढताका साथ भने हामी गर्छौं यसमा कुनै आपत्ति छैन ।"

यो सुनि गौतम बुद्धले पहिले हजाम उपालिलाई, अनि पछि अरु शाक्य राजकुमारहरुलाई पालै सित भिक्षु बनाइदिनु भयो । अनि बुद्धले भन्नु भयो –– "अब तिमीहरु भन्दा जेठो भइसक्यो । त्यसकारण उसलाई सबैले ढोग र नमस्कार गर ।" ६ जवानले नै वन्दना गर्न कोसिस गरे तर कसैको पनि टाउको तलतिर भुकेन । उनीहरुले विचार गरे उपालि त हाम्रो सेवक हो । कसरी उसको अगाडि टाउको भुकाउने होला टाउको त भुक्दै भुकेन । अनि बुद्धले सोध्नु भयो- "के भयो ।" उत्तर थियो "भो शास्ता ! टाउको भुकाउनै गाह्रो भयो ।" बुद्धले भन्नु भयो "होइन टाउको भुकाई हात जोडि तिमीहरु सबैले अभिवादन गर्नै पर्छ ।"



Downloaded from http://dhamma.digital

"अनि मात्र तिमीहरुको अभिमान दमन हुनेछ।" यस्तो कुरा सुनि शाक्य कुमारहरु सबैले जबर्जस्ती आ-आफ्नो टाउको झुकाई उपालिलाई नमस्कार गरेर आफ्नो अहकांरलाई दमन गरि छाडे।

त्यस पछि त्यस उपालि भिक्षुमा थाहै नपाउने गरी विस्तारै अभिमान चढ्न थाल्यो उनले विचार गरे - म सेवक थिएँ पहिले। अब म मालिक बने। मालिकहरु चाहि सेवक बने। यसरी ऊ घमण्डले फुलेर सालिक जस्तै ठाडो गरेर बस्न थाल्यो। भनिन्छ, फल नफलेको फुस्रो रुख ठाडो हुन्छ। तर फल फलेको रुख गन्हौं भएर झुक्छ रे। त्यस्तै भयो त्यो उपालि भिक्षु पनि। तर विस्तारै उसलाई आफु भित्र आएको परिवर्तन स्वभाव बारे होश आयो र आफूले आफैलाई अर्ति दिन थाल्यो "ए अहिले तिम्रो अभिमान चढ्दैछ। तल झर्ला! अहंकारी बन्छस्! गुणले मात्र मान्छे ठूलो बन्छ। तिमीले आफ्नो मनको अहंकारलाई जरै देखि उखेलेर फ्याँक : होइन भने तिम्रो पतन हुने छ। मेहनत गरी मन शुद्ध पार्ने कोशिस गरी मनको मैलालाई तुरुन्त पखाल।" यति विचार गरी सकेपछि उसले आफ्नो अहंकार हटाउनको लागि खुव मेहेनत गर्नमा तल्लिन भयो। विपस्सना ध्यानमा लागेर अन्तमा उसले आफ्नो कमजोर अहंकारलाई फाल्न सफल भयो। अर्थात् अन्तर्मुखी भएर मनको मैलालाई पखाल्न सफल भयो। ऊ साँच्चि कै अध्यात्मिक गुणले पनि जेठो भयो। अन्य अनुशासित भिक्षुहरु मध्ये अग्रपंक्तिमा पुगे। यसरी उपालि शुद्ध अनात्मवादी भए। तर उपालिसंगै भिक्षु बन्ने



Downloaded from http://dhamma.digital

देवदत्तको भने अभिमान चढ्दै गयो । उसले बुद्धलाई प्राप्त भएको मान सत्कार देखी सहन नसकी इर्ष्या भावना जगाए । बुद्धलाई मारेर आफू बुद्ध बन्ने कुआकांक्षा राखे । फलस्वरुप अहंकारी, आत्मवादी बनेर ऊ एकदिन पतन नै भयो । यो घटनाले स्पष्ट हुन्छ अहंकार नै आत्मा हो । अहंकारलाई नाश गर्न सके मात्र अनात्मवादी बन्न सकिन्छ ।

फेरी अर्को एउटा उदाहरण प्रस्तुत गर्न चाहन्छु । बी.ए. पास भएको एक जना व्यक्ति काम नपाएर बम्बई पुगेछ र साहुले सोधे तिमीले के काम गर्न सक्छौ ? उसले आफू बी.ए. पास भएको कुरा प्रकाशनमा नल्याइ जे काम पनि गर्न सक्छु भन्ने उत्तर दिएकोले साहुले उसलाई अनपढ सम्झी भाँडा माझ्ने, कुचो लगाउने र सफा सुग्घर गर्ने काम दिए । त्यस्तै काम भए पनि उसले खुब राम्रोसंग मेहेनत गरेर आफ्नो कर्तव्य पालन गर्दै रहे । एक दिन उसले कुचो लाउदै गर्दा एउटा चिठी फेला पर्‍यो । उसले उत्सुक भई त्यस चिठ्ठी पढ्दै गरेको देखेर साहुजीले सोधे ए ! तिमीलाई लेख पढ गर्न पनि आउँछ । त्यसो भए लेख त भनी अक्षर लेखाउँदा उसले राम्ररी अक्षर लेखेको देखेर साहुजीले भने –– "अरे तिम्रो अक्षर त खूब राम्रो रहेछ नि । त्यसो भए मेरो सामान झिकाउनको लागि तिमीले एउटा चिठी लेखि दिनुपर्‍यो" भनी सामानहरुको लिष्ट पनि दियो । उसले त शिष्ट र राम्रो भाषामा चिठी लेखिदियो त्यो चिठी सम्बन्धित ठाउँमा पुगेपछि त्यहाँबाट राम्रा सामानहरु मनग्गे आइपुगेको देखेर साहुजी दंग परि पुरानो मुन्सीलाई अर्कै पदमा सारेर कुचिकारलाई



Downloaded from http://dhamma.digital

पदोन्नति गरी मुन्सी पदमा राखी काम गराए ।

त्यसपछि नाटक शुरु हुन थाल्यो । पुरानो मुन्सीलाई इर्ष्या हुन थाल्यो । कहाँको एउटा मान्छे आएर मेरो थाली नै खोसेर लियो । पर्ख न उसलाई नबिगारि कहाँ छाड्छु र भनी नयाँ मान्छेको गल्तीहरु खोज्ने र निहु खोज्ने कार्य शुरु गर्नथाल्यो ।र यसरी यहाँ आत्मावाद शुरु हुन थाल्यो ।

यता नयाँ मान्छेको पनि आफ्नो पदोन्नति हुना साथ उसमा पनि विस्तारै अभिमान चढ्न थाल्यो । तर ऊ सभ्य भएकोले समयमै उसलाई होश आयो । उसले आफूले आफैलाई अर्ति दिन शुरु गरे - "ए ! सावधान ! तिमी कस्तो अवस्थामा यहाँ आइपुगेको विर्स्यौ ? घमण्डले तल खस्ला ।" यसरी आफूलाई होशमा राख्नको लागि उसले आफ्नो पुरानो लुगा र जुत्ता एउटा बाकसमा राखेको रहेछ । कार्यालय जानु भन्दा अगाडि दिनका दिन उसले त्यो पुरानो झुत्रो लुगा र जुत्तालाई नमस्कार गरेर पहिलेको अवस्था स्मरण गर्दै अहंकारलाई दमन गरेर मात्र अफिस जाने गर्न थाल्यो ।

पुरानो मुन्सिले त्यस मानिसको चेवा चर्चा गरि हिंड्दा–हिड्दै उसको ढोका नजीक गएर कान थापिरहेको रहेछ । दैवसंयोगले नयाँ मुन्सीले भित्र बाकस खोलेको र बन्द गरेको आवाज उसले (पुरानो मुन्सी)ले सुन्यो । अनि पुरानो मन्सीले गलत अनुमान लगायो - "नयाँ मुन्सीले पैसा हिनामिना गरेर पैसा गनिरहेको होला ।" यसैलाई प्रमाण मानी उसले साहुजी कहाँ गएर चुक्ली गर्‍यो - "साहुजीले



Downloaded from http://dhamma.digital

मान्छे चिन्नु जान्नु छैन, एकैचोटी पैसा जिम्मा लगाउनु भयो । नयाँ मुन्सी त इमान्दार छैन जस्तो लाग्छ है । उसले पैसा हिनामिना गरे जस्तो देखिन्छ । साहुजीले सोधे" "तिमीले यो कुरो कसरी थाहा पायो ?" उसले भन्यो "नपत्याए ऊ कार्यालय जानु अघि साहुजी उसको कोठातिर एक पटक जानुस न । उसले कोठा बन्द गरी मज्जाले पैसा गनि राखेको हुन्छ ।" पैसाको कुरा सुन्ने वित्तिकै साहुको मनमा चिसो पस्यो । शंका लाग्यो । साहुजीले तथ्य कुरो पत्ता लगाउनु पर्‍यो भनी नयाँ मुन्सी कहाँ निरीक्षणको लागि जाँदा मुन्सीको कोठाको ढोका बन्द रहेको देख्यो । यो देखेर साहुजीले भने- "ए ! ढोका खोल त !" साहुजीको आवाज सुन्ने वित्तिकै भित्र हत्तर पत्तर बाकस बन्द गरेको र हत्तारिदै नयाँ मुन्सिले ढोका खोलेको देख्ने वित्तिकै साहुजीले शंका गरेर सोधिहाले "तिमी के गरिरहेको ?" "केही होइन" भन्ने जवाफ सुनी साहुजीलाई त झन शंका लागेर आयो र भन्यो - "तिम्रो बाकस खोल त ?" बाकस खोलेर हेर्दा त त्यहाँ पुराना लुगा र जुत्ता एक जोर बाहेक अरु केही देखेन । त्यसैले साहुजीले सोध्यो - "तिमी दिनका दिन ढोका बन्द गरेर के गरिरहन्छौ यहाँ ?" "उसले जवाफ दियो" - "साहुजी म यही मैलो झुत्रो जुत्ता लगाएर यहाँआएको नोकर हुँ । मलाई तपाइले कुचिकार पदबाट मुन्सी पद दिई पदोन्नती गर्नु भयो । त्यसैले ममा अभिमान र अहंकार चढ्यो । अनि यही लुगालाई नमस्कार गरेर मैले आफ्नो अहंकारलाई दमन गरेर संधै कार्यालय जाने गर्दैछु ।"



Downloaded from http://dhamma.digital

उसको यो कुरा सुनी साहुजी जिल्ल परे । अनि उसले भूतपूर्व मुन्सीलाई बोलाएर यसरी गाली गऱ्यो " तिमी त दुष्ट र इर्ष्यालु पो रहेछौ । मन त निकै कालो रहेछ नि तिम्रो । धत् बेइमान ।" यहाँ बुझ्नुपर्ने कुरा के छ भने नयाँ कारिन्दाले आफुमा अहंकार चढेको थाहा पाउने वित्तिकै कसरी दमन गऱ्यो । यसलाई अनात्मवाद भन्न सकिन्छ । तर पुरानो कारिन्दा आत्मावादी बनेकोले उसले आफूलाई मात्र होइन आफ्ना वरिपरि नै अशान्ति मच्चाइदियो ।

सबैलाई थाहा छ, स्वामी विवेकानन्द साधु महात्मा हुनुहुन्छ भन्ने कुरा । उहाँ हिन्दु साधु भएर पनि अनात्मवादी हुनुहुन्छ भनी मैले ठान्दछु । त्यसबारे एउटा घटना प्रस्तुत गर्न चाहन्छु । एक दिन उहाँ गंगाजीमा घुम्न निस्कनु भएछ । त्यहाँ थुप्रै साधुहरु बस्ने गर्थे । स्वामी विवेकानन्दले एक जना साधु कहाँ गएर सोध्नु भयो "कहिले देखि यहाँ रहनु भएको ?" "४० बर्ष भयो ।" "अहिले के गर्दै हुनुहन्छ र किन साधु बन्नु भएको ?" "म ४० हजार सम्पत्ति त्यागेर साधु बनेको छु र अहिले ज्ञान प्रचार गर्दै छु ।"

स्वामी विवेकानन्दले भन्नु भयो- "४० वर्ष भइसक्यो, अहिलेसम्म आफूले त्याग गरी आएको - साधु बन्नु भएको ४० हजार सम्पतिलाई बोकिराख्नु भएको रहेछ । तपाईको मनबाट अहिलेसम्म त्यो फ्याकिसकेको धनको माया छुटेको रहेनछ । कसरी साधु बन्नु भयो ? अहंकारलाई नाश गर्नको लागि नै हो साधु बन्नु पर्ने । ४० हजार सम्पति त्यागेर आएँ भन्ने अहंकार कहाँबाट पलायो ? तपाईं त शुद्ध साधु होइन



Downloaded from http://dhamma.digital

रहेछ ।" यो कुरा सुनी त्यो साधु त वाल्ल परेछ । यसरी आत्मवादी र अहंकारमा घनिष्ठ सम्बन्ध छ ।

म पनि अनात्मवादी बन्न मन पराउँछु । तर मैले अहिले सम्म मबाट अहंकार हटाउन सकिराखेको छैन । प्रवचन दिंदा भन्ने गर्छु -- 'मैले गाउँ गाउँमा गएर धर्म प्रचार प्रसार गर्दैछु । यति पैसा बौद्ध जागरण शिविरलाई खर्च गरें । यति हजारको पुस्तक छापें । दुई दुई वटा पत्रिकामा प्रधान सम्पादक छु 'आदी भावनाहरु मनमा आई समय समयमा अहंकारी पना आउने गर्छ कहिले काही आफूले प्रवचन गरेको बारे आफ्नो नाम अखबारमा छापेन भने पनि रीस उठ्ने गर्छ । आफुले चन्दा दिंदा केही गरी आफ्नो नाम छापिएन भने पनि मन खिन्न हुने गर्छ । दृष्टि पत्रिकामा छापिएको आफ्नो लेखलाई आफैले लेखेको भए पनि तीन चार-पटक पढ्ने गर्दछु । यो पनि एक प्रकारको अहंकार हो । यही आत्मवादी हो । आत्मवादले गर्दा प्रभुत्ववाद उत्पन्न हुने गर्छ ।

*नेपालमा थरि-थरिका जात छन्, थरिथरिका भाषा छन्, थरि-थरिका धर्म छन् । संविधानले नेपाललाई बहुजातिय र बहुभाषिक भनेर परिभाषा दिएको छ । तर बहुधार्मिक भनी उल्लेख गरिएन । थरि-थरि धर्महरुको अस्तित्व रहेको स्पष्ट देखिएता पनि संविधानमा यस्तो भयंकर गल्ति कसरी भयो भन्ने कुरा ठूलो रहस्यको विषय हो ।* प्रस्तुति- प्रकाशक



Downloaded from http://dhamma.digital

# बुद्ध धर्म र युवावर्ग

बुद्ध धर्म र युवावर्गको भूमिकाबारे चर्चा गर्नु अगाडि बुद्ध धर्मबारे छलफल गरौं। कस्तो प्रकारको गतिविधिलाई बुद्ध धर्म भनिन्छ एकपल्ट अध्ययन गर्नु आवश्यक छ। बुद्धको शिक्षा वा धर्मलाई धेरैले आ-आफ्नो दृष्टिअनुसार अंगालिरहेको देखिन्छ। जस्तै-

दार्शनिकहरुले बुद्ध धर्मलाई मुक्ति मार्ग-अर्थात निर्वाणतिर मात्र लैजाने धर्मका रुपमा स्वीकारेका छन्। उनीहरुले आत्मा, अनात्मा र पुर्नजन्म शब्दतिर धेरै रुचि र ध्यान दिएका छन्।

बुद्धापाका श्रद्धालुहरुले बुद्ध धर्मलाई अनुसरण गरेर दान धर्म गरेर मरिसकेपछि स्वर्ग पुगिन्छ भनी ठानेका छन्।

अधिकांश युवावर्गको दृष्टिमा बुद्ध धर्म अन्धविश्वास र कर्मकाण्डबाट मुक्त हुने शिक्षा हो। पुर्नजन्मलाई पनि बुद्ध धर्ममा स्थान छैन भन्ने उनीहरुको धारणा छ।

बौद्ध साहित्य अनुसार उपयुक्त तीनै विचारधारालाई गलत भन्न मिल्दैन। बरु सबै ठीकै छन् भन्नु जाति होला। तर जहाँसम्म मैले बुझेको शिक्षा छ बुद्ध धर्मको मूल लक्ष्य निर्वाणलाभ गर्नु र अन्धविश्वासबाट मुक्त हुनु मात्र होइन। अपितु मानिसलाई सदाचारी र सेवामूलक बनाउनु नै बुद्ध धर्मको लक्ष्य हो। अर्को अर्थमा भन्ने हो भने बुद्ध धर्म मानवलाई शुद्ध मानव बनाउने धर्म हो। बलियोले निर्बलियामाथि शोषण गर्नु, शक्तिशालीले कमजोरलाई दु:ख कष्ट दिनु बुद्ध धर्म होइन।



Downloaded from http://dhamma.digital

बुद्धको शिक्षामा शिल वा सदाचार समाधि वा चित्त चञ्चल हुनुहुँदैन भन्ने कुरामा विशेष ध्यान दिइन्छ । अर्थात् मनको वशमा नजान सचेत गराइन्छ । प्रजा अर्थात् सबै ठाउँमा उचित र अनुचितको ज्ञान अथवा विवेक बुद्धि हुनुपर्छ भन्ने कुरामा बुद्ध धर्मले विशेष जोड दिएको छ ।

उल्लेखित गुणहरु सबै मानवमा हुनु आवश्यक छ । शीलमा नैतिकताको कुरो छ । त्यसैले चरित्र राम्रो पार्नुपर्छ । यसलाई ब्रह्मचर्य पनि भनिन्छ । बुद्ध धर्ममा ब्रह्मचर्यको भिन्नै अर्थ छ । आइमाईसित सम्बन्ध नराख्नुलाई मात्र ब्रह्मचर्य भनिदैन । आइमाईको सम्पर्कबाट कोसौं टाढा रहेता पनि यदि कोही व्यक्ति ईर्ष्यालु, झगडालु, महत्वाकांक्षी, लोभी, छली र कपटी छ भने त्यो ब्रह्मचारी हुन सक्तैन । यस अर्थमा बुद्ध धर्म अनुसार मन पवित्र हुनु वा चरित्र शुद्ध हुनुलाई नै ब्रह्मचर्य वा उत्तमचर्या भनिन्छ । आइमाईको सम्पर्कबाट टाढा हुनु मात्र ब्रह्मचर्य होइन । गौतम बुद्धले त विवाहित गृहस्थीलाई पनि ब्रह्मचारी भन्नु भएको छ । उहाँका अनुसार यदि उसको चरित्र शुद्ध छ र अरु आइमाईप्रति कुदृष्टि राख्दैन, बलात्कार गर्दैन भने गृहस्थी पनि ब्रह्मचारी हुन्छ । बुद्ध धर्म अनुसार हृदय संकुचित हुनुहुँदैन । मन फूल जस्तै स्वच्छ र प्रफूल्लित हुनु पर्दछ । अनि मात्र कुनै व्यक्ति ब्रह्मचारी हुन्छ । मन शुद्ध भए जस्तै कर्म र वचनरुपी व्यवहार राम्रो हुनु पनि ब्रम्हचर्याको एक लक्षण हो ।

बुद्ध धर्मको मूल लक्ष्य निर्वाण लाभ गर्नु मात्र होइन । साधारण मानिसले विमुक्ति (निर्वाण) लाभ गर्नु असम्भव नभए पनि गाह्रो अवश्य छ । गौतम बुद्धले एक चोटि भन्नुभएको



Downloaded from http://dhamma.digital

थियो-धनी र गरीबले निर्वाण लाभ गर्न सक्दैन । धनीलाई जति भए पनि पुग्दैन र तृष्णाले सताइराखेको हुन्छ । तृष्णारहित नभई कहाँबाट निर्वाण पाउँछ ? धेरै गरीबलाई जुनबेला पनि आधारभूत आवश्यक बस्तुको अभाव रहन्छ । त्यस्तो अवस्थामा उसको मनमा कहाँबाट शान्ति हुन्छ ? यो सत्य हो बुद्ध धर्म दुःखबाट मुक्त हुनलाई हो । तर दार्शनिकहरुले सम्भीराखेको मरिसकेपछि पाउने स्वर्ग निर्वाण होइन । यो हिन्दू धर्मको मोक्ष जस्तो होइन । त्यस्तै धर्म कर्म गरेर मात्र स्वर्ग पुगिन्छ भन्ने कुरा पनि बुद्धको शिक्षामा पाइँदैन ।

बुद्ध धर्ममा अन्धविश्वास र कर्मकाण्डलाई कुनै प्रकारको स्थान छैन । वैदिक वा हिन्दु कर्मकाण्डबाट बौद्ध युवावर्ग अवश्य टाढा रहनुपर्छ । यस्ता कुरालाई आधार मानेर बुद्ध धर्म अंगालिरहनु अथवा बुद्धको शिक्षाको प्रचारमा लाग्नु सहि तरिका हुने छैन । हामीले गलत तौर-तरिकाको खण्डन गर्दै जानुपर्छ । सफल हुनु गाह्रो पर्ला साम्यवादी देशमा पनि अन्धविश्वास हटाउनु कठिन भइरहेको छ । तर त्यसो भन्दैमा हामीले आफ्नो प्रयासलाई छोड्नुहुँदैन ।

मानौ कि कोही व्यक्ति अन्धविश्वास र कर्मकाण्डबाट मुक्त छ तर त्यो व्यक्तिको आचरण र व्यवहार राम्रो छैन, ऊ स्वार्थी र रिसाहा, छली, कपटी छ त्यो व्यक्ति सच्चा धर्मदूत र धर्म प्रचारक हुन सक्दैन । त्यस्तो व्यक्ति कदापि बुद्धको अनुयायी पनि बन्न सक्दैन । यी कुराहरु भिक्षु वर्ग र बौद्ध संघ संस्थाका कार्यकर्ताहरुले पनि ध्यान दिनुपर्छ । यी कुराहरु मनन् गर्न योग्य छन् ।

जहाँसम्म मलाई लाग्छ कुनै व्यक्ति अन्धविश्वास र



Downloaded from http://dhamma.digital

कर्मकाण्डबाट मुक्त नभएता पनि अरुलाई दुःख हुने, अरुको चरित्र हनन् हुने काम कुरामाथि विचार गर्दैन भने पनि त्यो बुद्धको अनुयायी र सच्चा-मानव हुन सक्दैन शायद यो विचार युवावर्गको विचारको विपरित पनि हुन सक्छ । तर म यो कुरा आफ्नै अनुभवको आधारमा लेख्दैछु ।

बुद्ध धर्ममा युवावर्गको दायित्व के हुनुपर्छ ? शुरुदेखि नै बुद्धको शिक्षा बहुनजहिताय र सेवामूलक रही आएका छन् । गुणात्मक र रचनात्मक काम गरेर अगाडि जानु आजको आवश्यकता हो । उदाहरणका लागि केही युवावर्गलाई यहाँ प्रस्तुत गर्न चाहन्छु । काठमाडौंको धर्मकीर्ति अध्ययन गोष्ठीका युवावर्ग रचनात्मक गतिविधि र धर्म प्रचारमा संलग्न छन् । उनीहरु अनाथालयमा रहेका असहाय र बाढीपीडितहरुलाई बस्त्र अनि अस्पतालहरुमा बैशाख पूर्णिमाको दिन बिस्कुट र फलफूलको वितरण गर्दछन् । उनीहरु समय-समयमा श्रमदान गर्दछन् र गाउँमा स्वास्थ्य सेवा पुयाउँछन् । त्यस्तै काठमाडौं युवा बौद्ध समूहले भोजपुर, चैनपुर, पाल्पा, तानसेन, सप्तरी, धाडिङ, लुम्बिनी, गोरखासम्म गई बुद्ध धर्म प्रचार गरिरहेको कुरा उल्लेखनीय छ । भक्तपुर युवा पुचः ठिमी युवावर्ग र ललितपुर युवक बौद्धमण्डलहरुको कार्य पनि उल्लेखनीय छ । अहिले आएर तानसेन बौद्ध युवा संघ र धरान बौद्ध युवा साथीहरु पनि रचनात्मक बौद्ध गतिविधिमा अग्रसर भइ रहेको समाचार छ । हालै गोरखा, सप्तरी नवलपरासी तथा धादिङमा पनि युवावर्गले संगठित भई धर्म प्रचारार्थ युवा बौद्ध संघ स्थापना गरेको समाचार छ । यो गौरव र हौसला बढ्ने कुरो हो ।



Downloaded from http://dhamma.digital

यहाँनेर म ललितपुर र युवावर्गको आदर्शयुक्त र अनुकरणीय कामलाई प्रस्तुत गर्न चाहन्छु । एकजना शाक्य युवकले श्रेष्ठ जातिकी महिलासँग विवाह गरे । केही वर्षपछि त्यो शाक्य युवकको मृत्यु भयो । बेजातिसँग विवाह गरेको भनी शाक्य परिवार उसको मृत्यु संस्कार गर्न तयार भएनन् । निक्कै लामो गन्थन भयो रे । अनि स्थानीय युवा बौद्ध वर्गले अघि सरेर उसको मृत्यु संस्कार गरिदिए । स्मरणीय छ, त्यही टोलबाट बुद्ध जयन्ती उत्सव अति उत्कृष्ट र भव्यरुपमा मनाइएको थियो । तर एक शाक्य युवकले अर्को जातिको महिलासँग विवाह गरे भनेर मृत शरीरलाई बहिष्कार गरियो । के उनीहरु बौद्ध हुन् त ? त्यो त बौद्ध धर्मको नाममा आडम्बर मात्र भयो । जाति भेद हिन्दू धर्मको र संस्कारको दाइजो वा कोसेली हो ।

म युवा बौद्धवर्गलाई अनुरोध गर्न र सुझाव दिन चाहन्छु । बौद्ध युवावर्गले हिन्दू संस्कार, रीति-स्थिति र दशैं आदि चाड पर्व पनि बहिष्कार गर्न सक्नुपर्छ । अहिले दशैंलाई गुरुङ, मगर र थारु वर्गले बहिष्कार गर्नुपर्ने आवाज पनि उठाइएको छ । यो बडो साहसिलो र उत्साहबर्द्धक अभियान हो । आमा बाबु दिवंगत हुँदाखेरी बर्खी बस्ने चलन पनि हिन्दू संस्कारबाट आएको हो । बुद्ध धर्ममा र बौद्ध देशमा यस्तो चलन छैन ।

ललितपुरको युवावर्गले जस्तै सेवामूलक भई रचनात्मक काम गर्न सकिए धर्ममा युवावर्गको दायित्व बोध हुनेछ ।

❁❁❁



Downloaded from http://dhamma.digital

# भिक्षु जीवन सजिलो छैन

भिक्षु-जीवन काम गर्न मन नलाग्ने र स्वार्थीहरुलाई सजिलो हुनसक्छ तर बास्तविकरुपमा बुझेर धर्म चेतनाले विचार गर्दा भिक्षु जीवन गाह्रो जीवन हो भन्ने बुझिन्छ। भिक्षु जीवन भनेको धेरै आचार सम्पन्न, अनुशासन प्रिय सैनिक झैं नियमले बाँधिएको जीवन हो। यो जीवन कति गाह्रो छ भन्ने कुरा सारिपुत्र महास्थविरले भिक्षु बन्न चाहने एकजनालाई सोधेको कुराबाट थाहा हुन आउँछ यो कुरा यहाँ स्मरणीय हुन आउँछ।

सारिपुत्र महास्थविरको दाताको ७ वर्ष भएको बालकले भिक्षु हुनुपर्यो भनी अति पिर्न थाल्यो। उसलाई केही गर्दा पनि मनाउन सकिन। तत्पश्चात्, उसका आमा-बुबाहरुले बालकलाई सारिपुत्र महास्थविरकहाँ लगेर भने-"भन्ते। यो बालकले भिक्षु हुनुपर्यो भनी साह्रै पिर्न लागेकोले भिक्षु बनाउन यहाँ ल्याएका छौं।"

सारिपुत्र महास्थविरले भन्नुभयो-"तिस्स। तिमीले पहेंलो वस्त्र लगाउने इच्छा गर्यौ। भिक्षु भएर जीविका गर्नु सजिलो छैन। भिक्षु हुनु अति गाह्रो जीवन हो। तातो खाने इच्छा भएको वेला चिसो खानुपर्छ। चिसो खाने इच्छा आउँदा तातो खानुपर्छ। प्रव्रजितहरु अति दुःखपूर्वक जीवन बिताइरहेका हुन्छन्। उनीहरु एक छाकमात्र खान्छन्। भएकोमा संतोष भइराख्छन्। गुरुहरुको मात्र होइन, आफुभन्दा ठूलाहरुको कुरा सुन्नुपर्छ, कोमल स्वभावको हुनुपर्छ। घरमा धेरै धनसम्पति भएतापनि चीवर लगाइसकेपछि त्यसको अभिमान गर्नुहुँदैन।



Downloaded from http://dhamma.digital

खुट्टापुछ्ने पाउपोससरि अहंकार नगरी बस्नुपर्छ। कामभोगीहरुले सुगन्धयुक्त माला लगाउनु हुँदैन । गृहस्थी जीवनभन्दा भिक्षु जीवन विपरितको छ । भिक्षु भएर गर्न नहुने धेरै कुरा छन् गर्नुपर्ने कुरा पनि धेरै छन् । तिमी धेरै साना छौ, त्यस्तै कमलो छौ । दुःख-सुख तिमीलाई केही थाहा छैन । मज्जाले रमाएर आमाको काखमा बस्ने तिमीलाई भिक्षु बन्न सजिलो हुनेछैन । गुरुहरु तथा ठूलाहरु आउनुहँदा बसिराखेको आसनबाट उठ्नुपर्छ । चीवरले दुईटै काँध नदेख्ने गरी वा खास्टो ओढेर्भैं बस्नुहुँदैन । खुट्टा पसारेर बस्नु हुँदैन ।खोकेर खकार फाल्नु हुँदैन । गुरुहरु भएको ठाउँमा एक-खुट्टाले टेकी अर्को खुट्टाले भित्तामा अड्‌डेस राखी बस्नुहुँदैन । हात-खुट्टाको औंला बजाएर बस्नुहुँदैन । दान्ही-जुँगा राखेर कपाल-मात्र खौरिनु हुदैन । कपालमात्र बाँकी राखी जुँगा-दान्ही पनि काट्नु हुँदैन । पैसा थुपार्ने र पैसा थुपार्ने नियतले व्यापार गर्नुहुदैन । पैसा कमाउने नियतले बैद्य-काम गर्नुहुँदैन र जग्गामा बालि लगाउन हुदैन । कुबेलामा बजारतिर घुम्न जानुहुँदैन । गृहस्थीहरुसँग भुलेर बस्नुहुँदैन । गृहस्थीहरुको खबर बोकी यताउता दिन जाने गर्नु हुँदैन । फुकफाक गर्ने, झाँकरी निकाल्ने, लाखे नाँच नाच्ने आदि गर्नुहुँदैन । यसरी गर्न नहुने र गर्नुपर्ने गान्हो नियमहरु धेरै छन् । तिमी सुखले बसिराखेका छौ । तिमी भिक्षु हुने इच्छा नगर ।"

यति कुरा सुनेर त्यो तिस्स भन्ने बालकले भन्यो "-भन्ते । गर्न नहुने र गर्नुपर्ने सबै कुरा तपाईले भनेजस्तै रौ प्रमाण पनि फरक नपर्ने गरी मैले पालन गर्नेछु । तपाईले यसमा केही चिन्ता गर्नुपर्दैन । कृपा गरी मलाई प्रव्रजित



Downloaded from http://dhamma.digital

गराउनुहोस् ।"

यसरी त्यस बालकले विनम्र प्रार्थना गऱ्यो । त्यो बालकको संस्कार नै बलियो थियो । सारिपुत्र महास्थविरले उसलाई प्रव्रजित (भिक्षु) बनाउनुभयो । तिस्स श्रामणेर भोलिपल्ट आफ्नो गुरुसँगै भिक्षा गयो । त्यो बालक भिक्षुको शान्त र शिक्षित अनि साह्रै राम्रो स्वभाव देखा पऱ्यो । धेरैले दान दिन ल्याए । विहारमा पनि धेरैले हेर्न आए । यसले गर्दा उसलाई चित्त सुख भएन । विहारमा बसेर भएन, लाभ सत्कार बढी भयो, लोभ बढ्न सक्छ भनी गौतम बुद्धकहाँ गएर उसले जंगलमा बस्नजाने इच्छा व्यक्त गयो । जंगलमा गएर - पूर्ण गर्ने विधि सिकेर ऊ विहारबाट निस्की जंगलमा पस्यो । त्यसबेलादेखि उसको नाम नै वननारी तिस्स भयो । जंगलमा बस्दा पनि भिक्षा जानुपर्छ । उसको शान्त र संयम चरित्रको स्वभाव देखेर मानिसहरु धेरै खुशी थिए । त्यसैले, धेरै श्रद्धा पनि गर्दथे ।

"आपसन्नानं पसादाय, पसन्नानं भिय्यो भावाय"

अर्थात भिक्षुहरुको जीवन अप्रसन्नहरुलाई प्रसन्न बनाउनको लागि र प्रसन्नहरुलाई अझ बढी प्रसन्न बनाउनको लागि हो । त्यस तिस्स भिक्षुले जंगलमा बसी आफ्नो चर्या राम्रो बनाई श्रमणधर्म पालन गरी जीवन सार्थक बनायो । लाभतिर मन नपठाई लोभ नहुने, तृष्णा हटाउनेतिर मन ध्यान राखी आफूलाई पनि अरुलाई पनि उपकार हुने जीवन बिताएर बस्यो ।

हामीले सुनेका छौं- अशोक राजाले अरुको देशलाई जितेर हजारौं मानिसहरुको हत्या गरिदियो तर उनले मानिसहरु मरेर जतातते फिँजिरहेको देखेर धेरै चित्त दुःखाएर झ्यालबाट हेरिरहँदा निग्रोध भन्ने ७ वर्षको श्रामणेर एकजनाको शान्त,



Downloaded from http://dhamma.digital

संयमी र शिक्षित चर्या देखेर उसको मन आनन्द भयो । त्यही श्रामणेरद्धारा "युद्धमा हजारौं-हजार मानिसहरुलाई मारी देश जित्नुभन्दा आफूले आफैलाई जित्न सके वास्तवमै जित हुनेछ " भन्ने बुद्धको उपदेश सुनेर अशोक राजाको हृदय परिवर्तन भयो । शस्त्र-अस्त्र त्याग गरी अहिंसावादी बन्यो । बहुनज हिताय,बहुजन सुखायका लागि भिक्षु-जीवन भनेको यस्तै कारणहरुले गर्दा भएका हुन ।

बुद्धको समयमा संयमित र शान्तमय भिक्षु जीवन देखेर धेरै मानिसहरु सही चरित्रका भए, समाजमा शान्ति स्थापना भयो । शान्त चालचलन र सहनशीलताले गर्दा दुष्ट मानिसहरुको जीवन नयाँ भयो, राम्रो भयो ।

यहाँ सारिपुत्र महास्थविरको एउटा घटना उल्लेख गर्दछु । एकजना ब्राम्हणले जहाँ गएपनि सरिपुत्र भिक्षु धेरै नै सहनसक्ने भन्ने मात्र चर्चा सुन्यो । साँच्चै त्यो सारिपुत्र भिक्षु सहन सक्ने हो की होइन भन्ने कुरा जान्न पऱ्यो भनि एक दिन वहाँ भिक्षाटन आइराख्नुभएको बेला पछि-पछि लागी मौका पाउनसाथ पछाडी ढाडमा जोडले मुड्की हानिदियो । यसका बावजुद पनि, सारिपुत्र महास्थविर आफ्नै तालमा पाइला चाल्दै अघि बढ्नुभयो । कुट्ने को भन्ने बास्ता समेत राखेनन्, एकपल्ट पनि फर्केर हेरेनन् । यसले गर्दा वहाँलाई कुट्ने ब्राह्मणको मात्र टाउको दुख्यो किनभने त्यत्रो मुड्की हान्दा पनि वास्ता समेत नराख्ने महान् व्यक्तिलाई कुट्न पुगेको थियो । मैले कुटेको व्यर्थै भयो । साँच्चै सहन सक्ने रहेछन् । अहो ! महान् भिक्षुलाई, दोष केही नभएकोलाई कुट्न पुगें भनी चित्त दुःखाएर भयभीत भई सारिपुत्र भिक्षुकहाँ गएर उनले क्षमा माग्नथाल्यो ।



Downloaded from http://dhamma.digital

सारिपुत्र महास्थविरले सोध्नुभयो-"किन क्षमा माग्न आएका हौ ? तिमीले के भूल गर्‍यौ ? मलाई तिमीले के बिगारेका छौ र ?"

ब्राम्हणले भन्यो -"भर्खरै बाटोमा तपाईलाई मुड्कीले बेस्सरी हिर्काउने म नै हुँ। त्यसैले म क्षमा माग्वैछु।"

भिक्षु सारिपुत्रले भन्नुभयो- "उपासक, अनि के तिमीले कुमालेको माटो भाँडाकुडा बजाएर हेरेभैं. हेरेका हौ त ? तिम्रो इच्छा पूरा भयो, होइन त ? भयो त भयो, तिमीलाई क्षमा भयो।"

ब्राम्हणले भन्यो-"होइन भन्ते, मेरो घरमा भोजन गर्नुस् , अनिमात्र क्षमा दिनुभएको सम्भनेछु।"

हुन्छ त भनी वहाँ त्यो ब्राम्हणको घरमा भोजन आनुभयो। यता सारिपुत्र महास्थविरका उपासकहरुलाई ब्राम्हणले वहाँलाई कुटेको कुरा सुनेर रिसाइ ब्राम्हणलाई कुट्न लठिसँगै घरमा घेरा हालेर कराउन थाले-"ए चण्डाल ब्राम्हण ! बाहिर निस्क।"

ब्राम्हण धेरै डरायो। सारिपुत्र महास्थविरले ब्राम्हणलाई नै पात्र बोकाएर बाहिर निस्कनु भयो। उपासकहरु अचम्मले हेरेको हेरेकै भयो। आफूलाई कुटने ब्राम्हणको घरमा भोजन आनुभएको हो र ? भनी सोध्नथाले। सारिपुत्र महास्थविरले भन्नुभयो-"ब्राम्हण उपासकले चित्त दुःखाएर पश्चातापले मसंग क्षमा मागेर भोजन पनि दान दियो। कुटेको मलाई अनि टाउको दुःखेको तिमीहरुलाई ? जाऊ, तिमीहरु आफ्नो ठाउँमा फर्केर जाऊ।"

यो अपूर्व घटना हो। साँच्चैको मन बलियो भएको र



Downloaded from http://dhamma.digital

भिक्षुको मैत्री दृढ रहेको पहिचान हो । यो घटनामा बुझ्नुपर्ने राम्रो कुरा ब्राह्मणको मन परिवर्तन भएको हो । तर आजभोली जति सहेर बस्दा पनि विरोधीहरुको मन परिवर्तन भएको देखिंदैन । शायद हामीमा शुद्ध मैत्री गुणको अभाव भएकोले हो कि । हामीमा स्वार्थ पनि बाकी छ । दूध दुहँदा गाईले लात्तीले हिर्काउंदा पनि गोठालाले सहन गरेझैं मात्र हामीले पनि सहन जानेका हौं, शुद्ध मनले होइन । यस उसले कथामा झैं फलको प्राप्ति हुनसक्तैन ।

गौतम बुद्धको समयमा सारिपुत्र, महाकाश्यप र आनन्द जस्ता महान्‌गुण हुने भिक्षुहरु भए झैं श्रमण र भिक्षु गुण अलिकति पनि नहुनेहरु पनि त्यहि बेला निस्केका थिए । भिक्षु हुनु अघि पहेँलो चीवर लगाउनु सम्पूर्ण संसार दुःखबाट मुक्त भएको निर्वाण साक्षात्कार गर्नको लागि हो भनी प्रार्थना गर्दा पनि केही दिनपछि त्यो उद्देश्य बिर्सिदिने भिक्षु नै धेरै देखापर्छन् ।

देवदत्त भिक्षु पदलोलुप र महत्वाकांक्षी थियो । छवग्गिय भिक्षुहरु जो कि धेरै बदमाश भएर निस्किए । बुद्धले पनि उनीहरुलाई नियन्त्रणमा ल्याउन सक्नुभएन । सारिपुत्र महास्थविर हरुलाई समेत पनि हायल-कायल बनाइदिए । उनीहरुको इलाकामा जानुहुँदा सुत्ने र खानेको सम्म व्यवस्था हुँदैनथ्यो । त्यसबेला त्यस्ता हुल्याहा भिक्षुहरुलाई धेरै मनपराउनेहरु पनि थिए, किनभने तिनीहरुले मानिसहरुको उपकार गर्दछन् । घर-घरमा सँधै गइराख्छन् । मानिसहरुको खेतको काम हुँदा खेतीमा पनि सहयोग दिन्छन् । धान पनि रोपिदिन्छन् । धान काटिदिन्छन पनी । केही खबर कहीं पुऱ्याउनु पर्दा खबर पनि



Downloaded from http://dhamma.digital

पुऱ्याइ दिन्छन्। दुलहीहरु पनि खोजिदिन्छन्। त्यसैले, मानिसहरु तिनीहरुलाई मन पराउँथे। सारिपुत्र जस्ता शीलवानहरुलाई गिन्ती पनि राख्दैनथे। मानिसहरुले अझ शीलवान् भिक्षुहरुलाई भन्ने गर्थे-"काम केही नगरी त्यसै बसेर मिठो-मिठो खाएर बस्ने लुच्चा भिक्षुहरु।"

आजभोलि हामीकहाँ पनि घर-घरमा गइराख्ने भिक्षुहरुलाई मान्दछन्। एउटा-दुइटा उपकार पनि गरिदिन्छन्। उपासकहरुले भिक्षुहरुबाट केही सहयोगको पनि आशा राख्छन्। सहयोग गर्नु नराम्रो होइन तर छवर्गिय भिक्षुहरुले झैं गर्न सक्ने संभावना छ। यतातिर सतर्क हुनुपर्छ। तथागत बुद्धको समयदेखि अल्पेक्ष भावको महत्व नजान्ने, आनन्दले झंझट विना मोजले बस्नलाई मात्र भिक्षु हुनेहरु पनि थिए। एकजना धनी व्यक्ति घर छोडेर भिक्षु बनी एउटा खुलेको जग्गा किनेर एउटा चट्ट परेको विहार बनाई, भान्छा र कुकुटी समेट बनाई आवश्यक सबै चीजबस्तुहरु भरेर आनन्दले बसिरह्यो। धेरै ओछ्यान ओढ्नेहरु बनाएर घाममा सुकाई, चीवर वस्त्र पनि धेरै बनाएर बसिराख्यो। ती सबै बस्तु देख्ने गरी नै राखिराख्यो।

बाहिरबाट आगन्तुक भिक्षुहरु घुम्न आए। धेरै चीजवस्तु र चीवरबस्त्र आदि देखेर सोधे -"यहाँ कतिजना भिक्षुहरु छन्?"

त्यो भिक्षुले जवाफ दियो - "म एक्लै छु र भात पकाउने एकजना छ।"

आगन्तुक भिक्षुहरुले भने-"भिक्षुहरुले यति धेरै चीजबस्तु र सम्पति राखेर बस्नु योग्य छैन, राम्रो हुँदैन।



Downloaded from http://dhamma.digital

भिक्षुले कम इच्छा राख्ने हुनुपर्छ भनी थाहाछैन र ?"

त्यस भिक्षुले भन्यो-"मैले आफ्नो कमाईको धनले विहार र यी सम्पति बनाइराखेको छु । कसैलाई दुःख दिएर बनाएको होइन, कसैको खोसेर लिएको पनि होइन । यसमा तिमीहरुले किन टाउको दुःखाउनु पऱ्यो ।"

आगन्तुक भिक्षुहरुले उसलाई बुद्धकहाँ लिएर गयो । भएको सबै कुरा बृत्तान्त सुनिसकेपछि गौतम बुद्धले भन्नुभयो- "गृहस्थीहरुलाई धेरै कुरा नभईहुँदैन, भिक्षुहरुको लागि धेरै हुनुहुन्दैन । पंक्षीझैं पीर केही नलिई उडी ठाउँ-ठाउँमा जानुपर्ने भिक्षु जीवन हो । अतः यस्तो संचय गर्नुहुँदैन ।"

गौतम बुद्धका यी कुरा सुनेर त्यो भिक्षु झन् रिसाएर त्यही चीवर पनि फुकाली "नांगै बस्नुहुन्छ त" भनी नाङ्गै बसिदियो । गौतम बुद्धको समयमा पनि यस्ता भिक्षुहरु थिए ।

हुन त, लोभी र त्यागी स्वभाव नहुने भिक्षुहरु त्यतिबेला भएझैं त्यागीहरुलाई पनि उपासक-उपासिकाहरुले धेरै दान दिएर त्यागी स्वभाव नै लुप्त बनाउने भएको कुराको बुद्धकालीन घटना र विनयपिटकबाट यस्ता कुरा स्पष्ट हुन्छ ।

गौतम बुद्धलाई अनाथपिण्डिक र विशाखा महाउपासिकाले ५४ करोड र २७ करोड धन खर्च गरेर जेतवनाराम र पूर्वाराम बनाइदिएको बयान सुन्दा त्यस्ता विहारहरु हाल थाइलैण्ड र जापानमा मात्र होला जस्तो छ । भोजन-शाला, न्यानो कोठा, जाडोमा तातोपानीबाट नुहाउने कोठा, बैठक कोठा इत्यादि । विशाखाले बनाइदिएको पूर्वाराममा एकजना महिलाले पाँच हजार जाने एउटा गलैचा किनी बिछ्याउँन जाँदा कहीं ठाउँ छैन, बिछ्याउन लायक पनि



Downloaded from http://dhamma.digital

नभएको देखेर त्यो महिला चित्त दु:खाएर रोएर बसिन्, कस्तो श्रद्धाले एउटा गलैंचा दाम दिन लाग्दा बिछ्याउने ठाउँ पनि छैन, लायक पनि भएन ।

भिक्षु आनन्दले ती महिला रोइराखेकी देखेर सोध्नुभयो- "उपासिका, किन के भयो ?" ती महिलाको कुरा सुनेर आनन्द स्थविरले "धन्दा नमान, आऊ, म एउटा ठाउँ देखाइदिन्छु" भनी ढोका नजिकै गौतम बुद्धले सँधै खुट्टा पुछ्ने ठाउँमा राखिदियो अनि ती महिलाको मन आनन्दित भयो । हामी भए खुट्टा पुछ्ने ठाउँमा राख्यो भनेर चित्त दुखाएर बस्थ्यौं होला ।

गौतम बुद्धको समयदेखि दरबारजस्तो विहार बनाई दान दिने चलन नै भयो । तर त्यस बेला गौतम बुद्ध प्रमुख सारिपुत्रआदि महास्थविरहरुमा उपादान (राम्रोसँग आसक्त हुने, मेरो भन्ने भावना र विलासितामा डुबेर रसपान गर्ने बानी) छैन, सबै सांघिक (सामूहिक) थियो। संघको थियो, तर पनि भौतिक पदार्थ धेरै हुँदा पृथग्जन नहुँदा पनि मन खुकुलो हुन्छ ।

दाताहरुमा कहीं भिक्षुहरुलाई आवश्यक चीज के चाहिन्छ, त्यो पूरा गर्ने वास्ता छैन । कहीं पूरा गर्ने प्रयास भएको देखिन्छ । हुन त, भिक्षुहरु भन्नाले ज्ञानगुण भएका, केही राम्रो कुरा सुनाएर मानिसहरुको मानसिक उन्नति गरिदिनसक्ने, स्वयं नै अरुको मन शान्त तुल्याइदिनुपर्ने हो । त्यसो नभई धुपार्ने र चाकरीबाज भएर रहनेहरुलाई मात्र खुशी बनाई आफ्नोमात्र स्वार्थ हुनु हुँदैन । चालचलन राम्रो हुनुपर्छ । आ-आफ्नो आचरण-व्यवहार राम्रो भएमा मानसम्मान गर्नेहरु पनि धेरै भएर आउँछ । मलाई मानेन मात्र भनेर बस्यो भने कसले मान्न आउँछ ? आफूमा योग्यता पनि हुनुपर्छ ।



Downloaded from http://dhamma.digital

# गौतम बुद्धको सांस्कृतिक क्रान्ति

ईशापूर्व ६२३ मा बुद्धको जन्म भएको थियो । त्यसताका भारत, पाकिस्तान, बंगलादेश र नेपाल भन्ने देश थिएनन् । त्यसताका भू-खण्डलाई जम्बुद्वीप भनी व्यवहार गरिन्थ्यो । जम्बुद्वीप क्षेत्र १५ लाख ७५ हजार माइलमा फैलिएको थियो रे । त्यसताका समाज चार वर्णाश्रममा विभाजित थियो । ब्राह्मण,क्षेत्री, वैश्य र शूद्र । बैदिक संस्कृतिको इतिहास अनुसार समाजको व्यवस्था मिलाउन कार्य विभाजन गरिएको देखिन्छ । त्यतिबेला वेद र धर्मको अध्ययन-अध्यापन, यज्ञ–होम, दान लिने तथा कर्मकाण्डको अधिकार ब्राह्मण वर्गलाई दिइयो । उच्चजाति, धर्मको नेतृत्व मात्र होइन, राज्यको अनुशासन, सल्लाह र राजगुरु पदको अधिकारसमेत ब्राह्मणहरुलाई नै दिइयो । राज्य सञ्चालन र दण्डविधान बनाउने अधिकार क्षेत्रीहरुको हातमा गयो । यसरी नै व्यापार, कृषिकर्म, पशुपालन र आर्थिक कारोबार आदि गर्ने जिम्मा वैश्यहरुको हातमा गयो । त्यसताकाको व्यापरी धनीवर्ग वैश्य नै थियो । यज्ञ-यज्ञादि कार्यको जजमान पनि यिनीहरु नै थिए । समाजमा वैश्यहरुको उच्चस्थान थियो । ब्राह्मण, क्षेत्री र वैश्यको दास समानको जात थियो - शूद्र । यिनीहरुको सेवकको रुपमा जीवन धान्नु पर्दथ्यो जुन आजसम्म पनि हाम्रो समाजमा यथावत छ ।

ब्राह्मणहरुलाई बालकैदेखि त्रिवेद, ऋग्वेद, सामवेद र यजुर्वेद (पछि थपिएको अथर्ववेद ) को अध्ययन तथा पुरोहित परम्पराको कर्मकाण्डको अध्ययन गर्नुपर्ने अनिवार्य



Downloaded from http://dhamma.digital

शिक्षा लागू गरिएको थियो । अध्ययनमै संलग्न भएकोले अहिलेसम्म बाहुनहरु अध्ययनशील र सुझबुझ भएका हुन् । क्षेत्रीहरुको शास्त्रास्त्र प्रयोग गर्ने तालिम लिन अनिवार्य थियो । त्यसको लागि तक्षशीला, विक्रमशीला आदि विश्वविद्यालयको व्यवस्था थियो । कसै कसैले व्यक्तिगत रुपमा पनि अध्ययन गर्दथे ।

वैश्यहरुले पैसा सापटी दिने आदि आर्थिक कार्यहरु गर्दथे र यज्ञ आदिमा जजमान पनि भई दान आदि दिने काम पनि गर्दथे (शोषण पनि गर्दथे) । यिनीहरुको पनि समाजमा ठूलो स्थान थियो । र, आज पनि छ । राजालाई वैश्यहरुको सहयोग अपरिहार्य थियो । उनीहरुको सहयोग बिना राज्य सञ्चालन गर्नु सजिलो काम थिएन । आज पनि व्यापारीहरुको सहयोग बिना सरकार चलाउनु गाह्रै पर्छ र त्यसैले बजेट बनाउँदा व्यापारीहरुको फाइदातिर ध्यान केन्द्रित हुने गर्छ । यो विधि संसदीय प्रजातन्त्र भएको देशमा मात्र लागु हुन्छ ।

ब्राह्मणहरुले शूद्रहरुलाई शोषण गर्ने क्रममा धार्मिक गतिविधिमा भागलिन, विद्या अध्ययन गर्नबाट पनि बञ्चित गराएका थिए । उनीहरुलाई चर्पी आदि सफाई गर्ने तल्लो तहको काममा लगाई दासको स्थानमा राखे । शुरु शुरुमा महिलाहरुलाई धार्मिक कार्यमा भाग लिन दिइन्थ्यो, तर पछि गएर ब्राह्मणवादको प्रभुत्व जमिसकेपछि वेदको अध्ययन र यज्ञहोम आदि कार्यमा महिलाहरुलाई भाग लिनबाट बञ्चित गराइयो । माता-पिताको दिवंगतपछि उनीहरुको नाउँमा श्राद्ध गर्ने अधिकार पुरुषहरुमा मात्र सीमित पारिदियो । फलस्वरुप पैतृक सम्पत्तिको अधिकारबाट पनि महिलाहरुलाई बञ्चित



Downloaded from http://dhamma.digital

पारियो ।

विस्तारै महिला वर्गलाई सम्पूर्ण रुपले पराधीन बनाउँदै लगियो । जस्तो बाल्यवस्थामा आमा-बुबाको अधीनमा बस्नुपर्छ । विवाहपछि लोग्नेको अधीनमा रही दासीसरह लोग्नेले भनेजस्तो गरी सेवारत हुनुपर्छ । आफूभन्दा लोग्ने पहिले मऱ्यो भने आजीवन विधवा भई बस्नुपर्छ । भारतमा लोग्नेसँगै सती जाने प्रचलन भएको र बेश्याबृति बढेको पनि त्यही कारणले हो ।

हिन्दू संस्कृतिअनुसार, जीवनलाई चार आश्रममा विभक्त गरिएको छ ।

१) ब्रहमचर्याश्रम - विद्यार्थी जीवन २) गृहस्थाश्रम- विवाहित जीवन ३) बानप्रस्थाश्रम- बृद्ध जीवन र सक्यासाशश्रम- साधु सन्यासीयुक्त धार्मिक जीवन ।

यज्ञ होम आदि धार्मिक कार्यदेखि मानिसहरु विरक्त हुन थाले । जजमान घटेपछि ब्राह्मण पुरोहितहरुलाई जीविका चलाउन गाऱ्हो पऱ्यो । कृषिमा लाग्नु पऱ्यो भनी पुरोहित ब्राह्मणहरु किसान बन्न पुगे । कृषिको लागि पशुपालन गर्न शुरु गरे । पालि सुत्तनिपातमा कसिभारद्वाज ब्राह्मणका कथामा"ब्राह्मणहरु पनि खेतको काम गर्दथे " भन्नेकुरा उल्लेख छ । खादमलको लागि पशुपालन गर्दा गाई - भैंसीबाट धेरै दूध उत्पादन गरी ध्यू बनाउन थाले । अनि उनीहरु ग्राहककहाँ गएर आफ्ना उत्पादन बेच्न थाले । पछि ब्राह्मण नै वैश्य बने । पालि साहित्य अनुसार, यज्ञमा गाई बली दिन्थे । धर्मको नाउँमा हिंसा गर्दथे । हुनतः आजसम्म पनि हामीकहाँ दशैमा



Downloaded from http://dhamma.digital

धर्मको नाउँमा प्राणी हिंसा गरेर बली चढाइन्छन् ।

ब्राह्मणहरु पछि गएर राज्य सत्तामा पुगे । भारतमा र हाम्रो देश नेपालको राज्य सत्तामा ब्राह्मणहरुको प्रमुख हात रहीआएको छ। अब ब्राह्मण-क्षेत्री बन्न पुगे ।

हाम्रै लुम्बिनीमा जन्मनुभएका सिद्धार्थ गौतमले बैदिक समाजको विकृति देखेर वाक्क भै समाजलाई सुधार गर्न नै राज्यसत्ता त्याग गर्नुभयो । यसपछि मानव जीवन सुधार गर्ने र शान्तिमा आधारित आर्यअष्टांगिक मार्गको ज्ञान लाभ गर्नुभई तत्कालिन जनमानसमा सांस्कृतिक क्रान्तिको शुरुवात गर्नुभयो । मिथ्या दृष्टिबाट दुःख नाश हुँदैन, अशान्ति भइनै रहन्छ । सम्यक दृष्टि हुनुपर्‍यो अर्थात् ठीक समझदारी चाहियो । जन्मले कोही पनि ब्राह्मण हुँदैन, जन्मले कोही पनि नीच हुँदैन । आफ्नो कामले नै मानिस ब्राह्मण, नीच हुन्छ भनी बुद्धले शिक्षा प्रचार गर्नुभयो ।

भगवान बुद्धले भिक्षु संघ र भिक्षुणी संघको स्थापना गर्नुभई आफ्नो संघमा च्यामे, हजाम, कसाई आदि जातिलाई भिक्षु भिक्षुणी बनाउन अनुमति दिनुभयो । पालि साहित्य थेरगाथा र थेरीगाथामा दलित जाति सोपाक, सुनीत र उपाली भिक्षु बनेर जीवन मुक्त भएको यसको ज्वलन्त उदाहरण हो । वास्तवमा चित्त शुद्ध भए मात्र मुक्ति पाइन्छ । यज्ञ, होम र कर्मकाण्डले मुक्ति पाउन सकिदैन भनेर भगवान बुद्धले सांस्कृतिक क्रान्तिमा आवाज बुलन्द गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital

# दिवंगतहरूको नाउँमा गरीने पुण्य कर्म

बुद्ध धर्मावलम्वीहरुमा दिवंगत भएका आफन्तहरुलाई पुण्य छोडिदिने अर्थात देहान्त भइसकेको आफन्तहरुको पुण्य स्मृतिमा धर्म-कर्म सञ्चय गरी पुण्यानुमोदना गर्ने चलन छ, जसबारेमा समाजमा शंका उपशंकाको कुरा उठिरहेको सुनिन्छ। पहिला बौद्ध साहित्यमा उल्लेख भए अनुसार, भगवान बुद्ध राजगृहमा जाँदाखेरी विम्विसार महाराजले भोजन दान दान दिनुभएको थियो । उक्त अवसरमा उहाँले दिवंगतहरुको पुण्य स्मृतिमा पुण्यानुमोदना अर्थात पुण्य गर्नु भएको थियो ।

धेरै जसो धर्महरुमा भक्तिभाव र अन्धविश्वासलाई स्थान दिएको पाइन्छ। तर बुद्ध धर्ममा भने त्यस्तो पाइदैन । बरु कालान्तरमा बैकल्पिक रुपमा केही कर्मकाण्ड र संस्कार हरु समावेश भएको कुरा बौद्ध ग्रन्थहरुमा उल्लेख छ। तैपनि बुद्ध धर्ममा मृत्यु भइसकेकाहरुको नाममा दान दिने प्रचलनको शुरुवात कसरी भयो ? यो जिज्ञासा युक्त अध्ययनको विषय बनेको छ। बुद्धको विचारधारा अनुसार, कुनै पनि विषय बस्तु उपरको शंका निवाराणार्थ छलफल गर्ने स्वतन्त्रता सबैलाई छ । अंगुत्तर निकाय अन्तर्गत काल सुत्रका अनुसार, कसैले भनेको कुरा, परम्परागत रीतिरिवाज, ग्रन्थमा उल्लेख भएका कुराहरुलाई स्वतन्त्र चिन्तन र मननले विचार नगरिकन, राम्रो नराम्रो जीवन उपयोगी वा दुरुपयोगी भन्ने कुरा नछुट्याइकन विश्वास गर्नु हुँदैन । बुद्ध धर्मले प्रज्ञा र विवेक बुद्धिलाई विषेश महत्व दिएको छ । त्यसैले भनिन्छ पनि "पञ्ञावन्तस्सायं धम्मो" अर्थात् बुद्ध धर्म प्रज्ञावान र विवेक



Downloaded from http://dhamma.digital

बुद्धियुक्त वर्गका लागि हो । प्रज्ञा भन्नु बुद्धिले बुभ्नु हो । "पञ्ञाय परिसुज्भति" अर्थात् प्रज्ञाद्धारा मात्र शुद्धि पाइन्छ भन्ने बुद्धको भनाइ बुद्धको विचार अनुसार स्वः विवेकले देखी सम्झी गरेको धर्म कर्म ठूलो र महत्वपुर्ण हुन्छ ।

संसारमा धेरै प्रकारका धर्महरु छन् र ती मध्ये केही बाहिरबाट हेर्दा राम्रा लाग्लान् तर व्यवहारमा हेर्दा सारहीन, निरस तथा निरर्थक छन् । बुद्ध धर्मलाई स्वः व्यवहारमा उतार्न त्यति सजिलो र सरल छैन । किनकी इश्वरलाई नमान्नु, आत्मालाई नित्य नमान्नु, कुनै पनि ग्रन्थ (धार्मिक नै किन नहोस) लाई प्रामाणिक नमान्नु, हिंसा नगर्ने, व्यभिचार (बलात्कार नगर्ने) आदी कुराहरु साम्प्रदायिकयुक्त धार्मिक जगतलाई नपच्ने खालका कुराहरु हुन, तर पनि यी कुराहरुलाई सारहीन भन्न चाहि मिल्दैन । त्यसैले दिवंगतहरुका पुण्य स्मृतिमा पुण्य दान गर्ने प्रथाको बारेमा प्रश्न उठाउनु राम्रो कुरा हो, यो प्रासंगिक पुर्ण र गम्भिर प्रश्न पनि हो ।

जानुस्सोनि नामक ब्राम्हण गौतम बुद्ध कहाँ गएर सोधे -"ए गौतम ! दिवंगत भइसकेका आफन्तहरुका नाममा पुण्य दान गर्दा त्यो कसरी उसलाई प्राप्त हुन्छ ?" बुद्धले भन्नु भएको थियो । "परलोक भइसकेकाहरुले पुण्य पाउने आशा गरेको खण्डमा मात्र पुण्य प्राप्त हुन्छ । बुद्धले उदाहरण सहित व्याख्या गर्दै भन्नुभयो" यदि मानिस मरिसकेपछि पुनः मनुष्य नै भएर जन्मिन्छ भने उसलाई पुण्य प्राप्त हुने छैन । किन भने उसले पुण्य पाउने आशा गरेको हुँदैन । मनुष्य नै भएर जन्म लिंदा खेरी पुर्व जन्मका नाता कुटुम्बहरुका बारेमा अनभिज्ञ रहने हुँदा उसले पुण्यको आशा गर्दैन ।



Downloaded from http://dhamma.digital

"कोही पशु योनीमा जन्म भए पनि हामीले छोडिदिएको पुण्य प्राप्त हुँदैन किनभने उसमा पूर्वजन्म र वर्तमान जन्मको बारेमा केही ज्ञान हुँदैन नरकमा जन्मेकाहरुलाई पनि पुण्य प्राप्त हुने छैन किन भने उसले पनि पुण्यको आशा नै गरेको हुँदैन ।" तर नाना प्रकारका प्रेतहरुमध्ये "परदत्त पजीवी" अर्थात अरुले दिएको खण्डमा मात्र खान पाइने (पर जीवी) प्रेत पनि एक जाति हो । यीनीहरु संधै आफन्तहरुले आफ्नो नाउँमा पुण्य सञ्चय गरी पुण्य छोडीदेलान् कि भनी आशा गरेर बस्छन् रे । त्यसैले यस्ता मात्र पुण्य प्राप्त हुन्छ भन्ने कुरा पालि बौद्ध साहित्यमा उल्लेख छ । देवता भएर जन्म लिनेहरुलाई पनि प्राप्त हुनेछैन किन भने उनीहरु मोज मज्जामै व्यस्त रहेका हुन्छन् । तर आशा गरेको खण्डमा भने पुण्य प्राप्त हुन सक्छ ।

उपर्युक्त कुराहरुबाट यो कुरा स्पष्ट हुन्छ कि पुण्यदान गर्ने भनेको खालि प्रेत हुनेहरुको लागि मात्र हो । अब यहाँ प्रश्न उठ्छ- के मरेका आफ्ना आफन्तहरु सबै प्रेत हुने भएकाले उनीहरुका लागि पीण्डदान आदि दिने चलन चलेको हो त ? यस्तो होइन्, किनभने हाम्रो समाजबाट मानिस मरेर कहाँ जान्छ, कुन योनीमा जन्मिन्छ भन्ने कसैलाई थाहा छैन ।

अर्को पनि प्रश्न उठ्न सक्छ- केही प्रेत योनीमा जन्मिएन भने हामीले छोडिदिएको पुण्य सदुपयोग हुँदैन त ? त्यस्तो अवस्थामा त्यो पुण्यको अर्थ के रहन्छ त ? यसको उत्तर पनि शून्यमा विलाउने आफू मर्दाखेरी मन ढुक्क भएर मर्न पाइन्छ । अर्को उदाहरण स्वरुप भनौ कि हामी समय-समयमा बाहुनहरुलाई मीठा-मीठा खाना ख्वाउँछौं । यदि



Downloaded from http://dhamma.digital

पाहुनाहरु आएनन् भने हामीले पकाएको खाना व्यर्थ हुँदैन । हाम्रो लागि काम लाग्दछ र रेडियो स्टेशनले प्रचार गरेको कार्यक्रम र विज्ञापनहरु रेडियो सुन्नेलाई मात्र थाहा हुन्छ, नसुन्नेहरुलाई थाहा हुँदैन । बारम्बार प्रचार हुँदाखेरी बिहान नसुनेका कुरा बेलुकी सुन्दा थाहा पाइन्छ। त्यसैगरी बारम्बार पुण्य गर्नुको अर्थ पनि यही हो ।

दिवंगतहरुको पुण्य स्मृतिमा पुण्य (दान आदि) गरेर पुण्य कमाउने चलन कहिलेदेखि र कसरी बौद्ध समाजमा बौद्ध संस्कार पद्धतिको रुपमा प्रचलनमा आयो भन्नेबारे एउटा बुद्धकालीन घटना प्रस्तुत गर्नु प्रासांगिक होला ।

एकदिन अनाथपिण्डिक महाजनको नातिनीको एउटा राम्रो खेलौना भ्यालबाट खसेर टुक्रा-टुक्रा भइकन टुट्यो, फुट्यो । अनि त्यो बच्ची सुँक्क-सुँक्क गरी रुँदै "मेरो प्यारो खेलौना मरिन्" भनी चिच्याउन थालिन् । उनी रोएको रोएकै गरिन् । नातिनीलाई चित्त बुझाउन अनाथपिण्डिक महाजनले भन्नुभयो- "हेर नानु ! तिम्रो मरेकी खेलौनाको नाउँमा म भगवान् बुद्धको प्रमुख भिक्षु संघलाई दान दिने छु। अब नरुनु ल ! नानी ज्ञानी छौ हगी ?" यसो भनेपछि बच्ची रुन छाडिन्। अनि बच्चीले ताकेतागर्न थालिन्- "बाजे, भोलि नै दान दिनुपर्छ है ? अब बुद्धलाई हाम्रो घरमा छिट्टै बोलाउनुस् ल !"

यसपछि अनाथपिण्डिकलाइ धर्मसंकट भयो। दिवंगत मानिसको नाउँमा त दान दिने चलन थिएन भने यो खेलौनाको नाउँमा कसरी दान दिने ? तैपनि अनाथपिण्डिक बुद्धकहाँ गएर घटना सम्बन्धी सम्पूर्ण वृत्तान्त सुनाए । यो घटनाले बुद्धलाई



Downloaded from http://dhamma.digital

समेत धर्मसंकटमा पाऱ्यो । उहाँले विचार गर्नुभयो कि खेलौना त निर्जीव- नक्कली चीज हो । उसको नाउँमा दान दिएर पुण्य छोडिदिनु आखिर नराम्रो कुरा पनि होइन । अनि बुद्धले निमन्त्रणा स्वीकार गर्नु भई भोजनार्थ जानुभयो ।

यो खबर आँधीबेरीको रुपमा सर्वत्र फैलियो । बुद्धका अनुयायीहरु पनि "हाम्रो धेरै आफन्तहरु मरिसकेका छन् र उनीहरुको नाउँमा पनि दान दिन चाहन्छौं । महाजनको नातिनीको खेलौनाको नाउँमा हामी पनि दान दिन चाहन्छौं" भन्दै बुद्धलाई सबैले निमन्त्रणा गर्न थाले । अनि भगवान् बुद्ध पनि उनीहरुका घर-घरमा जानुभयो । त्यसै कालदेखि दिवंगतहरुको पुण्य स्मृतिमा भोजन दान दिने चलन चल्ती शुरु भएको हो भनी पालि साहित्यमा उल्लेख गरिएको पाइन्छ ।

अब यसको केही सकारात्मक पक्षतिर विचार गरौं । दिवंगतहरुको पुण्यस्मृतिमा धर्मग्रन्थहरु प्रकाशन गरी वितरण र प्रचार गर्नु, विद्यालय, पाठशाला बनाउन जग्गा दान गर्नु, अस्पताल बनाउन जग्गा र आर्थिक सहयोग दिनु, विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्नु, पुरस्कार प्रदान गर्नु, तक्मा प्रदान गर्नु आदि जस्ता कुराहरु दिवंगतहरुको नाउँमा गरिने पुण्यकार्यहरु हुन् । यसले गर्दा आफूलाई पनि अरुलाई पनि फाइदा नै हुन्छ । जे होस् दिवंगतहरुको पुण्य स्मृतिमा सामाजिक, धार्मिक, शैक्षिक एवं परोपकार हुने क्षेत्रहरुमा योगदान गर्नु आदर्श तथा अनुकरणीय कार्य हो बन्ने कुरामा कसैको दुई मत हुनै सक्दैन ।



Downloaded from http://dhamma.digital

# निन्दाबाट बच्ने कोही छैन

संसारका धेरै जसो मानिसहरुको स्वभाव हो अर्काको दोष मात्र देखिरहनु, अर्काको निन्दा मात्र गरिरहनु । बुद्धको विचारमा अर्काको दोष देख्नु भन्दा पहिले त्यस्तो दोष आफूबाट पनि आएको छ कि छैन हेर्नु पर्छ आफू निर्दोष छ की छैन भनेर हेर्नु र विचार गर्नु नै शान्तिको बाटो हुनेछ । तर यतातिर मानिसहरु त्यति जाँदैनन् । उल्टो अरुले के गरेको छ छैन भन्ने तिर मात्र चासो राख्ने गर्छन् । यो एउटा विश्वको ठूलो भयंकर सरुवा रोग भएको छ । राजनीति क्षेत्रमा पनि प्रजातन्त्रको नाउँमा आफूले जे पनि गर्न हुने, घुस खोर, कमिशनखोर आदि गर्ने तर अरुले जनहितका काम गरे पनि प्रजातन्त्र हुने यो कस्तो संस्कार हो ? आफूले समाजसेवा र जनहित काम गर्न सकिएन भन्दैमा समाज सेवा र जनहित काम गरिरहेकाहरु प्रति किन नचाहिने अनर्गल लांछना र दोष थोपार्ने ?

कसै कसैको जन्मे देखि लिएर आएको दाइजो जस्तै अर्काको दोष र कमजोरी हेर्ने बानी बसेको पाइन्छ । कसरी यस्तो बानी र संस्कार बस्यो । यसको बारेमा अनुसन्धान (Research/ रिसर्च) गर्नेहरु देखा परेको छैनन् । पेट र टाउको चिरफार गर्ने डाक्टरहरु यहाँ छन् तर यस्तो अर्काको दोष मात्र खोज्ने मनोवृत्ति कसरी उत्पन्न भयो र यस सम्बन्धि पी.एच.डी. गरेर डाक्टर बनेका कोही देखिदैनन् । धर्म



Downloaded from http://dhamma.digital

प्रचारार्थ कथा भनिराख्नेहरुमा पनि अर्काको दोष खोज्ने बानी विद्यमान छ । मेरो भनाइको मतलब यो होइन कि सुधारको लागि कमजोरी देखाई दिनुहुन्न भन्ने होइन । दोष त देखाइ दिनुपर्छ तर रचनात्मक दृष्टिकोणले हुनुपर्छ । अन्यथा काम गर्नेहरुमा जोशमा होश गुम्ने सम्भावना हुन्छ । बुद्धको विचारमा विरोध गर्नेहरु भएकोले नै बुद्ध हुन सकेको हो । विरोध भएकोले सजग र सतर्क भएर काम गर्नलाई बल मिलेको हो, मन बलियो भएको हो तर विरोध रचनात्मक भए सुन माथि सुगन्ध हुनेछ ।

अर्काको दोष मात्र देख्ने बानि भएका व्यक्ति बुद्धको पालामा पनि थिए । उदाहणार्थ अतुल नामक बुद्ध भक्ति उपासकको घटना यहाँ प्रस्तुत गर्नु उपयुक्त होला ।

भगवान बुद्ध धेरै जसो श्रावस्तीमा बस्नु हुन्थ्यो । त्यस बखत त्यहाँ अतुल नामक उपासक थियो । तर उ उपासकहरुको नाइके वा नेता बन्न इच्छुक व्यक्ति रहेछ। गुण धर्म नाइके होइन । एक दिन त्यो अतुल उपासक दर्जनौ उपासक साथीहरु साथ लिएर कथा सुन्न भिक्षु रेवत कहाँ पुगे । त्यस बखत भिक्षु रेवतले कुरा नगर्ने प्रतीज्ञा गरिबसेको रहेछ । अतुल उपासक नाइके भिक्षु रेवत कहाँ गएर प्रांर्थना गरेर भने – "यी नयाँ अज्ञानी केही नजानेकाहरुलाई ज्ञानको कुरा र शिक्षा दिनुहोस् ।"

भिक्षु रेवतले कुरा नगर्ने भन्ने संकेत गर्नु भयो । लाटोको भाषा बोल्नु भयो भनेर अतुल उपासक रिसायो । भिक्षु भएर पनि कथा नभन्ने कस्तो भिक्षु । हामी



Downloaded from http://dhamma.digital

घरको काम छाडेर धर्मको कुरा सुन्न यहाँ आएको त कुरा गर्नु भएन । केही न केही भन्नु पर्ने भनेर दोष दिदै महास्थविर सारि पुत्र कहाँ पुगे त्यहाँ गएर बन्दना गरेर प्रार्थना गर्दै भने, यी अज्ञानीहरु लिएर भिक्षु रेवत कहाँ गएको त उनी त लाटो रहेछन् । केही बोल्नु भएन । कस्तो स्वभावको ? कथा भन्न नजान्ने भिक्षुको के काम ? त्यसैले तपाईले कृपा गरेर यी अज्ञानीहरुलाई केही ज्ञान र शिक्षात्मक उपदेश दिनुस् ।

महास्थविर सारिपुत्रले उच्चस्तरिय अभिधर्मको उपदेश दिनु भयो । मतलब चित्तको बारेमा व्याख्या गर्नु भयो । चित्त लोभ र द्वेष सहगत दुइथरी छन् । चित्त कसरी अशुद्ध हुन्छ इत्यादि मतको बारे अलि लामो उपदेश दिनु भयो ।

अभिधर्मको कुरा अतुल उपासकले बुझेन । अतुल उपासकमा पक्का ज्ञान नै छैन । नाइके बन्ने महत्वकांक्षा रहेको रहेछ । त्यहाँबाट पनि असन्तुष्ट भई सारिपुत्र महास्थविर ठूलो विद्वान र राम्रो तरिकाले कथा भन्न जान्ने भनेको सुनेको त होइन रहेछ । कथा भन्नु भएको केही पनि बुझिन, कति लामो कथा । कराउँदै भिक्षु आनन्द कहाँ गए । त्यहाँ गएर भने कि – यी अज्ञानीहरुलाई लिएर भिक्षु रेवत कहाँ गयौ । वहाँले केही पनि बोल्नु भएन । सारिपुत्र महास्थविर कहाँ गयौ त उहाँले धेरै लामो कथा भन्नु भयो तर केही बुझेनौं । अब तपाइले यी अज्ञानीहरुलाई काम लाग्ने राम्रो कथा भन्नुस् ।

भिक्षु आनन्दले संक्षिप्त रुपमा कथा भन्नु भयो । पेट नभर्ने गरी खाना खाए जस्तै एकदम छोटकरीमा कथा भन्नु भयो । वहाँलाई पनि दोष दिदै कराउँदै भगवान बुद्धकहाँ गएर



Downloaded from http://dhamma.digital

भएको सबै कुरा सुनाए । भगवान बुद्धले उसलाई भन्नु भयो

**पोराणमेतं अतुल नेतं अज्जतनामिव**
**निन्दन्ति तुन्हिमासीनं निदन्ति बहु भाणितं**
**मित भाणम्पि निदन्ति नत्थिलोके अनिन्दितो ।**

"हे अतुल ! यो अहिलेको मात्र कुरो होइन । कुरा नगर्नेलाई पनि, धेरै कुरा गर्नेलाई पनि ठीक मात्रामा कुरा गर्नेलाई पनि निन्दा गर्छन् । यो पुराणकाल देखि चलिआएको संस्कृति हो निन्दा प्रसंसा गर्ने । निन्दाबाट मुक्त हुने कोही छैन ।"

हामीले मानसिक शान्ति प्राप्त गर्नका लागि बुद्ध शिक्षालाई आफ्नो जीवनमा प्रयोग गर्दै आफ्नो चित्तलाई निस्वार्थ र निर्मल पार्नु परेको छ । धर्मलाई बौद्ध र हिन्दु भनी नामाकरण गर्ने र संसारमा देवता छ, छैन भन्दै तर्क वितर्क गर्दै हिंडनु बुद्धिमानी होइन ।

प्रस्तुति- प्रकाशक

*"सधैंको अनिश्चित व्यवसाय र रोजगारीको अभावले खान नपाएको यथार्थ र आर्थिक दुरावस्थाको कारण आङ ढाक्ने क्षमता नभएको अवस्थामा प्रजातन्त्रको दुहाई निरर्थक हुन्छ । यस्तो अवस्थामा राजनीतिभन्दा अर्थनीतिको महत्व बढी हुन्छ ।"*

प्रस्तुति- प्रकाशक



Dhamma.Digital
Downloaded from http://dhamma.digital

# सन्दर्भ ग्रन्थ सूची


१. सम्यक शिक्षा (भाग १)

२. सम्यक शिक्षा (भाग २)

३. सम्यक शिक्षा (भाग ३)

४. बौद्ध ज्ञान

५. आर्यशील र आर्यमार्ग

६. बोध कथा र बौद्ध चरित्र

७. धर्म-चिन्तन

८. बुद्धकालिन संस्कृति र परिस्थिति

९. मैले बुझेको बुद्ध - धर्म

१०. बुद्धकालिन प्रजातन्त्र र समाजवाद

११. निन्दाबाट बच्ने कोही छैन

१२. बुद्धको संस्कृति र महत्व

१३. निरोगी

१४. शान्ति र मैत्री

१५. २१ औ शताब्दीमा बुद्धको शिक्षा किन ?

१६. भिक्षु जीवन

१७. निन्दाबाट बच्ने कोही छैन


Downloaded from http://dhamma.digital

# बुद्ध वचन



आफ्नो मार्ग तय् गरीसकेको, शोक रहित भएर सबै गाँठो फुकी सकेको त्यस्ता व्यक्तिलाई शोक सन्ताप हुन्दैन ।

***धम्मपद***

अर्थ न बर्थको पद भएका सहस्रवाक्य बोल्नु भन्दा सार्थक पद एउटा नै श्रेष्ठ छ जुन सार्थक पद सुन्नाले शान्ति मिल्दछ ।

***धम्मपद***

लडाईमा हजारजनालाई जित्नुभन्दा आफूलाई जित्न सक्नेलाई नै संग्रामजित् भन्दछन् ।

***धम्मपद***

अशुची र दुर्गन्धले परिपूर्ण यो द्विपादक शरीरले दुर्गन्ध निकालिराख्छ जुन कि एक-एक ठाउँबाट बाहिर निस्किरहन्छ ।

***सुत्तनिपात***

उही विद्वान र ज्ञानी हो, जसले धर्मलाई बुझी अनासक्त भइराख्छ, सम्यकरुपले संसारमा विचरण गर्छ, साथै कसैसँग स्पृहा (प्रेम) गर्दैन ।

***सुत्तनिपात***

Downloaded from http://dhamma.digital

# समवेदना



*अनिच्चावत सखारा, उप्पादवय धम्मिनो*
*उप्पज्जित्वा निरुज्झन्ति, तेस उपसमोसुखो*

बौद्ध जनविहार परियत्ति केन्द्रमा अध्ययनरत अति मेधावी, मेहनती, मिलनसार प्रिय बिद्यार्थी सुश्री बिमला महर्जनको असामयीक निधन भएको २०५९ माघ २४ गतेको दिन दोस्रो बार्षिक पुण्यतिथी परेको अवसरमा उहाँको सुखावति भुवनमा बासको निम्ति कामना गर्दछु। साथै यस दुःखद परिस्थितिमा उहाँको परिवारले धैर्य धारण गर्न सकुन् भनेर म हार्दिक कामना गर्दछु।

बासुदेव देसार

Downloaded from http://dhamma.digital